सर्वाधिक बिक्री हुने
# साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ३८ ● काठमाडौं, शुक्रबार, ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb 5, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



मोडलिङमा आधारित तस्बिर महेश प्रधान

साप्ताहिक भित्र



ढाका दुर्घटना पृष्ठ २९



झरना थापासँग जम्काभेट पृष्ठ १४


भियाग्राभन्दा राम्रो पोर्क पृष्ठ १९

जाडोमा पनि हट पृष्ठ २२

मध्यपृष्ठमा
भ्यालेन्टाइन पोजमा जिया र हसन



# सहज हुँदैछ यौन



विदुर खतिवडा/शिव मुखिया

बाँसको कप्टेराले छुट्याएको एउटा कोठामा मालती (गोपनीयताका कारण नाम परिवर्तन) चौधरी सुत्थिन् भने छेवैको अर्को कोठामा उनका बा-आमा सुत्थे। छोरी ठूली भै भनेर बा-आमाले सुत्ने कोठा छुट्याइदिएका थिए। १५ वर्षीया मालती किशोरवयमा प्रवेश गरेपछि उनमा विभिन्न शारीरिक परिवर्तन स्वाभाविक ढंगले भैरहेको थियो। छुट्टै कोठामा सुत्ने क्रममा मालतीले नियमितजसो एउटा क्रियाकलापको स्रोता बन्नुपर्ने अवस्था आयो। उनका बुबा-आमा ओछ्यानमा पुगेको केही समयमै यौनक्रियाकलापमा व्यस्त हुन्थे। मालतीका निम्ति यो कुरा नौलो भए पनि नियमित भोगाइले उनी त्यसबारेमा जानकार भइन्। त्यसपछि उनी त्यही विषयका कारण तनावमा आउन थालिन्। एक दिन यो सबै वृतान्त उनले आफ्नो नजिकको किशोर साथी रविलाई सुनाइन्। मेरो पनि दाइको विवाह भएको एक वर्ष हुन लाग्यो, मालतीको जस्तै घर भएका रविले मालतीसमक्ष आफ्नो अनुभव सुनाउँदै भने, 'दाइ-भाउजूको सबै क्रियाकलाप मैले पनि सुन्दै र देख्दै आएको छु, कस्तो-कस्तो लाग्छ।'

एकै प्रकारको समस्याबाट ग्रसित उनीहरु त्यसपछि यस विषयमा कुराकानी गर्न थाले। 'यसपछि हामी अझ नजिक पनि भयौं,' मालतीले भनिन्, 'यौनका विषयमा बढ्दै गएको कौतूहलता मेटाउन हामीले पनि यौनसम्बन्ध राख्यौं।' असुरक्षित यौनसम्बन्धका कारण उनीहरुलाई समस्यामा पार्‍यो। मालती गर्भवती भइन्, रविले भने, 'त्यसकारण उनले र मैले विद्यालय अध्ययनलाई टुंग्याउँदै विवाह गर्ने निर्णय गर्‍यौं।'

विस्तृत विवरण पृष्ठ ६ मा



## ● क्यासेट ●

### माफ गर

सांगीतिक समूह एक्सिसको गीतिसंग्रह 'माफ गर' श्रोतामाझ आएको छ। युवा रेकर्ड्सले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत छन्। समूहका गायक सन्दीपको स्वर रहेको गीतहरूमा समूहकै संगीतकर्मीले शब्द तथा संगीत दिएका छन्।




### द मेमोरिज

गायकद्वय यज्ञराज भण्डारी तथा भरत पराजुलीका पप गीतहरूको संग्रह 'द मेमोरिज' श्रोतामाझ आएको छ। सिल्भर मुनको यो संग्रहमा सातवटा गीत तथा एउटा म्युजिक ट्र्याक छ। संग्रहका गीतमा गायकद्वयका अतिरिक्त चेतराज पाण्डेको शब्द तथा संगीत सुन्न सकिन्छ।




### सम्झनामा

पप तथा आधुनिक गीतहरूको संग्रह 'सम्झनामा' बजारमा आएको छ। गायक मोनी ताम्लिङ तथा मोनिका सुनुवारका आठवटा गीत यो संग्रहमा सुन्न सकिन्छ। संग्रहलाई ओपेरा म्युजिकले बजारमा ल्याएको हो।




## ● रंगमञ्च ●

### गुरुकुलमा ताराबाजी लैलै

पुरानो बानेश्वरस्थित गुरुकुलमा नाटक 'ताराबाजी लैलै' मञ्चन भैरहेको छ। आरोहण नाट्य समूहले मञ्चन गरिरहेको यो नाटक आगामी शनिबारसम्म जारी रहनेछ। मोर्टन क्रोगद्वारा निर्देशित यो नाटक लिखित पटकथाबिना नै मञ्चन भैरहेको छ। नाटकमा सौगात मल्ल, सरिता गिरी, अरुणा कार्की, भोला सापकोटा, कमलमणि नेपाल आदि कलाकारले अभिनय गरिरहेका छन्।

## ● ग्यालरी ●

### माई जर्नी थ्रू आर्ट

७३ वर्षीय कलाकार मेजर जेबी राणाका चित्रकलाहरूको एकल प्रदर्शनी आगामी आइतबारदेखि राजधानीमा प्रारम्भ हुँदैछ। यसअघि २०१२ सालमै सामूहिक प्रदर्शनीमार्फत पहिलो पटक चित्रकारका रूपमा परिचित भएका राणाले पहिलो एकल प्रदर्शनीको शीर्षक 'माई जर्नी थ्रू आर्ट' राखेका छन्। आइतबार साँझ ४ बजे यादव खरेल तथा शशिविक्रम शाहले संयुक्त रूपमा उद्घाटन गर्ने यो प्रदर्शनी एक सातासम्म जारी रहनेछ। बबरमहलस्थित आर्ट काउन्सिलमा सञ्चालन हुने यो प्रदर्शनीमा राणाले जीवन अवधिभर तयार पारेका ५५ वटा चित्र समावेश गरिनेछ। राणाका छोरा-बुहारी सुदर्शन राणा तथा सुनिता राणा पनि चित्रकारितामै व्यस्त छन्। सैनिक पेसामा सक्रिय रहेकाले विगतमा एकल प्रदर्शनी गर्ने अवसर नजुटेको राणाले स्पष्ट पारेका छन्।

### भिजन अफ हार्मोनी

गत मंगलबारदेखि राजधानीमा 'भिजन अफ हार्मोनी' शीर्षकको तस्बिर प्रदर्शनी प्रारम्भ भएको छ। नेपाललगायत विश्वका विभिन्न मुलुकको धर्म, संस्कृति तथा कलासम्बन्धी अनुभव आदान-प्रदान गर्ने उद्देश्यले यो प्रदर्शनीको आयोजना गरिएको हो। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रारम्भ भएको यो प्रदर्शनीको आयोजना ब्रिज क्लब नेपालले गरेको हो। प्रदर्शनीमा नेपालसहित २४ देशका ११ देखि ३३ वर्ष उमेर समूहका विद्यार्थीहरूले खिचेका तस्बिर समावेश छन्। प्रदर्शनीमा राखिएका तस्बिरले सहभागी देशको कला, संस्कृति तथा सुन्दरता प्रस्तुत गरेको आयोजक संस्थाका अध्यक्ष करुणा श्रेष्ठ बताउँछिन्। यो प्रदर्शनी आगामी आइतबारसम्म जारी रहनेछ।

### ढुंगामा शिवका कला

पोखराको पीएसएम आर्ट ग्यालरीमा गत सोमबारदेखि बिल्कुलै पृथक शैलीका कलाकृतिको प्रदर्शनी प्रारम्भ भएको छ। पोखराकै कलाकार शिव मल्लले खोलाछेउमा भेला परेका पातला ढुंगामा रंग पोतेर त्यसमाथि कोरेका चित्रहरू प्रदर्शनीमा राखिएका छन्। स्कुले जीवनदेखि नै कलासिर्जनामा लागेका शिवको यो पहिलो कला प्रदर्शनी हो। चित्रकलाबाटै जीविकोपार्जन गर्दै आएका शिवले ढुंगामा कोरिएका चित्रलाई सार्वजनिक गर्नुपर्ने कारण स्पष्ट पार्दै भने– 'अरूभन्दा पृथक् भएकाले त्यसैलाई सार्वजनिक गर्ने प्रयास गरेको हुँ।' ललितकला क्याम्पसबाट फाइन आर्टमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका मल्ल अहिले बीएफ गर्दैछन्। स्वतन्त्रता, सम्बन्धलगायतका आठ भिन्न शीर्षकमा तयार पारिएका मूर्त, अर्धअमूर्त तथा डिजिटल आर्ट गरी २४ वटा चित्र प्रदर्शनीमा राखिएका छन्। प्रदर्शनीको अवलोकनपछि कलाकार दुर्गा बराल (बात्सायन) ले यस्तो प्रदर्शनी पहिलो पटक अवलोकन गर्न पाएको धारणा व्यक्त गरे। चाँडै नै यस्तो कला राजधानीमा समेत प्रदर्शन गरिने मल्ल बताउँछन्।

# ई-मज्जाको च्वाइस सखी

काठमाडौं– विशालनगर, काठमाडौंकी १७ वर्षीया युवती सखी पन्तले वर्ष २००९ को च्वाइस अफ द इयर एवार्ड जितेकी छिन्। युवापुस्तामाझ लोकप्रिय वेबसाइट ई-मज्जा डट कमले पन्तलाई यो एवार्ड प्रदान गरेको हो। ई-मज्जा ई-कान्तिपुर डट कमको सहयोगी वेबसाइट हो। मल्पी इन्स्टिच्युटमा ए लेभलमा अध्ययनरत पन्तलाई ३० हजारभन्दा बढी इन्टरनेट प्रयोगकर्ताको भोट तथा रेटिङका आधारमा छनौट गरिएको हो। घर तथा विदेशमा बसेर अनलाइन ब्राउज गर्ने प्रयोगकर्ताको छनौटमा उत्कृष्ट ठहरिएकी पन्तले निर्णायक चरणमा आठ जना प्रतिस्पर्धीलाई जितेकी थिइन्। ई-मज्जा डट कमले गत मंगलबार कान्तिपुर परिसरमा आयोजित एक समारोहमा पन्तलाई नगद दस हजार रुपैयाँ, बुद्ध एयरको माउन्टेन फ्लाइटको दुई वटा टिकट, जेबी टेलर्सको पोसाक, एलजी मोबाइल तथा एमपिथ्री हस्तान्तरण गरेको थियो। उपाधि जितेपछि पन्तले आफूमा थप जिम्मेबारी थपिएको महसुस भएको बताएकी छिन्। यसअघि उनले जुलाई महिनामा पनि ई-मज्जाको च्वाइस अफ द मन्थको उपाधि जितेकी थिइन्।

## ● लाइभ ●

### रेकर्डिङको शुभसाइत

गीतकार भूषण खरेलले रचना गरेका गीतहरूको नयाँ संग्रह 'आकांक्षा' का गीतहरूको रेकर्डिङ शुभसाइत आज शुक्रबार गरिने भएको छ। नक्सालस्थित भर्जिन भ्वाइस स्टुडियोमा संगीतकार शक्ति बल्लभको एकल संगीतमा गीतको रेकर्डिङ प्रारम्भ गर्न लागिएको हो। गीतकार वसन्त वित्यासी थापाले प्रस्तुत गर्ने उक्त संग्रहको शुभसाइत समारोहमा आनन्द कार्की, अञ्जु पन्त, थुप्देन भुटिया, सुमित खड्का, माण्डवी त्रिपाठी, जगदीश समाल, दीपक लिम्बु, शिशिर योगी, स्वरूपराज आचार्य आदि गायक-गायिका सहभागी हुँदैछन्।

### नारायणगढ रक्स भर्सन-३

शिवरात्रिको दिन अर्थात् माघ २९ गते शुक्रबार नारायणघाटमा बृहत् सांगीतिक कार्यक्रम 'नारायणगढ रक्स भर्सन-३' आयोजना गरिने भएको छ। स्थानीय क्याम्पा चौरमा आयोजना गरिने यो कार्यक्रम मध्याह्न १२ बजे प्रारम्भ हुनेछ। सांगीतिक कार्यक्रममा एक्सिस, द एज, श्रीष खड्का (चिहानकी परी), अशोक सेन (एक फेर गरी हेर), ग्रहान्थ, स्यान्टोलगायतका सांगीतिक समूहले लाइभ कन्सर्ट प्रस्तुत गर्नेछन्।

### अनफर्गेटेबल मेलोडिज

आगामी फागुन ८ गते शनिबार राजधानीमा ऐतिहासिक सांगीतिक कार्यक्रम 'अनफर्गेटेबल मेलोडिज' आयोजना गरिने भएको छ। साधना कला केन्द्रले सांगीतिक इतिहासमै पहिलो पटक आयोजना गर्न लागेको यो कार्यक्रममा सुगम संगीतका अधिकांश स्थापित गायक-गायिकाले लाइभ गीत-संगीत प्रस्तुत गर्नेछन्। सोल्टी होटलमा साँझ ४:३० बजे प्रारम्भ हुने यो सांगीतिक कार्यक्रममा फत्तेमान राजभण्डारी, प्रेमध्वज प्रधान, रुवी जोशी, योगेश वैद्य, दीप श्रेष्ठ, तारा थापा, रविन शर्मा, लोचन भट्टराई, कुन्ति मोक्तान, देविका बन्दना, राजेशपायल राई, रामकृष्ण ढकाल, यम बराल, रिमा गुरुङ, जगदीश समाल तथा अञ्जु पन्तले गीत-संगीत प्रस्तुत गर्नेछन्।

## ● पुस्तक ●

### उन्माद

ललिता दोषीको पछिल्लो औपन्यासिक कृति 'उन्माद'लाई डिकुरा प्रकाशनले सार्वजनिक गरेको हो। सामाजिक विकृतिहरूविरुद्ध आवाज उठाइएको यो कृतिमा उपन्यासकारले आफ्ना पात्रहरूमार्फत् अनियन्त्रित सामाजिक संरचनाहरूमाथि प्रहार गर्ने जमर्को गरेकी छन्। यो उपन्यासको मूल्य ९५ रुपैयाँ छ।

### डाकिदेऊ न आमा


'डाकिदेऊ न आमा' बालकविताहरूको संग्रह हो। मित्रलाल पंगेनीद्वारा लिखित यो पुस्तकलाई रुम टु रिडले सार्वजनिक गरेको हो। पुस्तकमा आमा र छोरीको सम्बन्धलाई कवितामार्फत प्रस्तुत गरिएको छ भने कविताको विषय बालसुलभ चञ्चलता र प्रकृतिलाई बनाइएको छ।

### कथाकुल-२

एकता प्रकाशनले प्रकाशित गरेको कथाकुल-२ बालकथाहरूको संग्रह भए पनि यसमा एउटै कथामा विभिन्न कथाहरूलाई एकपछि अर्को गर्दै प्रस्तुत गरिएको छ। काशिराज सुवेदीद्वारा लिखित यो पुस्तकको विशेषता भनेकै कथाभित्र कथा हुनु हो। ८८ पृष्ठको यो पुस्तकको मूल्य ७० रुपैयाँ छ।

### राष्ट्रिय पहिचानका मूल मुद्दाहरू

सचेतना परिवार पोखराले प्रकाशित गरेको 'राष्ट्रिय पहिचानका मूल मुद्दाहरू' नामक कृतिमा अहिले मुलुकमा भैरहेको द्वन्द्व र अस्थिरतालाई समाधानको बिन्दुसम्म पुऱ्याउन विभिन्न क्षेत्रमा उठेका आन्दोलन र मागलाई समान रूपमा सम्बोधन गरिनुपर्छ भन्ने कुरामा जोड दिइएको छ। यो पुस्तकको मूल्य २ सय रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

माघ २३ गते : अष्टमी व्रत, २४ गते : विवाह मुहूर्त, २६ गते : विजया एकादशी, २८ गते : प्रदोष व्रत।

### मेष

व्यवसायमा सफलता मिल्नेछ। बोलीको प्रभाव बढ्नेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। पाएको जिम्मेवारी सजिलै पूरा गर्न सकिनेछ। आइतबारदेखि स्वास्थ्यमा बाधा आउनाले कामकाजमा अलमल हुनसक्छ। काम गर्दा सजगता अपनाउनु उचित हुनेछ।

### मिथुन

अध्ययनमा सफलता मिल्नेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। भाग्यले साथ दिनेछ। मान-सम्मान पाउनुहोला। रोग एवं शत्रु बढ्ने भएकाले खाँदा तथा बोल्दा विचार पुऱ्याउनुपर्ला। धनमाल हराउन सक्छ। कुरा काट्नेहरूदेखि सजग रहनुपर्ला।

### सिंह

नयाँ काम पाइने योग छ। मानसम्मान पनि मिल्नेछ। अध्ययनमा सफलता मिल्नेछ। सन्तानको सफलताले मन रमाउनेछ। घरेलु समस्या बढ्ने भएकाले सफलताका लागि घरबाहिर रहनु उचित हुनेछ। भाग्य कमजोर भएकाले कर्ममा जोड दिनु उचित हुनेछ। शत्रुसित सजग रहनुहोला।

### तुला

सुरुमा मान-सम्मान पाइने योग छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्नेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। विवादतिर अघि नबढ्नु उचित हुनेछ। खर्च बढ्ने भएकाले सजग रहनुपर्ला। पति-पत्नीबीचको विवादले काम काजमा अवरोध आउनेछ।

### धनु

समय बलबान हुँदाहुँदै पनि केही अप्ठ्यारा आउन सक्छन्। आफन्तहरूले उचित सहयोग गर्नेछन्। नयाँ मित्रको आगमनले मन रमाउनेछ। घरजग्गाको बन्दबस्त गर्ने तरखरमा भए सजिलै प्राप्त हुनेछ। सोमबार तथा मंगलबार खर्च विवाद एवं चिन्ता बढ्ने योग छ। लेनदेनमा अगाडि नबढ्नु उचित हुनेछ।

### कुम्भ

सुरुमा धार्मिक कार्यमा रुचि बढ्नेछ। खर्च एवं विवाद बढ्ने भएकाले सजग रहनुपर्ला। अध्ययनमा रुचि बढ्ने देखिँदैन। बौद्धिक कार्यमा भन्दा परिश्रमको काममा जोड दिनुपर्ला। व्यवसायमा सोचेभन्दा बढी नै सफलता मिल्नेछ। मित्रहरूले धेरै सहयोग गर्नेछन्। परिवारबाट राम्रो सहयोग पाइनेछ।

### वृष

साता राम्रो भए पनि अप्ठ्याराहरू प्रसस्तै आउनेछन्। स्वास्थ्य गडबड हुनसक्छ। आर्थिक कारोबारमा समस्या आउनेछ। सफलताका लागि सजग रहनुपर्नेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। आफन्तहरूको उचित सहयोग पाउनुहोला। अध्ययनमा रुचि बढ्नेछ।

### कर्कट

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने योग छ। अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। पहिलो भेटमै सहयोगको प्रस्ताव आउनेछ। महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। पाएको जिम्मेवारी सहजै पूरा गर्न सकिनेछ। स्वास्थ गडबड हुने भएकाले खानपानमा विचार गर्नुपर्ला। गलत विचार बढ्ने भएकाले धैर्यता अपनाउनु उचित हुनेछ।

### कन्या

अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । तपाईंको लगनशीलता एवं इमान्दारिताको कदर हुनेछ। धन आर्जन गर्न सकिनेछ। महत्त्वपूर्ण जिम्मेवारी आउन सक्छ। रोगले बेला-बेलामा सताउन सक्छ। खानपानमा विचार गर्नुपर्ला। सफलताका लागि घर बाहिरै रहनु उचित हुनेछ। लेनदेनमा अघि नबढ्नुहोला।

### वृश्चिक

सुरुमा खर्च एवं विवाद बढ्नेछ। नसोचेको समस्याले सताउनेछ। कुरा काट्ने सक्रिय हुनेछन्। विश्वास गरेकाले धोका दिनेछन्। अरूको काममा समय बित्नेछ। सोमबार र मंगलबार मानसम्मान मिल्ने, काममा सुधार आउने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। नयाँ काम पाइने सम्भावना छ।

### मकर

अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यवसायमा सफलता मिल्नेछ। देशको प्रतिनिधित्व गर्दै विदेश जाने अवसर पाउनुहोला। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काम गर्न सकिनेछ। साताको अन्त्यतिर खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मीन

साताको पूर्वार्द्ध प्रतिकूल रहनेछ। स्वास्थ्य गडबड हुनसक्छ। चिन्ताले मनमा दरिलो डेरा जमाउनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। गोपनियता अपनाउनुहोला। नैराश्यता एवं उदासीनता बढ्नेछ। मंगलबारदेखि मान-सम्मान पाइने, काममा सुधार आउने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। सजगता भने साताभरि नै अपनाउनुहोला।

# बेलायतमा विद्यार्थी भिसा बन्द हुँदा हजारौं प्रभावित



**साप्ताहिक समाचार**

काठमाडौं– बेलायती दूतावासले नेपाली विद्यार्थीलाई दिँदै आएको भिसा बन्द गरेपछि बेलायत जान प्रक्रिया पूरा गरिरहेका करिब ३ हजार नेपाली युवा प्रभावित भएका छन्। नेपाली विद्यार्थीका लागि यस्तो भिसा गत वर्षदेखि मात्रै दिन थालिएको थियो। बेलायतको श्रम विभागको टायर फोर प्याकेजअन्तर्गत नेपाललगायत दक्षिण एसियाली मुलुकलाई यस्तो भिसा दिँदै आएको थियो। सन् २००९ मा १० हजार नेपाली युवा अध्ययनको सिलसिलामा बेलायत पुगिसकेका छन्। बेलायत पुगेका १० हजार विद्यार्थीमध्ये आधा विद्यार्थी अहिले त्यहाँका कलेज निलम्बनमा परेका कारण विचल्लीमा छन्। गएको सोमबारदेखि बेलायतले भिसा प्रक्रिया बन्द गरेको सूचना प्रकाशित गर्नुका पछाडि त्यहाँका कलेजले गरेको अनियमिततालाई पनि कारण मानिएको छ।

'टायर फोरअन्तर्गत दक्षिण एसियाली मुलुकबाट बेलायत अध्ययनका लागि अपेक्षा गरिएभन्दा बढी विद्यार्थी बेलायत पुगिसकेका कारण तत्कालका लागि भिसा प्रक्रिया बन्द गरिएको छ,' गत साता बेलायती दूतावासद्वारा प्रकाशित सूचनामा भनिएको छ– 'आवश्यकताअनुसार चाँडै भिसा प्रक्रिया सञ्चालन गरिनेछ।' सूचनामा भिसा प्रक्रिया चाँडै सञ्चालन गर्ने बताइए पनि त्यसको मिति उल्लेख नगर्नुले लामो समय यो प्रक्रिया अवरुद्ध हुने अनुमान गरिएको छ। यसले भिसा प्रक्रियामा रहेका करिब ३ हजार विद्यार्थी मर्कामा परेको जनाइएको छ।

बेलायत अध्ययन गर्न जाने विद्यार्थीले वैदेशिक शिक्षा परामर्शदातामार्फत बेलायतका कलेजमा भर्ना भएर भिसाका लागि आवेदन दिने गरेकाले पनि यसबाट प्रत्यक्ष रुपमा बेलायत जाने तयारीमा जुटेका विद्यार्थी प्रभावित भएका छन्। नेपाल वैदेशिक परामर्शदाता संघका अनुसार बेलायत जान ठीक परेका विद्यार्थीहरूले कलेजमा भर्ना गर्दा न्यूनतम १ लाख रुपैयाँ खर्च गरिसकेका हुन्छन्।

बेलायतमै पुगेकाहरूमध्ये २ हजार विद्यार्थी कलेज निलम्बनमा परेपछि नयाँ कलेजमा भर्ना हुन पाएका छैनन्। टायर फोरअन्तर्गत विदेश पुगेका विद्यार्थीले अध्ययन गरेको कलेज परिवर्तन गर्न नहुने नियमका कारण यस्तो अवस्था आएको बेलायतबाट प्राप्त समाचारमा जनाइएको छ।

प्रकाशित सूचनाअनुसार युके बोर्डर एजेन्सीले गत सोमबार माघ १८ गतेदेखि लागू हुने गरी बेलायतका लागि विद्यार्थी भिसा बन्द गरेको हो। टायर फोर को प्वाइन्ट बेस सिस्टमअनुसार यो प्रक्रिया केही समयका लागि काठमाडौंमा रोकिएको छ। यो सूचनाअगावै भिसा प्रक्रिया सुरु गरेका विद्यार्थीका लागि यसले कुनै असर पुऱ्याउनेछैन भनिए पनि यसबारेमा दूतावासको विज्ञप्ति प्रष्ट छैन।

साउथ एसियाली देशमा पनि नेपाल तथा उत्तर भारतबाट विद्यार्थीको संख्या उल्लेख्य मात्रामा बढेकाले टायर फोर अन्तर्गत भिसा प्रक्रिया बन्दको सूचना निकालिएको हो। यो अस्थायी बन्दको अवधिभर युके बोर्डर एजेन्सीले भिसाको प्रक्रिया व्यवस्थित रूपमा मिलाई अझ प्रभावकारी रूपमा छिट्टै नेपालमा सुविधा उपलब्ध गराउने बताइएको छ।

माघ १८ गतेदेखि दूतावासमा प्रक्रियाको समय मिलाउने व्यक्तिको प्रक्रिया पनि केही समयका लागि स्थगित गरिएको छ। यो सेवा पुनः सुचारु गरेपछि त्यस्ता व्यक्तिलाई प्राथमिकता दिइनेछ।

युके बोर्डर एजेन्सीका निर्देशक क्रिस डिक्सका अनुसार युके बोर्डर एजेन्सी आफ्ना सम्पूर्ण ग्राहकका लागि भिसा प्रक्रिया सूचारु गर्न प्रतिबद्ध छ। आगामी दिनमा आवेदन निष्पक्ष, सरल तथा जतिसक्दो छिटो गर्न जागरूक हुनेछौं। साथै भिसा प्रक्रिया प्रभावकारी बनाउने सक्दो प्रयास गरिनेछ।

दूतावासका अनुसार भिसाको प्रक्रिया छिटोभन्दा छिटो सुचारु गरिनेछ, जसले गर्दा विद्यार्थीहरूले दिएका निवेदनमा उनीहरूलाई चाहिने यो अस्थायी भिसा बन्द प्रक्रियालाई एक महिनापछि पुनः अवलोकन गरिनेछ।







• सम्पादकीय •

# ढाकामा हराएको नेपाल

अहिले बंगलादेशको राजधानी ढाकामा दक्षिण एसियाली खेलकुद (साग) आयोजना भैरहेको छ । साग अभियानको अभिन्न अंगका रूपमा नेपाल ढाकामा आयोजना भैरहेको साग खेलकुदमा सहभागी भैरहेको छ । खेलका प्रतिस्पर्धा र नतिजाहरू जे-जस्ता भए पनि यतिबेला आम नेपालीले ढाकामा नेपाल हराएको अनुभव गरिरहेका छन् । नेपालमा राजतन्त्रको अन्त्य भएर गणतन्त्र स्थापना भएको चार वर्षभन्दा बढी समय बितिसकेको छ । यो अवधिमा नेपालका कतिपय राष्ट्रिय प्रतीकहरू फेरिइसकेका छन् तर सागको उद्घाटन समारोहलगायत अन्य कार्यक्रमहरूमा त्यहाँका आयोजकहरूले नेपालको पुरानो राष्ट्रिय धुन बजाएर नेपाली टोलीलाई अलमलमा पारे । त्यतिमात्र होइन, ढाकामा पहिले नेपालको झन्डाका नाममा नेपालीले कहिल्यै नदेखेको चारपाटे झन्डा फहराइयो । त्यसपछि त्यो गल्तीलाई ढाकछोप गर्दै त्यहाँका अधिकारीहरूले नेपालको पाँच कुने झन्डालाई उल्टो फहराएर नेपालको थप अपमान गरे । यस्तो गम्भीर प्रकृतिको गल्तीमा ढाकास्थित नेपाली राजदूतावास वा साग आयोजक समिति कसको कस्तो भूमिका छ ? भन्ने कुराको अहिले खोजी भैरहेको छ । कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता, सभा-सम्मेलनमा कुनै पनि मुलुकको राष्ट्रिय धुन र राष्ट्रिय झन्डाले सम्बन्धित मुलुकको समग्र प्रतिनिधित्व गर्छ भन्ने हेक्का सबैलाई हुन्छ ।

गलत राष्ट्रिय धुन बजेको ढाकाको घटना पहिलो होइन, यसअघि पनि विभिन्न खेलकुद प्रतियोगिताहरूमा नेपालको पुरानै राष्ट्रिय धुन बजाइएका घटनाहरू सार्वजनिक भैसकेका छन् । खासगरी राष्ट्रिय खेलकुद परिषद्को प्रतिनिधित्व भएका कार्यक्रमहरूमै यस्ता घटनाहरू दोहोरिनुले राष्ट्रिय खेलकुद परिषद्लाई गम्भीर छानबिनको घेरामा ल्याइनुपर्छ । पञ्चायतकालमा पनि भूमिगत सत्ताको केन्द्रका रूपमा परिभाषित भएको राष्ट्रिय खेलकुद परिषद्मा अहिले पनि मुलुकमा देखिएका राजनैतिक परिवर्तनहरूलाई नरुचाउने कर्मचारीतन्त्रको हालिमुहाली छ भन्ने कुरालाई ढाका प्रकरणले एकपटक फेरि पुष्टि गरेको छ । यो सन्दर्भमा नेपाल सरकारले ढाकामा भएको नेपाल र नेपालीको अपमानको जरो साग आयोजक समितिमा नभै राष्ट्रिय खेलकुद परिषद् र ढाकास्थित नेपाली राजदूतावासमा खोज्नुपर्छ । यो घटनामा जोसुकै दोषी भए पनि नेपाल र नेपालीले ढाकामा बेहोर्नुपरेको अपमानको क्षतिपूर्ति हुन सक्दैन । तसर्थ दोषीमाथि कडाभन्दा कडा कारबाही गरेर त्यस्तो कारबाहीलाई नसिहतका रूपमा सार्वजनिक गर्नुपर्छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

• चिठीपत्र •

## विकासको मोडल

अत्यधिक जनसंख्याका कारण वन जंगलको फडानी, हावापानी र जमिनहरू बिग्रदै जानु, बाढीपहिरो, भू-क्षयबाट पूरै क्षेत्र मरूभूमिमा परिणत हुनु, कलकारखाना र चिम्नीहरूबाट निस्कने कार्बनडाईअक्साइड तथा कार्बनमोनोअक्साइडजस्ता धूवाँले पूरै वातावरण नै दूषित हुँदै गएको, रासायनिक मल तथा कीटनाशक औषधीहरूको अत्यधिक प्रयोगले खोलानाला, पोखरी तथा तालतलैयाका कञ्चन पानी दूषित भैसकेका छन् भने माटोको अम्लीयपना बढेर उर्वराशक्तिमा ह्रास आउने क्रम जारी छ, त्यसले निकट भविष्यमा भोकमरीको भयावह स्थिति सिर्जना गर्ने छ । एउटा प्रतिवेदनअनुसार पूरै दक्षिण एसियाबाट गिद्धहरू लोप हुँदै जानुका पछाडि बढी उब्जनी लिन खेतबारीमा प्रयोग गरिने रासायनिक मल तथा कीटनाशक औषधीहरू मुख्य कारक बनेको छ, जसलाई खाएर चौपायाहरू मर्छन् र ती चौपाया खाएर गिद्धहरू प्रकृतिबाटै विलुप्त हुने स्थितिमा छन् । यो स्थिति जटिल मात्र छैन, डरलाग्दो पनि छ ।




कहाँ, के-के र कति कुराको खाँचो छ, जल, जमिन र जङ्गलको अवस्था के छ, यी कुरालाई राजनीतिको विषय बनाइनु हुन्छ-हुँदैन, भए त्यसको नतिजा के हुन्छ, आफ्नो भूमि, सीमारेखा आदिको स्थिति के छ ? त्यसको व्यवस्थापन कसरी गर्नेजस्ता तथ्यको पहिचान, त्यसबारे अध्ययन-अनुसन्धान, चिन्तन-मनन नितान्त वैज्ञानिक तरिकाले गरिनुपर्ने हुन्छ, न कि हचुवा, सदाशयता वा राजनीतिका भरमा । लगभग भारतसँगसँगै स्वतन्त्र भएको यो मुलुकले विकास-निर्माणजस्ता कुरामा यतिविधि माथापच्चीसी गर्नुपर्ने अवस्था थिएन । प्रकृतिको अमूल्य वरदानलाई राजनैतिक कलहको विषय बनाउने र त्यसैका निम्ति पाखुरी सुर्कने, खैँचाखैँची गर्ने भएपछि यी अमूल्य सम्पदाको संरक्षण, संवर्द्धन र यसको विकास गर्न यहाँ पशुपतिनाथ त पक्कै आउँदैनन् ।

ठूलाको ठूलै दाउ, सानाको शु गर्ने ठाउँमा पनि घाउ भनेझैँ ठूला र विकसित राष्ट्रहरू यतिखेर हातेमालो गर्दै वातावरणीय समस्या, सैनिकीकरण र युद्धको खतरा, जनसंख्याको विष्फोटन, गरिबी र दुःख, मानवाधिकार उल्लंघन, भविष्यको योजनाजस्ता विश्वव्यापी समस्यासँगै आतङ्कवादसँग जुझिरहँदा र खरबौँ डलर खर्चिंदा पनि हामी र हाम्रा नेताहरूलाई राजनैतिक वितण्डाबाट फुर्सद हुँदैन भने मुलुकको आर्थिक विकास कहाँबाट हुने ?

बन्द, जाम, हड्ताल, धूवाँ-धूलो, चुलो-चौको, गाँठ, सोमरस, तरुनी र तात्तो न छारोका फोस्रा राजनैतिक गफबाट हामीलाई फुर्सद मिले मात्र हामीबाट विकास सम्भव हुन्छ । हामीलाई एक-अर्काको कुरा काट्न, खुट्टा तान्न र एक-अर्कालाई निचा देखाएर फुर्सद छैन । यो पनि विकास हो ? यो त सर्वनाशको पूर्वअभ्यास हो । एक यस्तो सर्वनाश, जसले हामीभित्रका पाखण्डपन, पोङ्गापन, कुसंस्कार, कुरीति, अन्धभक्तिलाई पोल्न खोज्दैछ र त्यसैमार्फत नयाँ सभ्यता पल्लवित हुन खोज्दैछ । त्यो नभएसम्म अरू त सम्भव छैन ।

बञ्जर भूमिहरूमाथि गगनचुम्बी महलहरू ठडिनु, विद्यालय, कलेज-क्याम्पसहरू बन्नु, बाटाघाटा, पुलपुलेसा, कल्भर्ट निर्माण हुनु, जमिनको भाउ अकासिनु, खरानी हुने देह गहनाले सुशोभित हुनु र हातहातमा मोबाइल, घर-घरमा कम्प्युटर, टेलिभिजन र हात-हातमा आइपड हुनु पनि विकास होइन । भाइ-भाइ, मित्र-मित्र, समाज-समाज, वर्ग-वर्ग, धर्म, समुदाय, सम्प्रदाय एक-अर्कादेखि दूर हुनु पनि विकास होइन । वास्तविक विकास त त्यो हो, जसले मानिसलाई कुसंस्कारबाट सुसंस्कारतर्फ डोऱ्याउँछ । विकास त त्यो हो, जसले भाइ-भाइबीच, मित्र-मित्रबीच, समाज-समाजबीच, वर्ग-वर्गबीच, धर्म, समुदाय, सम्प्रदायहरूबीच सामीप्यताको अनुभूति गराउँछ । जुन टाइपको विकासबाट हामी आज मख्ख र हैरान छौँ, त्यसले कतै हामीलाई त्यतैतिर डोऱ्याइरहेको त छैन, जता हाम्रो सर्वनाशको तिथिमिति पहिल्यैदेखि तय छ ? नत्र यो के हुँदैछ र कता जाँदैछौँ हामी ?

**–अकेला**

• तीतो सत्य •

● फन्दामा पर्नु पनि चेतनाबोध हुनु हो, किनभने त्यसबाटै मानिस सकारात्मकतातर्फ अघि बढ्न उत्प्रेरित हुन्छ ।

● परोपकार तथा मानवीयता नै देवता खुसी हुने माध्यम हो ।

● सौन्दर्यको पछाडि त धेरै लागेका हुन्छन्, तर उनीहरू गुण-अवगुण छुट्याउन सक्दैनन् ।

**वसन्त खत्री**

● मानिसले मानिस नै भएर बाँच्न सक्नुपर्छ ।

● जहाँ मेल हुन्छ, त्यहाँ प्रेम पनि हुन्छ, जहाँ प्रेम हुन्छ त्यहाँ सदाचार पनि हुन्छ । जहाँ सदाचार हुन्छ त्यहाँ सहयोगी भावना पनि हुन्छ ।

● चित्त त्यतिखेर दुख्छ जतिखेर धोका पाइन्छ ।

● आपत पर्दाको सहयोगी नै असल मित्र हो ।

● अँधेरोमा झटारो हान्दा पनि फल झर्न सक्छ तर असल काम कर्तव्यका लागि दिन नै उपयुक्त हुन्छ ।

**सदाशिव के.सी.**

● सत्य आफ्नो ठाउँमा अडिग रहँदा असत्यको केही लाग्दैन । सत्यको सामु असत्यले झुक्नुपर्छ ।

**सरगम बेहोसी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

• सहर चर्चा •




## वेबपेजमा अव्वल

सोनु थापा हङकङमा सम्पन्न वेबसाइट डिजाइनिङ प्रतियोगितामा अब्बल साबित भएका छन् । हङकङ कम्प्युटर सोसाइटीद्वारा आयोजित एक्सट्रिम वेब डिजाइनर कन्टेस्ट-२००९ मा थापा उत्कृष्ट १२ मा परेका हुन् । आयोजकद्वारा नै दिइएको शीर्षकमा रही वेबपेज बनाउनुपर्ने उक्त प्रतियोगितामा सहभागी करिब ८ सयमध्येबाट उत्कृष्ट १२ छानिएका थिए । हङकङमा हुने यस किसिमको प्रतियोगितामा नेपाली युवाको यो पहिलो सफलता हो । वेबपेज डिजाइनरहरूलाई प्रेरित गर्न सोसाइटीद्वारा बर्सेनि उक्त प्रतियोगिता आयोजना हुने गरेको छ । ओपन युनिभर्सिटी अफ हङकङमा कम्प्युटर इन्जिनियरिङ दोस्रो वर्षमा अध्यनरत बुटवलका सोनु करिब दुई वर्षअघि हङकङ आएका हुन् । बीस वर्षीय सोनु मल्टिलेभल मार्केटिङमा पार्टटाइम छन् । कम्प्युटर प्रविधिसम्बन्धी जानकारी दिने उद्देश्यले उनले easy4tech.com नामक वेबसाइट समेत बनाएका छन् । सफलताबाट निकै हौसिएका थापा अझ राम्रो गर्न प्रयास गर्ने बताए ।

• मोडल वाच •

## मोडल दिदी-बहिनी



एउटै परिवारका दुई दिदी-बहिनी विगत दुई वर्षदेखि नेपाली मोडलिङमा सक्रिय छन् । दिदी सरिना महर्जनले दुई वर्षअघि सम्पन्न डिजाइनर कन्टेस्टमा सहभागिता जनाउँदै मोडलिङयात्रा प्रारम्भ गरेपछि उनीभन्दा तीन वर्ष कान्छी रजनीले पनि आफूलाई रोक्न सकिनन् । 'दिदीले मोडलिङमा करियर बनाएको देखेपछि यही क्षेत्रमा प्रवेश गर्ने प्रेरणा मिल्यो,' रजनी भन्छिन्– 'घरमा सल्लाह गरेपछि दिदीकै बाटोमा अघि बढेकी छु ।' रजनीले द ऱ्याम्पमा मोडलिङको प्रशिक्षण लिएपछि एक दर्जनभन्दा बढी फेसन शोमा क्याटवाक गरिन् । ५ फिट ५ इन्च अग्ली रजनी मात्र होइन, त्यति नै अग्ली सरिनाले पनि आगामी वर्षको मिस नेपाल तथा मिस नेवाः प्रतियोगितामा सहभागी हुने योजना बनाएकी छिन् । जिन्स पाइन्ट र टिसर्टकी पारखी सरिना हल्का मेकअप गर्न रुचाउँछिन् भने इभिनिङ गाउनमा सजिन रुचाउने रजनी मेकअपप्रति खासै रुचि राख्दिनन् । दिदी-बहिनी भए पनि दुवैको योजना भने पृथक् छ । आमसञ्चार विषयमा अध्ययनरत रजनी भविष्यमा भिडियो जक्की बन्न चाहन्छिन् भने व्यवस्थापनकी विद्यार्थी सरिना विजनेश वुमनका रूपमा अघि बढ्न इच्छुक छिन् ।

• मुखाले •

साना मतभेदलाई बिर्सौं ।

**गिरिजाप्रसाद कोइराला**

एमालेले सत्ता कब्जा गर्न खोज्यो ।

**सुजाता कोइराला**

कांग्रेस वर्तमान सरकार परिवर्तनको पक्षमा छैन ।

**विमलेन्द्र निधि**

प्रधानमन्त्रीको प्रतिनिधित्वबिना उच्च संयन्त्रको कुनै काम छैन ।

**विजयकुमार गच्छदार**

देश जातीयताका आधारमा संघीयतामा गए ठूलो संकट पर्छ ।

**खुमबहादुर खडका**

मुलुक अस्थिरतामा जाने भएकाले अहिले सरकार परिवर्तन गर्नु हुदैन ।

**सुशील कोइराला**

यो सरकार यथावत् राखेर समस्याको समाधान हुन सक्दैन ।

**गगन थापा**

राष्ट्रपतिको कदमको निकास खोज्नेलगायत् कुराले आन्दोलन फिर्ता गरेका हौं ।

**डा. बाबुराम भट्टराई**

संघीयतामा जानु भनेकै जोखिममा बस्नु हो ।

**नवीन्द्रराज जोशी**

पार्टी सरकारमा हुदा पनि हामीले केही गर्न सकेनौं ।

**सीपी गजुरेल**

एमालेमा दुःखी छु ।

**वामदेव गौतम**

लडाकुलाई सेनामा लैजानुपर्ने कतै लेखिएको छैन ।

**डा. कर्ण थापा**

# लक्ष्य बोक्नेलाई सबैले सहयोग गर्छन्



तस्बिर : नवराज बाग्ले

निजामती सेवाको छ दशक लामो प्रतिस्पर्धाको इतिहासमा पहिलो पटक एउटी महिला सर्वोत्कृष्ट भएकी छन्। २०६६ सालको प्रशासनतर्फको निजामती सेवासम्बन्धी लोकसेवा आयोगले लिएको शाखा अधिकृतको परीक्षामा रामेछापकी पार्वती शर्मा पुराना सबै कीर्तिमान तोड्दै प्रथम भएकी हुन्। यसअघि उनले १८ वर्षकै उमेरमा एकैपटक मुखिया, खरिदार र नासु पदमा पनि नाम निकालेकी थिइन्। स-साना दुई छोरीकी आमा पार्वतीले यसअघि नायब सुब्बा पदमा पनि महिलातर्फ उत्कृष्टता हासिल गरेकी थिइन्। अधिकृत भैसकेपछि दिइने ९० दिन लामो आधारभूत प्रशासनिक प्रशिक्षणमा पनि पार्वतीले गोल्ड मेडल हासिल गरिन्। उनले १० हजार पुरुष तथा महिलाबीच शाखा अधिकृतको प्रतिस्पर्धा गरेकी थिइन्। सर्वोत्कृष्ट भएका कारण उनलाई आफूले रोजेको मन्त्रालयमा जाने अवसर दिइएको थियो। त्यो अवसरको सदुपयोग गर्दै उनले परराष्ट्र मन्त्रालय रोजेकी छिन्।

**ऐतिहासिक काम गर्नुभएछ, कस्तो लागेको छ ?**

निजामती सेवा मस्तिष्कले गर्ने प्रतिस्पर्धा हो। ईश्वरले पुरुषलाई बढी र महिलालाई कम बुद्धि दिएका हुँदैनन्। यदि दुवैको उस्तै मस्तिष्क छ भने यसलाई इतिहासमै दर्ता गराउनुपर्छ भन्ने लाग्दैन।

**एउटी महिलाले निजामती सेवामा सर्वोत्कृष्ट स्थान पाउनु खास घटना होइन ?**

यदि मेरो सर्वोत्कृष्टताले आममहिलालाई प्रोत्साहन दिन्छ भने त्यो महत्त्वपूर्ण हो। निजामती सेवामा नीरा अधिकारीजस्ता दृष्टिविहीन महिला छन्, यसले आममहिलालाई सकारात्मक सन्देश जान्छ भन्ने लाग्छ। मेरो मात्रै हकमा भने यो सामान्य प्रक्रिया हो।

**कसरी ?**

मैले भनिहालें, कुनै काम यस्तो छैन जुन पुरुषले गर्न सकून् र महिलाले गर्न नसकून्। विशेषगरी मस्तिष्कले गर्ने काममा महिला र पुरुष छुट्याउनु नै बेकार छ। म महिला हुँ, म पीडित छु, म केही गर्न सक्दिनँ भन्ने हीन भावना राख्ने हो भने त मेरो भन्नु केही छैन। यदि म विद्वान् हुँ, म यो समाजलाई परिवर्तन गर्छु, मैले नसके कसले सक्छ भन्ने सोच्ने हो भने प्रथम हुनु सामान्य कुरा हो।

**त्यसो हो भने अहिलेसम्म महिलाहरूले प्रथम स्थान हासिल गर्न किन नसकेका होलान् ?**

पहिलो समाजको वातावरण, दोस्रो महिला आफैंको म केही गर्न सक्दिनँ भन्ने भावना, तेस्रो, श्रीमान् छँदैछन्, बुबा हुँदै हुनुहुन्छ, मैले किन दुःख पाउनु ? भन्ने सोच, चौथो, आफूप्रतिको अविश्वास। मैले यस्ता धेरै महिला चिनेकी छु जसले श्रीमान्का लागि पढिदिन्छन्। श्रीमान्को इज्जत बचाउन काम गर्छन्। उनीहरू आफूभित्रको शक्ति कहिल्यै महसुस गर्दैनन्। केवल बाह्य सौन्दर्यमा ध्यान दिने महिलाहरूका कारण पनि यस्तो भएको हुन सक्छ।

**तपाईं यो सफलताको जस कसलाई दिनुहुन्छ ?**

निरन्तर अध्ययन, सर्वोत्कृष्टता हासिल गर्छु भन्ने अठोठ एवं आत्मविश्वास, पारिवारिक सहयोग र अध्ययनको वातावरण। दुई नाबालक छोरी, जागिरे श्रीमान् कोही पनि सफलताको तगारो बनेनन्, बरु सहयोगी रहे। म अधिकृत त हुन्थें नै तर मलाई सर्वोत्कृष्ट हुनु थियो। यदि व्यक्ति कुनै लक्ष्य बोकेर हिंड्छ भने सम्पूर्ण ब्रह्माण्डले उसलाई सहयोग गर्दो रहेछ। मैले कुनै पनि यस्तो व्यक्ति भेटिनँ जसले मलाई लक्ष्यबाट विमुख गराओस्। श्रीमान्, बुबा, दाजु-भाइ, अध्ययनका सिलसिलामा भेटिएका साथीहरू, गुरुहरू सबै मेरा साथमा छन् भन्ने म सोच्थें। यो सकारात्मक सोच र कार्यले मलाई सफलतामा पुर्‍यायो।

**नेपाली समाजले महिलालाई गर्ने व्यावहार सबैले राम्ररी बुझेका छन्। महिनावारीको पीडा, छोरा-छोरी जन्माउनु-हुर्काउनुपर्ने बाध्यता, सासू-नन्दको बुहार्तन पनि महिलाले बेहोर्नैपर्छ। यस्तो अवस्थामा मैले सजिलै यी काम गरें भन्नु अलि फुर्ती लाएको जस्तो भयो नि ?**

मेरो विचारमा सबै कुरा आफू अनुकूल हुन्छ। तपाईंले भन्नुभएका समस्या शतप्रतिशत सत्य हुन्। ती कुरालाई बोझ मानेर बस्ने कि सकारात्मक विचार राखेर अघि बढ्ने ? मैले सधैं सकारात्मक विचार राखेर अघि बढें। एउटा लोग्नेमानिस दिनभरि काम गरेर रातभरि पढ्छ र पास गर्छ, महिलाले पनि त्यही गर्नुपर्छ। मेरो उद्देश्य देखेर आमाले छोरीहरू हेरिदिनुहुन्थ्यो, भान्सामा सहयोग गर्नुहुन्थ्यो। मेरो उद्देश्य देखेर मेरा श्रीमान्ले अध्ययनका सामग्री जुटाइदिनुहुन्थ्यो। मेरो मेहनत देखेर शिक्षकहरू सहयोगी हुनुभयो। मानिस राम्रो काम गर्न चाहन्छ भने सबैले उसलाई सहयोग गर्छन्। मेरा बुबा पनि अधिकृत हुनुहुन्थ्यो। दाजु पनि सरकारी वकिल हुनुहुन्छ। मलाई पनि उहाँहरूजस्तै बन्ने मन लाग्यो। त्यो देखेर उहाँहरूले पनि सहयोग गर्नुभयो। कहिल्यै छोरी वा बहिनी भनेर छुट्याउनुभएन। जब अभिभावकले छोरा र छोरीलाई अध्ययन र पालन-पोषणमा छुट्याउनुहुन्न भने महिलाले पनि उहाँहरूको लगानी र सपनालाई खेर फाल्नुहुँदैन।

**जीवनमा महिलाकै कारण पीडित भएको अनुभव गर्नुभएन ?**

माइती वा घरमा कहिल्यै पनि पीडित भएको महसुस गरिनँ। यद्यपि घरबाहिर भने केही घटना घटे। कहिलेकाहीं म आफ्नो टप हुने लक्ष्य सार्वजनिक गर्थें।

पृष्ठ ८ मा जारी











# सहज हुँदैछ यौन

**पृष्ठ १ बाट जारी**

आवरण पृष्ठमा वर्णन गरिएको चितवनस्थित एक ग्रामीण परिवारको उक्त वास्तविक कथाले विवाहअघिको असुरक्षित सम्बन्धका कारण वैवाहिक जीवन के हो भन्ने बुझ्न नपाई जोडिएको दाम्पत्य जीवनको प्रतिनिधित्व गर्छ । आधुनिकीकरणसँगै सहरी जीवनमा ब्वाइफ्रेन्ड र गर्लफ्रेन्डको नाममा जोडिएको अन्तरंग सम्बन्ध त छँदैछ, ग्रामीण बस्तीमा पनि उमेरले ल्याएको यौनआवेगका क्रममा यौनसम्बन्ध गाँसिन्छन् ।

सुनौलो परिवार नेपाल नामक गैरसरकारी संस्थाले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनअनुसार विवाहअघि यौनसम्पर्क राख्नेको संख्या एक सयमा १० जना छन् । सर्वेक्षणमा १० दशमलव २ प्रतिशत युवायुवतीले विवाहअघि नै यौनसम्पर्क राखेको अनुसन्धानटोलीलाई बताएका छन् । 'विवाहअघिको यौनसम्बन्धलाई नेपाली समाजले सहज ढंगले लिने प्रक्रिया अगाडि बढेको उक्त अध्ययनले देखाउँछ', सुनौलो परिवार नेपालका सहनिर्देशक प्रवीण शाक्यले भने- 'यौन र प्रजननका विषयमा समाज खुल्दै जानुले पनि उनीहरू बोल्न थालेका हुन् ।'

विवाहअघिको यौनसम्बन्धको विषयमा सुनौलो परिवार नेपालले चितवन, बाँके, ललितपुर, नवलपरासी, झापा, पर्सा र मकवानपुरमा गरेको अनुसन्धानले विवाह-बन्धनमा बाँधिनुपूर्व नै यौनसम्पर्क गर्ने नेपाली युवायुवतीको संख्या बढेको देखाएको छ । 'विवाहअघि यौनसम्पर्क गर्नेको संख्या अध्ययनमा शतप्रतिशत वृद्धि भएको देखिएको छ', संस्थाका सह-निर्देशक शाक्यले साप्ताहिकसँग भने- 'सन् २००९ को अध्ययनमा १० दशमलव २ प्रतिशत सहभागीले विवाहपूर्व नै यौनसम्बन्ध गाँसेको बताएका छन्, यसअघि सन् २००८ मा गरिएको अध्ययनमा ५ दशमलव ४ प्रतिशत युवायुवतीले मात्र विवाह घि यौनसम्बन्ध रहेको बताएका थिए ।'

नेपालको जनसंख्याको एकतिहाइ भाग १० देखि २४ वर्षका युवाहरूले ओगटेका कारणलाई आधार मानेर संस्थाले यही उमेर समूहका १ हजार जनालाई उक्त अध्ययनमा समावेश गरेको थियो, जसमध्येमा ७ सय ५४ जना प्रश्नोत्तरमा सहभागी थिए । सहभागीमध्ये ८९ दशमलव ८ प्रतिशतले विवाहअघि यौनसम्पर्क नगरेको बताएका थिए । अध्ययनअनुसार ७७ जनाले विवाहअघि नै यौनसम्पर्क गरिसकेको बताएका थिए । अध्ययनमा पुरुष सहभागीको संख्या ३ सय ९५ थियो भने महिला ३ सय ५९ जना थिए ।

'प्ले सेफ-सेफ सेक्स' को अन्तर्राष्ट्रिय नारालाई नेपाली पुस्ताले आत्मसात् गरेको प्रतिवेदनले देखाउँछ । संस्थाका अनुसार विवाह अघि यौनसम्पर्क राख्ने युवा पुस्ताको संख्या यो भन्दा धेरै हुन पनि सक्छ । 'विवाहअघिको यौनसम्बन्धको विषयमा खुलेर भन्न सक्ने अवस्था अझै पनि नभएकाले पनि यो संख्या अझै बढ्न सक्ने देखिन्छ', शाक्यले भने- 'पुरुषको तुलनामा महिला त झन् यो विषयमा बोल्न रुचि नै नराख्ने भएकाले पनि संकुचित धारणा अझै रहेको प्रस्टिन्छ ।' सहरी परिवेश खासगरी प्लस टु जेनेरेसनमा यौन सामान्य विषय बन्दै गएको छ । अन्डरस्ट्यान्डिङमा यौनसम्बन्ध रहनु खासै ठुलो कुरा होइन भन्ने अहिलेको पुस्ताको सोच छ ।

अध्ययनअनुसार ४१ दशमलव ६ प्रतिशत विवाहअघिको यौनसम्पर्कमा एक जना मात्र यौनसाथी रहेको बताए भने २६ प्रतिशतले दुई जना यौनसाथी रहेको बताएका थिए । यस्तै तीन जना यौन साथी रहेको बताउनेको संख्या १६ दशमलव ९ प्रतिशत छ भने १५ दशमलव ६ प्रतिशतले चार जनाभन्दा बढी यौन साथी रहेको बताएका छन् ।

विवाहअघि यौनसम्पर्क गर्ने ७७ जनामध्ये २९ प्रतिशतले १६ वर्ष नपुग्दै पहिलो यौनसम्पर्कको अनुभव हासिल गरेको बताएका छन् भने ७२ प्रतिशतले २० वर्ष नपुग्दै यौनअनुभव हासिल गरेको बताएका छन् । अनुसन्धानमा एक दिनअघि मात्र यौनसम्पर्कको अनुभव लिएको बताउने १९ दशमलव ५ प्रतिशत छन् भने साता दिनअघि अनुभव लिने ५ दशमलव २ प्रतिशत छन् । यस्तै महिना दिनअघि सम्बन्ध राख्ने ३२ दशमलव ५ प्रतिशत र एक वर्षअघि सम्बन्ध राख्नेमा ४२ दशमलव ९ प्रतिशत छन् ।

यौनसम्पर्कको समयमा सुरक्षित साधनको प्रयोगको विषयमा पनि संस्थाले अध्ययन गरेको थियो । जसमा अधिकांशले कन्डम प्रयोग गर्ने बताएका थिए । यौनसम्पर्कको समयमा ८४ दशमलव ४ प्रतिशतले सुरक्षित साधनको प्रयोग गर्ने गरेको बताएका छन् । जसमा ८४ दशमलव ९ प्रतिशत पुरुष तथा ७५ प्रतिशत महिला छन् । १५ दशमलव ६ प्रतिशतले भने असुरक्षित यौनसम्पर्क राखेका थिए । सुरक्षित साधनको प्रयोग किन भन्ने प्रश्नमा ६१ दशमलव ५ प्रतिशतले असुरक्षित गर्भधारणबाट बच्न बताए भने एचआईभी तथा एड्सबाट बच्न भनेर उत्तर दिने २९ दशमलव २ प्रतिशत थिए । यस्तै यौनरोगबाट बच्न बताउने ६ दशमलव २ प्रतिशत थिए ।

अध्ययनमा एचआईभी एड्सबारे जानकार ८४ दशमलव ४ प्रतिशत छन् भने अनिच्छित गर्भका बारेमा जानकार ६६ दशमलव २ प्रतिशत भेटिए । यस्तै हस्तमैथुनबारे जानकार युवा ७० दशमलव ६ प्रतिशत छन भने ४० दशमलव ४ युवती छन् । औसत ५६ दशमलव २ प्रतिशत हस्तमैथुनबारे जानकार छन् ।

अध्ययनअनुसार सुरक्षित यौनसाधनका बारेमा ९६ दशमलव ७ प्रतिशत जानकार पाइएका छन् । यसअघिको अध्ययनअनुसार ९० दशमलव ४ प्रतिशतले यसबारेमा जानकार रहेको बताएका थिए । गर्भपतनबारे ८७ प्रतिशत जानकार रहे पनि गर्भपतनको कानुनी व्यवस्थाबारे ६७ प्रतिशतले मात्र थाहा पाएको बताएका थिए ।

बहुसंख्यक युवाहरूमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी ज्ञानको अभाव रहेको संस्थाले जनाएको छ । 'यो तथ्यांक विवाहअघि यौनसम्बन्ध राख्ने ७७ जनामा आधारित छ', शाक्यले भने- 'देशका अधिकांश ग्रामीण क्षेत्रमा अझै पनि युवायुवती यौन तथा प्रजननका विषयमा कुराकानी गर्न रुचाउँदैनन् ।'

आधुनिकीकरण र पश्चिमीकरण प्रभावका कारण आजभोलि किशोर-किशोरी तथा युवा-युवती यौन र प्रजनन स्वास्थ्यका कारण जिज्ञासु हुन थाले पनि विद्यालय तहको शिक्षा यसबारेमा सचेतना फैलाउन प्रभावकारी नभएको विश्लेषण संस्थाकी निर्देशक कमला थापाको छ । 'पर्याप्त जानकारी अभावकै कारण अहिले पनि किशोर किशोरीमा अनिच्छित गर्भधारण तथा यौन रोगजस्ता समस्या देखिएका छन्,' उनले भनिन्- 'अहिलेको पुस्तालाई यौनसम्बन्ध राख्न वा नराख्न सल्लाह दिने हाम्रो अधिकार छैन, तर सुरक्षित यौनसम्पर्कका बारेमा उनीहरूलाई सचेत गराउनुपर्छ ।'

## प्रजनन स्वास्थ्य सेवामा युवाहरूको पहुँच छैन

**सुनौलो परिवार नेपालले गरेको पछिल्लो अध्ययनको औचित्य के हो ?**

यो अध्ययनमा १० देखि २४ वर्षका किशोर-किशोरी तथा युवाहरूलाई समेटिएको छ । भोलिको जनसंख्याको स्थिति आजका किशोर-किशोरी तथा युवाहरूको यौनव्यवहारमा निर्भर रहने भएकाले उनीहरूको यौन व्यवहार तथा प्रजनन स्वस्थ्यबारे जानकारी लिन यो अध्ययन गरिएको हो । विवाहपूर्व यौनमा किन संलग्न हुन्छन् भन्ने कुरा यो अध्ययनले देखाएको छ । हामीकहाँ परिवार नियोजन, बन्ध्याकरण लगायतका सेवा-सुविधाहरू उपलब्ध भए पनि महिलाहरूले पाँच-छ जना बच्चा जन्माइरहेका देखिन्छन् । उनीहरूले बेलैमा प्रजनन स्वस्थ्यबारे थाहा पाएका भए यस्तो अवस्था आउने थिएन ।

**अध्ययनले के देखायो ?**

आधुनिकीकरण तथा पश्चिमीकरणका कारण आजभोलि किशोर-किशोरी तथा युवाहरू प्रजनन क्रियाकलापमा जिज्ञासा राख्न थाले पनि विद्यालयतहमा यौन शिक्षाको अभाव छ । अन्य चेतनामूलक कार्यले पनि प्रभावकारी रूपमा जनचेतना फैलाउन सकेको छैन । जसले अझै पनि बहुसंख्यक किशोर-किशोरी अनिच्छित गर्भधारण तथा यौनरोगबाट ग्रसित देखिन्छ ।

**यसको कारण ?**

गरिबी, अशिक्षा र किशोर-किशोरीमा हुने यौन दुर्व्यवहार र अभिभावकले समयमै यौनबारे उचित जानकारी गराउन नसक्नाले यस्तो स्थिति देखिएको हो ।



**प्रवीण शाक्य**
**सह–निर्देशक, सुनौलो परिवार नेपाल**

**विवाहअघिको यौनलाई कसरी हेर्नुभएको छ ?**

किशोर-किशोरीहरूलाई विवाहपूर्व यौनसम्पर्क नराख्न हामीले सचेत गराए पनि यो उनीहरूको नितान्त व्यक्तिगत अधिकारको कुरा हो । तसर्थ उनीहरूको अधिकार हनन हुने काम गर्नुभन्दा यौन तथा प्रजनन व्यावस्थापन गर्न सक्षम बनाउनु उपयुक्त हुन्छ, जसका लागि उनीहरूलाई यससम्बन्धी पूर्ण परामर्श र सूचना दिनुपर्छ ।

**अबको आवश्यकता के हो त ?**

युवामैत्री यौन तथा प्रजनन स्वस्थ्य शिक्षा र स्वस्थ्यसेवामा युवाहरूलाई सहज पहुँच अभिवृद्धि गर्नु तथा गराउनुपर्छ ।

+2/ SLC फेल ? No चिन्ता !!! नेपाल सरकार शिक्षा कार्यालयवाट मान्यता प्राप्त शैक्षिक संस्था
Math/Science नपढि, Test नदिई S.L.C. पास, कक्षा ११ नपढि १ वर्षमा नै सजिलै +2 पास गर्न सकिने NIOS Board मा अन्तिम भर्ना !!
प्राईभेट Test/ SLC नयाँ भर्ना खुल्यो ।
➢कक्षा ७, ८, ९ फेल भए पनि SLC दिन पाईने । ➢Math/ Science नपढि कुनै पाँच विषय पढे पुग्ने । ➢HSEB/ TU, नेपाल सरकार र विश्वभरि मान्यता प्राप्त । ➢जागिरे तथा गृहिणीले स्वअध्ययन गरेर नेपाली भाषामा पनि परीक्षा दिन सकिने। ➢पास गर्न अत्यन्त सजिलो । सिमित सिट मात्र बाँकी सिघ्र सम्पर्क राख्नुहोला ।
पिस भिजन ओपन स्कूल सोह्रखुट्टे (ओरालो मोड) फोन नं.: ०१-६९१३२८६

PEACE VISION
सोह्रखुट्टेमा विशेष छुटमा सिकौं
COMPUTER
➢ Basic Course ➢Graphics Designing ➢ A/C Package ➢Web Designing
LANGUAGE
➢ENGLISH ➢JAPANESE ➢ HEBREW
TUITION
दक्ष र अनुभवि स्कुल तथा क्यम्पस कै Teachers वाट कक्षाहरू सञ्चालन भईरहेको छ। SLC/ +2/PCL & Bachelor Level's (Math, Science, English, A/C, B. Math, Physics, Chemestry etc.)
01-6913286 Sorhakhutte

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

+2/SLC ९ महिना मै
□ ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
□ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
□ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
□ SLC/+2 मा ५ विषय पढे पुग्ने ।
□ जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने ।
□ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
□ Nepali/English भाषामा परीक्षा दिन सकिने ।
अन्तिम भर्ना विशेष छुटमा
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

BANKING & Finance TRAINING
SWISS Institute of Banking Putalisadak - 4433924 Kathmandu

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशनपछिको दागहरू हटाउन
- शरीरमा आगोले पोलेर भएको समस्याको लागि
- नाक, कान, आँखासम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धी कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल हात्तिवन, हरिसिद्धि, ललितपुर ५२५०६६५, ९८०३८८३५७७

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इञ्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ. सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि. अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौ ४२४६९३६, ९८०२०३१७६६

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल· Ktm Ph:- 4363215, 9721315801

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧ Housekeeping ✧ Front Office ✧ Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧ Airfare & Ticketing (Fare Calculation) ✧ Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧ Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरुको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd. Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

# अवसर हेयर डिजाइनमा

शिव मुखिया

अब्रोड स्टडीको सोच बनाएका हरि दाहाललाई बेलायतमा अध्ययनरत भाइले सुझाए- 'यता आउँदा हातमा सीप लिएर आउनू।' उनले भाइको सल्लाह टार्न सकेनन्, अनि लागे सीप सिक्नतिर। साप्ताहिकसँगको भेटमा उनी एउटा डमीको केश सजाउँदै थिए। बेलायतमा रहेका भाइले 'हेयर डिजाइनमा राम्रो स्कोप छ' भनेपछि आफ्नो ध्यान यता तानिएको उनले बताए। 'हेयर डिजाइनरले सजिलै रोजगारी पाउँछन्' भाइको भनाइ उद्धृत गर्दै उनले थपे- 'त्यसैले पढाइसँगै यो तालिम पनि लिएको।'

त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरिरहेका दीपक खड्काको कथा पनि उस्तै छ। क्यानाडामा अध्ययनरत भाइको सल्लाह अनुसार उनले 'हेयर डिजाइन' सिकिरहेका छन्। 'हातमा सीप भए दुःख पाइँदैन' उनले भने- 'जहाँ गए पनि काम लाग्छ।' डेढ महिनामा दीपकले केशको सौन्दर्यका सम्बन्धमा धेरै-थोरै जानकारी हासिल गरिसकेका छन्।



तस्बिर : नवराज बाग्ले

सौन्दर्यप्रति सचेत, फेसनको ट्रेन्डलाई पच्छ्याउने युवायुवतीहरू अहिले केशको श्रृंगारमा विशेष ध्यान दिन थालेका छन्। स्टाइलसँगै फरक लुक्स दिन सकिने सोचले केशमा पैसा खन्याउनेहरूको ताँती नै लाग्न थालेको छ। राजधानीका पार्लरहरूमा मात्र नियाल्ने हो भने पनि युवायुवतीमा केशको सौन्दर्यप्रतिको आकाशिंदो क्रेज सहजै अनुमान गर्न सकिन्छ। पार्लरहरूमा केशलाई विभिन्न आकार-प्रकार दिने एवं रंग-रोगन गर्ने युवायुवतीको भीड कम देखिँदैन। यसरी फेसनकै एक पाटो बनेको 'हेयर डिजाइनमा' कतिपय युवायुवतीले चाहिँ रोजगारको अवसर खोजिरहेका छन्। केश श्रृंगार गर्ने सीप सिके मनग्ये आम्दानी लिन सक्ने दूरदृष्टि बोकेका युवायुवतीहरू हेयर डिजाइनको कोर्स गर्ने होडमा भेटिए।

सन्तोषी श्रेष्ठकै कुरा गरौं, हेयर डिजाइनमै करियर बनाउने ध्याउन्नमा रहेकी उनी यसबाट सजिलै गुजारा चलाउन सकिने बताउँछिन्। 'राम्रोसँग सिकिसकेपछि आफ्नै पार्लर खोल्ने' उनले योजना सुनाइन्- 'यति गरेपछि अन्त भौंतारिनु पर्दैन।' श्रेष्ठ यतिबेला सानैदेखिको रुचिलाई पेसामा बदल्न अहोरात्र खटिएकी छिन्। उनलाई के पनि लागेको छ भने 'यो पेशा दामका लागि मात्र होइन नामका लागि पनि उपयुक्त छ।' झापाका प्रमोद लुइँटेल पनि रोजगारीको अवसर देखेर हेयर डिजाइनको तालिममा तल्लीन छन्। सीप सिकेपछि आफै पार्लर सञ्चालन गर्ने उनले बताए।

सौन्दर्यका लागि केशलाई थरीथरीका साजसज्जा दिने ट्रेन्डसँगै हेयर डिजाइनिङमा युवायुवतीको क्रेज बढ्दै गएको प्रशिक्षक तथा कोर्स डाइरेक्टर मञ्जरी राजभण्डारी बताउँछिन्। 'पहिले-पहिले लामो केश महिलाको गहना मानिन्थ्यो' राजभण्डारीले भनिन्- 'अहिले समय फेरिएको छ, पुरुषहरू पनि केशको सौन्दर्यप्रति सचेत हुन थालेका छन्।'

पुरुष हुन् वा महिला, सबै उत्तिकै पार्लर धाउने गरेका छन् केश श्रृंगारका लागि। सौन्दर्यविद् डा. राज्यश्री श्रेष्ठ भन्छिन्- 'केश व्यक्तिको समग्र सौन्दयको महत्त्वपूर्ण पाटो भएकाले त्यसको श्रृंगारलाई ध्यान दिइएको हो।' केशको स्याहार र सुन्दरताबिना समग्र व्यक्तिको सौन्दर्य नखुल्ने उनको तर्क छ।

मौसमअनुसार विभिन्न शैलीमा केश परिवर्तन गर्न रुचाउँछन् युवायुवतीहरू। कुनै बेला 'आसिकी कट'मा रमाउनेहरू आजभोलि 'कोरियन कट'मा लोभिन थालेका छन्। कोरियन कटको नाममा चाइनिज एवं जापानिज केश शैलीलाई पच्छ्याउने गरिएको छ। केशलाई स्ट्रेट एवं रेजर गर्ने ट्रेन्ड पनि निकै छ अहिले।

केशको साजसज्जा परिवर्तन गर्ने मात्र होइन शरीरलाई जस्तै केशलाई पनि स्वस्थ्य राख्न चाहनेहरू पनि कम छैनन्। केशलाई स्वस्थ्य राख्न नियमित मसाज गराउनेहरू थुप्रै भएको हेयर डिजाइनका सहायक प्रशिक्षक रमा लामिछाने बताउँछिन्।

यसरी केशलाई सौन्दर्यकै महत्त्वपूर्ण अंश मानेर पैसा खर्चिनेहरू बढ्दै गएकाले यो क्षेत्रमा रोजगारीको अवसर खुलेको हेयर डिजाइनर नील डेभिड बताउँछन्। 'आय आर्जनका लागि यो राम्रो क्षेत्र हो' नील भन्छन्- 'लगनशील युवायुवतीले रोजगारीका लागि हेयर डिजाइनलाई पेसाका रूपमा अपनाउन सक्छन्।'

### करियरका लागि

हेयर मेकअप, कटिङ, वेल मसाज, सेटिङ, हाइलाइट, कलरिङ आदि काममा पोख्त भएपछि कमाइका लागि अन्त गैरहनु पर्दैन। केशको श्रृंगारका लागि आवश्यक सीप सिकेर विदेशमा होस् वा स्वदेशमा रोजगारी गर्न सकिन्छ। आफूलाई यो क्षेत्रमा रुचि छ भने राजधानीका विभिन्न तालिम केन्द्रहरूबाट हेयर डिजाइनको कोर्स गर्न सकिन्छ।

हेयर डिजाइन एउटा कलात्मक काम हो। यसमा सिर्जनशील क्षमता पनि उत्तिकै आवश्यक हुन्छ। केश के हो, यसको बनावट कस्तो हुन्छ ? जस्ता आधारभूत कुरादेखि केशको सौन्दर्यका सम्बन्धमा सैद्धान्तिक एवं व्यावहारिक ज्ञान पनि हासिल गर्नुपर्छ।

राजधानीमा हेयर डिजाइनको छोटो तथा लामो अवधिको तालिम लिन सकिन्छ। एक महिने, तीन महिने र छ महिने कोर्स गरेर हेयर डिजाइनर बन्न सकिन्छ। सामान्यतः एक महिने कोर्सका लागि ८ हजार रुपैयाँ, तीन महिने कोर्सका लागि १८ हजार रुपैयाँ र ६ महिने कोर्सका लागि ३२ हजार रुपैयाँसम्म लाग्ने तालिम सञ्चालकहरू बताउँछन्। बेसिक र एड्भान्स कोर्स अन्तर्गत हेयर कटिङ, स्टाइलिङ, मेकअप, फेसियल जस्ता कुराहरूको प्रयोगात्मक ज्ञान प्रदान गरिन्छ।

केश श्रृंगारमा पोख्त भैसकेपछि निजी रूपमा पार्लर सञ्चालन गर्न सकिन्छ। त्यस्तै अरूले सञ्चालन गरेको पार्लरमा पनि रोजगारीको प्रशस्तै सम्भावना हुन्छ। अब्रोड स्टडीका लागि होस् वा कुनै सिलसिलामा विदेशिनेहरूका लागि होस् हेयर डिजाइनको सीपले रोजगारीको ढोका खोल्न सक्छ।

## केशका सम्बन्धमा सामान्य जानकारी

**बनावट**

**क्युटिकल-** यो केशको महत्त्वपूर्ण तह हो। यसको मुख्य कार्य भित्री तहको रक्षा गर्नु र कुनै पनि केमिकललाई भित्र जानबाट रोक्नु हो।

**कोर्टेक्स-** यो सबैभन्दा महत्त्वपूर्ण तह हो किनभने यसैमा केशको रंग निर्धारण हुन्छ। यसैमा प्राकृतिक रंग हुन्छ र यही तहमा रासायनिक पदार्थको असर हुन्छ।

**मेडुला-** यो सबैभन्दा तल्लो तह हो। मेडुला स्वस्थ भए केश मजबुत रहन्छ।

**प्रकार**

**साधारण केश-** जुन हेर्दा राम्रो देखिन्छ। जसमा कुनै पनि समस्या हुँदैन।

**चिल्लो केश-** यस्तो केश हेर्दा तेल लगाएको जस्तो देखिन्छ। यस्तो केसमा तेल ग्रन्थीहरू बढी सक्रिय हुनाले हुन्छ।

**सुख्खा केश-** यस्तो प्रकारको केश निर्जीव, सुख्खा अर्थात् फुंगो किसिमको हुन्छ। यस्तो केशमा तेलको मसाज तथा कन्डिसनरको निरन्तर प्रयोग गर्नु राम्रो हुन्छ।

**तीन प्रकारले बढ्छ**

**एनाजिन-** यो अवस्थामा केश छिटो-छिटो बढ्छ।

**क्याटाजिन-** यो अवस्थामा केही ढिलो गरी बढ्छ।

**टेलेजिन-** यो अवस्थामा भने पुरानो कपाल झर्छ र त्यसको ठाँउमा नयाँ उम्रन्छ।

**हेयर डिजाइनरमा कस्तो सम्भावना छ ?**

मैले सुरु गर्दा नेपालमा हेयर डिजाइनको खासै क्रेज थिएन। त्यसबेला यसलाई सामान्य पेसा भनेर हेय दृष्टिले हेरिन्थ्यो। अहिले यसमा ठूलो क्रेज छ। हेयर डिजाइन गर्नेहरू प्रशस्तै छन्। नेपालमा मात्र होइन विदेशमा समेत हेयर डिजाइनरले रोजगारी पाउन सक्छन्।

**कमाइ कति हुन्छ ?**

यो कुरा आफूमा पनि भर पर्छ। व्यक्ति दक्षता, सिर्जनशीलता हेरेर कम्तीमा ८ हजारदेखि ३५ हजार रुपैयाँसम्म नेपालमै मासिक आम्दानी गर्न सकिन्छ।

**कस्ता युवायुवतीले हेयर डिजाइनमा करियर बनाउन सक्छन् ?**

रुचि र लगनशीलता भएका जो कोही हेयर डिजाइनर बन्न सक्छन्। आफ्नो कामलाई सम्मान गर्न सक्नेले यसमा प्रगति गर्न सक्छन्



नील डेभिड
हेयर डिजाइनर

## कर्मरत जीवन बाँचौं

आजको काम भोलिका लागि छोड्दा हुने नोक्सानीका बारेमा धेरैपटक चर्चा भैसकेको छ। भोलि गर्ने काम आजै र आज गर्ने काम अहिल्यैको सिद्धान्त अनुसार आफ्नो कामलाई थाँती राख्नुहुँदैन, किनभने पलभरमा प्रलय पनि हुनसक्छ। यदि आफ्नो काम अहिले नै पूरा गर्न सक्यौं भने हामीलाई अरू काम गर्नका लागि बढी समय प्राप्त हुन्छ, जसले आफ्नो काम चाँडोभन्दा सिध्याउने कुरामा विश्वास गर्छ उसले जीवनको दौडमा निश्चित रूपबाट चाँडोभन्दा चाँडो पुरस्कार पाउँछ। उसलाई थाहा हुन्छ– हरेक दिन र हरेक क्षणको मूल्य हुन्छ। ऊ भावनाबाट होइन, बुद्धिले काम लिँदै यो सत्यलाई नहडबढाई सम्मान दिन्छ कि जीवनको कुनै भरोसा छैन त्यसैले हर क्षणको सदुपयोग गरौं।

हामी सबैको उमेरको सीमा हुन्छ, त्यसैले हामी जबसम्म जीवित हुन्छौं आफ्नो समयको पूरा सदुपयोग गरौं। हामीले गरेका कुराहरू हामी मरेपछि पनि जीवित नै हुन्छन्। यदि हामीले आजको काम भोलिलाई राख्ने हो भने हाम्रो आजको दिनको खाता बिल्कुलै खाली रहनेछ। काम आफ्नो होस् वा अरूको त्यसलाई समयमै सक्नु नै उपलब्धि हो। त्यसपछि त्यो काम पूरा गर्ने चिन्ताबाट मुक्ति मिल्छ। त्यसको विपरीत यदि अरूलाई वचन दिएर उसको काम थाँती राख्ने हो भने यो कहिल्यै नसोच्नुहोस् कि मानिसहरूले तपाईंलाई सज्जन भन्लान्।

एक वरिष्ठ समाजशास्त्रीले भनेका छन्- हामी संयोगले बाँचिरहेका छौं। जबसम्म हामी बाँच्छौं तबसम्म जीवनप्रति सकारात्मकता अपनाइ निरन्तर कर्मरत रहन्छौं र चाँडै नै आफ्नो लक्ष्य प्राप्तिका लागि कदम अघि बढाइरहन्छौं। त्यसको विपरीत यदि हाम्रो अन्त कहिले हुने हो भनेर मुख खुम्च्याएर बस्ने हो भन्दै हामीमा जति क्षमता छ, त्योभन्दा धेरै कम मात्र गर्न सक्छौं। मानिसले ठूलाभन्दा ठूला काम तब मात्र पूरा गर्न सक्छन् जब उनीहरू जीवनप्रति आशावान् रहन्छन्।

-रामहरि बञ्जारा


Language / Computer

English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)



Study Abroad: USA, UK Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)



LIVE & WORK
FRANCE, GERMANY, DENMARK, BELGIAM
युरोपका यी मुलुक (देश) हरूमा Aupair अथवा Culture Exchange Program अन्तर्गत Childcare Job गर्न ईच्छुक तथा १८ वर्ष देखि २७ वर्षसम्मका युवती / महिलाहरूको लागि सुवर्ण अवसर। यस Program अन्तर्गत Europe जाने महिलाहरूले सम्बन्धित देशको भाषा तथा सस्कृतिमा अभिरूचि राख्नुपर्नेछ।
विस्तृत जानकारीको लागि यथासिघ्र सम्पर्क राख्नुहोला।
GOLDEN ERA
Education & Career Dev. (P) Ltd.
New Baneshwor Bhind BICC Kathmandu
Tel: 4460286, 2043035
E-mail : info@goldeneracareer.com

# लोकप्रिय हुँदैछ गुगल वेभ

फेसबुकलगायतका सोसियल साइटमा रमाइरहेका प्रयोगकर्ताहरूका लागि खुसीको खबर । गुगलले गुगल वेभलाई बजारमा ल्याएको छ । यसले फेसबुकलगायत अहिलेका चर्चित सोसियल नेटवर्किङ साइटलाई माथ गर्ने अनुमान गरिएको छ ।

गुगल वेभ एउटा प्लेटफर्म वेब हो । यसमा काम र कम्युनिकेसन दुवै एकसाथ गर्न सकिन्छ । इमेल, च्याट, सोसियल नेटवर्किङ तथा विभिन्न डकुमेन्टलाई एउटै प्लेटफर्ममा समेट्न सकिन्छ । गुगल वेभको प्रयोगपश्चात हाम्रो कम्प्युटिङ ह्याबिटमै परिवर्तन आउने दाबी पनि यो क्षेत्रका विज्ञहरूले गरेका छन् । गुगल वेभको प्रयोगबाट हामी एकसाथ धेरै मानिससँग सम्पर्कमा हुन्छौं । यसको प्रयोगसँगै हामी इमेल, इन्टरनेटको प्रयोग मात्र गर्दैनौं, सोसियल नेटवर्किङ, इन्टरनेट सर्फिङ र च्याटिङजस्ता कम्युनिकेसन एकसाथ गर्न सक्छौं । यसको अर्थ अब हामीलाई छुट्टै नेटवर्किङ साइटमा जानुपर्ने आवश्यकता हुनेछैन ।

गुगल वेभ २१ औं शताब्दीको इमेल एकाउन्ट कस्तो हुन्छ भन्ने प्रश्नको जवाफमा आएको हो । गुगल वेभद्वारा एउटै डकुमेन्टमा धेरै साथीसँग काम गर्न सकिन्छ । यसमा रियल टाइम ट्रान्सलेसनको सुविधा पनि उपलब्ध छ र अहिलेसम्म यसले ४० भाषालाई सपोर्ट गरिसकेको छ ।



### प्रयोग

गुगल वेभको प्रयोगका लागि गुगल आईडीबाट लगइन गर्नुपर्छ । पेजको बायाँ साइडमा नेभिगेसन टुल र कन्ट्याक्ट लिस्ट देखिन्छ । यसमा आफ्नो जी-मेल लिस्टमा भएका र गुगल वेभ प्रयोग गरिरहेका सबै नाम देखिन्छन् । आफ्ना जुन साथी यो लिस्टमा छैनन्, तिनलाई यसको प्रयोगका लागि आमन्त्रण गर्न सकिन्छ । आमन्त्रण गरेपछि त्यसलाई स्वीकार गरे ती नयाँ साथीले पनि गुगल वेभ प्रयोग गर्न सक्छन् । जी-मेलको प्रयोगका लागि अर्को साथीले आमन्त्रण गरे जसरी यसमा पनि आमन्त्रण गर्नु आवश्यक छ ।

बीचको प्यानलमा न्यू-वेभ नामक एउटा आइकन हुनेछ । यसमा क्लिक गर्दा दायाँ साइडतिर एउटा नयाँ विन्डो खुल्नेछ । यो नयाँ डाइलग सुरु गर्नका लागि उपलब्ध वेभ विन्डो हो । यहाँ आफ्नो कन्ट्याक्ट लिस्टमा रहेका कुनै पनि साथीको नामलाई ड्र्याग गरेर लिन सकिन्छ र उनसँग आवश्यक कुराकानी गर्न सकिन्छ । यति मात्र होइन, यो कुराकानीमा लिस्टमा रहेका अन्य साथीलाई पनि संलग्न गर्न सकिन्छ । रोचक पक्ष के छ भने जब आफ्नो म्यासेज टाइप गरिन्छ, टाइप गरेका ती शब्द कुराकानीमा संलग्न सबै साथीले एकै पटक लाइभ रूपमा देखिरहेका हुन्छन् । गुगल वेभको खास विशेषता नै यही रियल टाइम फिचर हो ।

त्यसैगरी कुनै तस्बिर पनि ड्र्याग गरेर वेभमा राख्न सकिन्छ । उक्त तस्बिर आफ्नो लिस्टमा संलग्न सबै साथीले हेर्न सक्छन् । यसबाहेक यसमा आफ्ना साथीहरूको ब्लग, इमेल एकाउन्ट, गुगल डकुमेन्टजस्ता विभिन्न फिचरहरू पनि कनेक्ट गर्न सकिन्छ । त्यसैले यसलाई एउटा साझा एकाउन्टका रूपमा बुझ्न पनि सकिन्छ तर कुनै प्रयोगकर्तालाई आफ्नो गोपनियताका लागि प्राइभेट म्यासेज पनि दिन सकिन्छ । यसमा प्ले-ब्याक नामक खास फिचर पनि छ । यसको सहयोगबाट च्याट तथा इमेल दुवै एकपटक गर्दा भएका कुराकानीलाई फेरि रिवाइन्ड गरी हेर्न सकिन्छ । गुगल वेभलाई जति धेरै प्रयोग गरिन्छ यो विन्डो उति नै धेरै भरिन्छ ।

### सबल पक्ष

यसमा भएका कमसेकम तीन सुविधाका कारण अहिलेका इमेल सुविधाभन्दा यो बढी लोकप्रिय हुने आशा गरिन्छ ।

### स्पुफिङको रोकथाम

कहिलेकाहीं हाम्रो इनबक्समा कुनै परिचित व्यक्ति वा कम्पनीका इमेल आउँछन् तर ती इमेल ती व्यक्ति वा कम्पनीले पठाएका हुँदैनन् । तिनलाई कुनै ह्याकरद्वारा पठाइएको हुन्छ । यसलाई स्पुफिङ भनिन्छ । गुगल वेभ यस प्रकारको स्पुफिङबाट मुक्त हुनेछ । गुगल वेभमा प्रयोग गरिएको अथेन्टिकेसन प्रोग्रामले यी सबै अनावश्यक कार्यबाट मुक्ति दिनेछ । पहिले नै फिल्टर गरेर मात्र यस्ता इमेल वा अन्य प्रोग्राम आउनेछन् ।

### ह्वाइट लिस्टिङ


यसमा ह्वाइट लिस्टिङ नामको नयाँ सुविधा पनि मिल्नेछ । कन्ट्याक्ट लिस्टमा भएका सबैले पठाएको वेब आवश्यक नपर्न सक्छ । त्यसैले आफूले चाहेका साथीको मात्र छुट्टै नयाँ लिस्ट बनाउन सकिन्छ । यो लिस्टभन्दा बाहेकका कसैको वेब प्राप्त हुँदैन । यसले गर्दा इनबक्स अनावश्यक इमेलले भरिँदैन । यसले गर्दा कुनै स्पाम वेब पनि आउँदैन तर यो सुविधा जोड्न भने बाँकी नै छ ।

### समस्या

सुरुमा गुगल वेभको प्रयोग गर्न भने केही समस्याजस्तो लाग्छ, तर यसको प्रयोग गर्दै जाँदा एकदमै सहज हुनेछ । मुख्य समस्या एक्लैले यसमा एकाउन्ट खोल्न सकिँदैन । यसका लागि तपाईंलाई कसैले आमन्त्रण गर्नुपर्छ । त्यसपछि बल्ल तपाईंले आफ्नो एकाउन्ट खोलेर यसको प्रयोग गर्न सक्नुहुन्छ । त्यसैगरी आफ्नो साथीको पनि यसमा एकाउन्ट नभए यसको प्रयोग गर्न मन नलाग्ने हुन सक्छ तर यसलाई सामान्य रूपमै लिनुपर्छ । आफ्नो एकाउन्ट छैन भने पनि कसैलाई आमन्त्रण गर्न लगाउन सकिन्छ र साथीको छैन भने पनि आफूले उसलाई आमन्त्रण गर्न सकिन्छ । यसो भए रमाइलोसँग यसको प्रयोग गर्न सकिन्छ ।

## ● बेव वाच ●

## www.phobiaguide.com




कुनै पनि वस्तु वा चीजबाट डराउने रोगलाई फोबिया भनिन्छ । आइमाईदेखि डराउने रोगलाई गाइनोफोबिया भनिन्छ । धनी हुने पनि डर हुन्छ । त्यसलाई प्लुटोफोबिया भनिन्छ । केही बालबालिका स्कुल जान डराउँछन् भने त्यसलाई स्कोलिनोफोबिया भनिन्छ । त्यसैगरी कसैलाई अंग्रेजी भाषाको डर लाग्छ भने एंग्लोफोबिया भनिन्छ । पैदल हिंड्न डर लाग्ने रोगलाई अम्बुलोफोबिया भनिन्छ । यस्ता धेरै डर छन्, जसको सूची पनि लामै हुन्छ । यी सबै डरका बारेमा जान्नुपर्‍यो भने यो वेबसाइट खोल्न सकिन्छ । यसमा लगभग सबै डरको लामै सूची दिइएको छ । ती सूची अंग्रेजी अक्षरअनुसार क्रमबद्ध रूपमा राखिएका छन् । तर ध्यान राख्नुहोला, सबै सूची देखेर तपाईंलाई लोगोफोबिया होला नि ? लोगोफोबिया भनेको शब्दको डर हो ।

**र, यो पनि ...**

सन् १८७५ मा टेलिफोन इन्जिनियरिङ कम्पनी तनाका सिजो-सो र बल्व बनाउने कम्पनी हाकुनेत्सु-सा अस्तित्वमा आए । सन् १८९९ मा हाकुनेत्सु-साको नाम परिवर्तन गरी टोक्यो इलेक्ट्रिक कम्पनी बन्यो । तनाका सिजो-साको नाम पनि पछि सिबाउरा इन्जियरिङ वर्क्स भयो । सन् १९३९ मा दुवै कम्पनी विलय भएर एउटै बने । त्यसको नाम टोक्यो सिबाउरा इलेक्ट्रिक कम्पनी राखियो । यही टोक्यो सिबाउराको पहिला अक्षरबाट कम्पनीको नाम छोटकरीमा तोसिबा राखियो । यसमा टोक्योको टी र ओ तथा सिबाउराको एस, एच, आइ, बी र ए अल्फाबेट राखिएको छ ।

अहिले तोसिबाले उत्पादन गरेका सेमीकन्डक्टरहरू विश्वका मुख्य २० सेमिकन्डक्टरमा पर्छन् । त्यसैगरी यो पर्सनल कम्प्युटरका क्षेत्रमा पाँचौं नम्बरको कम्पनी हो । यसभन्दा अघि अमेरिकाको एचपी र डेल, ताइवानको एसर र चीनको लेनोभो कम्पनी छन् । अहिले तोसिबाले विभिन्न क्षेत्रका उच्च स्तरीय इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल सामग्रीको उत्पादन गर्छ । यसले घरायसी सामग्रीदेखि लिएर सूचना र सञ्चार-प्रविधिका उच्चस्तरीय सामग्रीसमेत उत्पादन गर्छ । यसको प्रधान कार्यालय जापानको टोकियोमा छ । गत जुन अन्त्यसम्मको रेकर्डअनुसार विश्वभर यो कम्पनीमा १ लाख ९९ हजार कर्मचारी छन् । यसका सेयर होल्डर मात्र ५ लाख ३० हजार ७ सय ३ जना छन् ।

# हेटौंडामा क्यान इन्फोटेकको तयारी पूरा

हेटौंडा- कम्प्युटर एसोसिएसन नेपाल, मकवानपुरले हेटौंडामा हिजो माघ २१ गतेदखि तेस्रो लजिटेक क्यान इन्फोटेक आयोजना गरेको छ । उक्त मेला माघ २५ गतेसम्म चल्नेछ । हेटौंडा इन्फोटेकमा यसवर्ष २ लाख दर्शकले अवलोकन गर्ने अपेक्षा राखिएको इन्फोटेकका संयोजक किशोर अर्यालले बताए ।

हेटौंडा क्यानमा १ सय व्यावसायिक कम्पनीले सहभागिता जनाएका छन् । १ सय २५ वटा स्टल रहेको क्यान मेलामा यस वर्ष डिजिटल प्रविधिका उपकरणहरू, कम्प्युटर र यससँग सम्बन्धित नयाँ उपलब्धिहरू राखिएको क्यान मकवानपुरका महासचिव सुवर्ण थापाले बताए ।

मकवापुरमा बढ्दै गएको प्रविधिको प्रयोगले यस्ता मेलाको आकर्षण अझ बढी हुने गरेको पाइएको छ । हेटौंडामा विकसित हुँदै गरेका बैंक, उद्योग, विद्यालयमा कम्प्युटरको बढ्दो प्रयोगले क्यान इन्फोटकको महत्त्व बढ्दै गएको छ । अहिले हेटौंडा र आसपासका विद्यालयहरूमा पनि कम्प्युटरमार्फत पढाइ हुने र टेलिमेडिसिन सेन्टरलगायतका सेवा भएका कारण क्यान मेला प्रभावकारी हुने कम्प्युटर एसोसिएसन अफ नेपालका केन्द्रीय उपाध्यक्ष दीपेन्द्र रेग्मीले बताए । उनका अनुसार क्यान इन्फोटेककै अवसरमा हेटौंडामा सूचना तथा सञ्चार प्रविधि सम्मेलन पनि हुनेछ । साइबर सिटी इन हेटौंडा नाम दिइएको मेलामा ५ वटा कार्यपत्र प्रस्तुत हुने र करिब ३ सय ५० जनाको सहभागिता रहने बताइएको छ ।

**-रामकुमार एलन**

## धरानमा पनि हुने

धरान- नयाँ नेपाल निर्माणको आधार सूचना प्रविधि सबैको सरोकार भन्ने नारासहित फागुन २१ देखि धरानमा क्यान इन्फोटेक आईसीटी प्रदर्शनी हुने भएको छ । आयोजक क्यान सुनसरीले सूचना तथा सञ्चार प्रविधिको विकास र यसको प्रयोग सम्बन्धमा अनुभव आदान-प्रदान गर्नु प्रदर्शनीको मुख्य उद्देश्य रहेको बताएको छ । प्रदर्शनीबाट विश्वमा सूचना तथा सञ्चार प्रविधिमा भएको नयाँ विकास र विस्तारबारे जानकारी मिल्ने बताइएको छ । आयोजक समितिका अध्यक्ष देवकुमार सुब्बाले भने-'यहाँका जनताले अहिलेको विश्वमा सूचना तथा सञ्चारको विकासबारे प्रत्यक्ष अवलोकन गर्ने पाउनु नै क्यानको मूल उद्देश्य हो ।' चार दिनसम्म धरानको कलेज रोडमा हुने प्रदर्शनीमा विभिन्न स्कुल, कलेज, व्यवसायी, सरकारी तथा गैरसरकारी निकाय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीहरूबाट आफ्नो सेवा तथा उत्पादनको जानकारी दिइनेछ । यसबाहेक फागुन २२ गते एकदिने सेमिनार आयोजना हुनेछ, जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञ तथा विज्ञहरूबाट खोज तथा सूचनामूलक कार्यपत्रहरू प्रस्तुत हुने आयोजकले जनाएको छ । कार्यक्रम अवधिभर १ लाख २० हजारभन्दा बढी सर्वसाधारण, विद्यार्थी, शिक्षक, उद्योगी तथा व्यवसायीहरूले सूचना तथा सञ्चारसम्बन्धी पछिल्ला उपलब्धिहरूबारे प्रत्यक्ष जानकारी पाउने आयोजकले जनाएको छ ।

**-भीषण राई**

# लक्ष्य बोक्नेलाई सबैले सहयोग गर्छन्

**पृष्ठ ५ बाट जारी**

त्यसबेला मेरा पुरुष साथीहरू हाँसोमा उडाउँथे । एउटी महिलाले अधिकृत हुने सपना देख्न गाह्रो छ, टप हुने कुरा गर्दा हाँसो उडाउनु स्वाभाविक थियो । मैले त्यस्तो हाँसोलाई सहज रूपमा लिन्थें तर दुईवटी छोरी जन्माउँदा, हुर्काउँदा दुई-तीन वर्ष खेर जाँदाचाहिँ प्रकृतिले महिलालाई पुरुषभन्दा बढी जिम्मेबारी दिएको महसुस हुन्थ्यो । यो पीडाभन्दा खुसी हुने कुरा थियो किनभने पुरुषले त्यस्तो सुखको अनुभव गर्न सक्दैन ।

**तपाईं ठीक त्यहीबेला टप हुनुभयो जुनबेला महिलालाई कोटा निर्धारण गरिएको छ, यसलाई कुन रूपमा हेर्नुभएको छ ?**

जब म नियुक्ति लिएर मन्त्रालय गएँ, त्यसबेला कर्मचारी साथीहरूले तपाईं खुलाबाट आउनुभयो कि कोटाबाट ? भन्ने प्रश्न गरे । यो प्रश्न सामान्य थियो तर मेरा लागि पीडादायी भयो । महिला देख्नेबित्तिकै कोटैबाट आएको हो भन्ने सोचाइ देख्दा कतै कोटाबाट आउने महिलाको अपमान पो हुने हो कि भन्ने लाग्यो । फेरि म प्रतिस्पर्धाबाट सर्वोत्कृष्ट भएकी हुँ भन्दै हिंड्ने कुरा पनि भएन । यो प्रश्न समग्र कोटा प्रणालीप्रति लक्षित छ भन्ने लाग्यो ।

**यसको अर्थ कोटा प्रणाली ठीक होइन भन्ने हो ?**

निश्चय नै कोटा प्रणालीबाट आएका कर्मचारीहरूलाई हेर्ने दृष्टिकोण राम्रो हुँदैन भन्ने महसुस भएको छ । यसले कर्मचारीमै वर्ग सिर्जना गर्छ । अर्कातिर कोटाबाट आउने व्यक्तिहरूको आत्मविस्वास केही गुमेको देखेकी छु । निजामती सेवामा यो पछि गएर ठूलो समस्या हुने देखिन्छ । यद्यपि कोटा प्रणालीबाट विभिन्न जात-जातिको प्रतिनिधित्व हुँदा सबैले निजामती सेवा मेरो पनि हो भन्ने सन्देश देशभरि जान्छ । यी दुई दृष्टिकोणलाई मिलाएर लैजाने यस्तो नीति बनाउनुपर्छ जसले समस्या समाधान गरोस् । यसका लागि एकपटक कोटाबाट आएकाहरूलाई दोस्रोपटकदेखि कोटा लागू नहुने तथा कोटाबाट आएकाहरूलाई प्रतिस्पर्धाबाट आएकाहरूझैं प्रतिभाशाली बनाउन थप तालिमको व्यवस्था गर्नुपर्छ । महिलाका लागि भने कोटाभन्दा पनि सशक्तीकरण चाहिएको छ ।

**निजामती सेवाको आकर्षणसँगै कर्मचारीप्रति आज जनताको दृष्टिकोण उति राम्रो छैन, के भन्नुहुन्छ ?**

कुनै संस्था आफैंमा नराम्रो हुँदैन । हामी जस्ता युवाले संस्थाप्रतिको नराम्रो धारणालाई परिवर्तन गर्नुपर्छ । निजामती सेवा आफैंमा सम्मानित, सुरक्षित एवं बृहत् कार्यक्षेत्र भएको क्षेत्र हो । महिलाका लागि निजामती सेवा सबैभन्दा आकर्षक क्षेत्र हो । यसलाई भ्रष्टाचारमुक्त, ढिलासुस्तीमुक्त बनाउनुपर्छ । यो जनतासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भएकाले जवाफदेही बनाउनुपर्छ । म सकेसम्म यी कुरामा ध्यान दिन्छु । भ्रष्टाचार कर्मचारीका कारण मात्र हुँदैन, यसमा राजनैतिक दलको पनि ठूलो हात हुन्छ । सरकारले राम्रो तलब नदिएका कारण पनि भ्रष्टाचार हुने गरेको देखिन्छ । मेरो हकमा भने श्रीमान् पनि जागिरे भएकाले र म कर्तव्यनिष्ठ भएकाले गलत काम हुँदैन ।

**कहिल्यै पनि भ्रष्टाचार गर्दिनँ भन्न सक्नुहुन्छ ?**

गर्दिनँ, प्रथम भएपछि मलाई मन्त्रालय रोज्ने स्वतन्त्रता दिइएको थियो । मैले यातायात, मालपोत वा श्रम रोज्न सक्थें तर मैले परराष्ट्रको प्रशासन सेवा रोजें । यो मन्त्रालय रोज्नुका पछाडि केही सिक्ने र राम्रो काम गर्ने योजना छ । अर्को कुरा संसारभरि नै पुरुषको तुलनामा महिला भएको कार्यालयमा भ्रष्टाचार कम हुन्छ भन्ने तथ्य सार्वजनिक भैसकेको छ । म एक्लैले भ्रष्टाचार नगरेर केही फरक पर्दैन तर मैले भ्रष्टाचार गरिनँ भने पनि निजामती सेवामा हुने भ्रष्टाचारको प्रतिशत कम हुन्छ भन्ने कुरामा म सचेत छु ।

**अश्विनी कोइराला**

# बर्डको मोबाइल सेट

नेपाल प्रा.लि.ले हालै नेपाली बजारमा विभिन्न मोडलका मोबाइल फोनहरू प्रस्तुत गरेको छ। धेरै फिचर समेटिएको तथा सस्तो मूल्यमा उपलब्ध यी फोनसेट हङकङका उत्पादन हुन्। हाल नेपाली बजारमा आकर्षक चार मोडलमा यो मोबाइल सेट उपलव्ध छ। यी मोबाइल सेटको नेपाली बजार मूल्य २ हजार ३ सय ५० रुपैयाँदेखि ६ हजार ३ सय रुपैयाँसम्म छ।



## हमिङ एस-१६८

हमिङ एस १६८ मोडल स्लिम डिजाइनमा तयार गरिएको छ । रंगीन स्क्रिनसहितको यो सेटमा एफएम रेडियो सुन्न सकिन्छ । यसमा टर्च लेड, ह्यान्डस् फ्रि तथा एसएमएस सुविधा छ ।

## फ्लेमिङ्गो एस-२३०



फ्लेमिङ्गो एस २३० मोडलमा उपलब्ध सेट स्लिम डिजाइनको छ । स्मार्ट क्यामेरा, एफएम रेडियो, एमपी थ्री र भिडियो प्लेयर जस्ता सेवा यो सेटमा समेटिएको छ । अडियो र भिडियो रेकर्डिङ गर्न सकिने यो सेटबाट एसएमएस, इएमएस, एमएमएस, डब्ल्युएपी, जीपीआरएस तथा ब्लुटुथको सेवा लिन सकिन्छ । यो मोबाइल सेटले ४ जीबीसम्मको मेमोरी सपोर्ट गर्न सक्छ ।



## किङ फिसर के-१०५

यो सेटमा दुईवटा सीमकार्ड राख्न सकिन्छ । दुईवटै सीम स्टेन्डबाई रहनु यो सेटको विशेषता हो । त्यसबाहेक मोसन सेन्सर, भिजिए क्यामेरा, एफएम रेडियो, एमपी थ्री तथा भिडियो प्लेयर सुविधा पनि यसमा छ । अडियो भिडियो रेकर्डिङ, ब्लुटुथ आदि सुविधाले युक्त यो सेटले चार गिगाबाइटसम्मको मेमोरी सपोर्ट गर्छ ।

## लभबर्ड एस-३०८




लभबर्ड एस-३०८ स्लाइडर सेट हो । कल अटो एन्सर विशेषता भएको यो सेट दुईवटा सीमकार्ड राख्न मिल्नेछ, जसको दुवै पिस दुवै स्टेन्डबबाई रहन्छन् । मोसन सेन्सरसहितको यो सेटमा १ दशमलव ३ मेगापिक्सेल क्यामेरा छ । यो सेटबाट एफएम रेडियो, एमपीथ्री, भिडियो प्लेयर, अडियो रेकर्डिङ, ब्लुटुथ सुविधा प्रयोग गर्न सकिन्छ । एसएमएस, इएमएस, एमएमएस, डब्ल्यु एपी, जीपीआरएस सेवा समेटिएको यो सेटमा भ्वाइस चार्ज तथा भाइब्रेटिङ किप्याड अप्सन पनि छ ।



# महिन्द्राको रोडियो

महिन्द्राले उत्पादन गरेको आकर्षक तीन मोडलका स्कुटर हालै नेपाली बजारमा उतारिएको छ । श्रेष्ठ इन्टरनेसनल ट्रेडिङ कन्सर्नले यि स्कुटरहरू बजारमा ल्याएको हो । जसमध्ये एक रोडियो हो ।

१ सय २५ सीसी क्षमताको यो स्कुटरलाई महिन्द्राले आरामदायक र शक्तिशाली स्कुटरका रूपमा प्रस्तुत गरेको छ । टेलिस्कोपिक सकसहितको यो स्कुटर यात्राका लागि सुरक्षित साधन भएको पनि जनाइएको छ । यो स्कुटरमा ४ दशमलव ५ लिटर इन्धन स्टोर गर्न सक्ने क्षमता छ । यसमा डिजिटल मिटर राखिएको छ । प्रतिलिटर ३५ देखि ४० किलोमिटर माइलेज दिने यस स्कुटरमा मोबाइल चार्जिङ प्वाइन्टको पनि सुविधा छ । यसबाट मोबाइल, एमपीथ्रीलगायत चार्ज गर्न सकिन्छ । रोडियो रातो, हरियो, ब्राउनलगायत सात रंगमा उपलब्ध छ । यो स्कुटरको नेपाली बजार मूल्य १ लाख ४५ हजार ९ सय रुपैयाँ छ ।





# बुढेसकालमा बाउ !

नायक शिव श्रेष्ठ कति वर्षका भए होलान् ? उनलाई नै यो प्रश्न सोध्यो भने जवाफ पाउन गाह्रै पर्छ तर यसै वर्ष मात्र उनले ५५ औं जन्मदिन मनाएको कुरा भने सार्वजनिक भैसकेको छ । शिव श्रेष्ठको उमेर चर्चाको विषय होइन, उनकी कान्छी श्रीमतीले भरखरै मात्र पहिलो सन्तानलाई जन्म दिएर उनलाई बुढेस कालमा बुवा बनाएको प्रसंग भने चर्चाका विषय बनेको छ । शिवकी श्रीमती सिर्जना श्रेष्ठले हालै छोरा जन्माएपछि उनी बुढेसकालमा बुवा बनेका हुन् । आफ्नी जेठी श्रीमतीसंग विगत लामो समयदेखि अलग रहँदै आएका श्रेष्ठले चितवन, रामपुरकी सिर्जनालाई चलचित्रको छायांकनस्थलमै मन पराएपछि उनीसंग प्रेम विवाह गरेका थिए । जेठी श्रीमतीले छोडेर विदेश गएपछि उनले दोस्रो विवाह गरेका हुन् । नायक श्रेष्ठको जेठी श्रीमतीका तर्फबाट चार छोरी र एक छोरा छन् ।



# हरिवंशको रोमान्स

दर्शकलाई हँसाइरहने कलाकार हरिवंश आचार्य रोमान्टिक स्वभावका छन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । टेलिभिजनको पर्दामा विभिन्न चरित्र निर्वाह गरेर दर्शकलाई हँसाई रहने हरिवंश झट्ट हेर्दा रोमान्टिक लाग्दैनन् । नजिकबाट चिन्नेहरुले मात्र उनको रोमान्टिक छवि नियाल्न पाएका छन् । उनी रोमान्स चाहिं कोसंग गर्दा रहेछन् त ? 'अरु त को संग गर्नु र, उही आफ्नै घरवालीसंग त हो नि, हरिवंशको जवाफ यही हो । वास्तवमै उनी श्रीमतीलाई अति नै माया गर्दा रहेछन् । उनी भन्छन् – 'मेरो साथमा कहिले नछुट्ने कुरा भनेकै श्रीमतीको तस्विर हो ।' पर्समा श्रीमतीको तस्विर राख्दैमा रोमान्टिक भइन्छ त ? पक्कै भईदैन । हरिवंश त हरेक दिन घरबाट बाहिर निस्कनु अघि श्रीमतीको गालामा किस गर्न कहिले बिर्सिंदैनन् । 'विवाह गरेदेखिकै बानी हो, हरिवंशका अनुसार श्रीमतीको गालामा किस गरेर घरबाट निस्किएपछि प्रायः कुनै पनि काम बिग्रँदैन ।



# गायिका निरुता सिंह

नायिका निरुता सिंहले चलचित्रमा अभिनय गर्न छाडेको झण्डै दुई वर्ष भयो । राम्रो अभिनय गर्ने नायिकाको रुपमा स्थापित भएकी निरुताले आफ्ना पछिल्ला चलचित्रको व्यावसायिक असफलतासंगै चलचित्र क्षेत्रबाट अघोषित सन्यास नै लिएकी छिन् । यतिबेला उनी प्रशिक्षणको क्रममा मुम्बईमा छिन् । फेसन डिजाइनिङको प्रशिक्षण लिन मुम्बई गएकी भनिए पनि उनी त्यहाँ अभिनयका लागि संघर्ष गर्न गएकी हुन् अथवा प्रशिक्षण नै लिन गएकी हुन्, उनैलाई मात्र थाहा छ । यहाँ उल्लेख गर्न लागिएको प्रसंग चाहिं उनी नायिकाबाट गायिका बन्नु हो । भरखरै बजारमा आएको गीति संग्रह 'दिपशिखा' मा निरुताले एउटा आधुनिक शैलीको वियोगान्त गीत गाएकी छिन् ।

गीतको म्युजिक भिडियोको छायांकन भरखरै सम्पन्न भएको छ । भिडियोकी मोडल तथा पूर्व मिस नेपाल उषा खड्गीलाई मात्र होइन भिडियोका निर्देशक अर्जुन अधिकारीलाई पनि निरुताको स्वरले मोहनी लगाएछ । गीतकार तथा संगीतकार दिवाकर भट्टराई पनि निरुताको स्वरमा जादू भएको स्वीकार्छन् । भिडियोका छायांकन युनिटमा भेटिएका निर्देशक अधिकारीको तर्क छ – 'निरुताले गायनलाई निरन्तरता दिइन् भने अभिनयबाट पाएको ख्यातिलाई संगीतमार्फत मेन्टेन गर्न सक्छिन् ।'

# माल्भिका पनि नायिका



पूर्व मिस नेपाल माल्भिका सुब्बा पुनः ग्ल्यामर क्षेत्रमै फर्किएकी छिन् । यसअघि म्युजिक भिडियो तथा विज्ञापनमा मात्र सिमित रहेकी सुब्बा अब चलचित्रमा नायिका भएकी छिन् । एउटा हाउजिङ कम्पनिमा कार्यरत माल्भिकालाई निर्देशक नवीन सुब्बाले चलचित्र 'गुडबाई काठमाडौं' मार्फत नायिका बनाउन लागेका हुन् । माल्भिकाले यसअघि पनि चलचित्र गड लिभ्स इन द हिमालयमा पनि अभिनय गरेकी थिइन् । अलग धारको यो चलचित्रको व्यावसायिक प्रदर्शन प्रारम्भ भएको छैन, त्यसैले नेपाली दर्शकले उक्त चलचित्रमा माल्भिकाको अभिनय हेर्न पाएका छैनन् । 'गुडबाई काठमाडौं'मा मेरो भूमिका गहन छ, चलचित्रको छायांकनमा व्यस्त माल्भिका भन्छिन् – 'यो चलचित्रको प्रदर्शनपछि मात्र म नियमित रुपमा अभिनयमा सक्रिय हुन्छु कि हुन्न भन्न सक्छु ।'



# कोरियोग्राफर जोडी

राजधानीमा फेसन शो र मोडलिङ प्रतियोगिता आयोजना हुनु नौलो कुरा होइन । यस्ता कार्यक्रममा सहभागी हुने मोडललाई क्याटवाकलगायतका विषयमा पारंगत बनाउनेमा कोरियोग्राफरको भूमिका महत्वपूर्ण हुन्छ । राजधानीमा आयोजना भैरहेका अधिकांश मोडलिङ प्रतियोगितामा प्रायः एक जना मात्र कोरियोग्राफर हुन्छन् । दिनेश शाही र चाँदनी लामिछानेचाहिं यो प्रसंगमा पृथक् छन् । पछिल्लो समयमा उनीहरु जोडि कोरियोग्राफरको रुपमा चर्चित छन् । दिनेशले सन् २००५ मा मिस्टर राजधानीको उपाधि जितेका हुन् भने चाँदनीले २००८ मा मिस राजधानीको मुकुट पहिरिएकी हुन् ।

एउटै शिर्षकको प्रतिस्पर्धामा उपाधि जितेपछि दुवैले सँगसँगै कोरियोग्राफी गर्ने निर्णय गरेका हुन् । उनीहरुले मिस्टर एन्ड मिस काठमाडौंको संयुक्त रूपका कोरियोग्राफी गरिसकेका छन् । यतिबेला उनीहरू चैत २८ गते आयोजना हुने मिस्टर एन्ड मिस राजधानीको कोरियोग्राफीका लागि जुटेका छन् । भन्नेहरू त दुवैबीच 'अफेयर' नै चलिरहेको छ पनि भन्छन् । यस प्रसंगमा उनीहरूको जवाफचाहिं के छ त ? दुवैले एउटै स्वरमा भने– 'संगै काम गरेपछि एक-अर्काप्रति आकर्षित हुनु स्वाभाविकै हो तर हल्ला चलेजस्तो अफेयरचाहिं होइन ।'

## ● फिल्मी खबर ●

### कृषाको अर्को

'कसम हजुरको' निर्माण गरिरहेकी निर्मातृ कृषा चौलागाईंले अर्को चलचित्र निर्माण गर्ने घोषणा गरेकी छिन् । चौलागाईंले सविर श्रेष्ठको निर्देशनमा अर्को चलचित्र निर्माण गर्ने घोषणा गरेकी छिन् । उनले चलचित्रको लेखनकार्यको जिम्मा शिवम अधिकारीलाई दिइसकेकी छिन् । घोषित चलचित्रका अन्य पक्षको टुंगो लेखनकार्य सकिएपछि थालिने कृषाले बताइन् ।

### छविलाल कञ्जुस छैन सकियो

हास्यचलचित्रका रूपमा ज्ञानेन्द्र देउजाको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'छविलाल कञ्जुस छैन' को छायांकन सम्पन्न भएको छ । अभिनेता नीर शाहले कञ्जुस छविलालको चरित्र निर्वाह गरिरहेको उक्त चलचित्रका निर्माता सञ्जय कुटु हुन् । चलचित्रमा राजेश हमाल, सुमन सिंह, सुमिना घिमिरे, मिथिला शर्मा आदि कलाकारले अभिनय गरेका छन् ।

### नवीनको गुडबाई

'नुमाफुङ' निर्देशन गरेको आठ वर्षपछि निर्देशक नवीन सुब्बाले चलचित्र 'गुडबाइ काठमाडौं' को निर्देशन थालेका छन् । गत आइतबार राजधानीमा सम्पन्न पत्रकार भेटघाट कार्यक्रममा उनले चलचित्रका बारेमा विस्तृत जानकारी गराए । काठमाडौंबाट विदेशिनुपर्ने वा पलायन हुनुपर्ने बाध्यताका तीनवटा कथाहरूलाई उनेर निर्देशक सुब्बाले चलचित्रको छायांकन आरम्भ गरेका हुन् । चलचित्रमा टीका पहारी, बिएस राणा, सुवास गजुरेल, कविता आले, महेश शाक्य 'कर्मा', माल्भिका सुब्बा लगायत दुई दर्जनभन्दा बढी कलाकारहरूले अभिनय गर्दैछन् ।

### फागुन ७ मा केडिवाइजे

'तिमी जहाँ छौ, म त्यहीँ छु...' वसन्त सापकोटाको संगीतमा प्रविशा अधिकारी र राजन इशानले गाएको यो गीतले चर्चा पाइरहेका बखत चलचित्र 'केडिवाइजे' अर्थात् 'कसलाई दिउँ यो जोवन' को प्रदर्शन मिति तय भएको छ । आगामी फागुन ७ देखि उपत्यकाबाहिरबाट उक्त चलचित्र सार्वजनिक गरिने भएको छ । नायक दिलीप रायमाझीको दोहोरो भूमिका रहेको उक्त चलचित्रमा निखिल उप्रेती, सुरज आरडी, झरना थापा र मेलिना मानन्धरको पनि मुख्य भूमिका रहेको छ ।

### आउने भयो मोस्ट वान्टेड

दिनेश पौडेलले निर्देशन गरेको चलचित्र 'द मोस्ट वान्टेड' प्रदर्शनका लागि तयार भएको छ । उक्त चलचित्रमा निखिल उप्रेती, रमित ढुंगाना, राजेश ढुंगाना, रेजिना उप्रेती, तेजुला खतिवडालगायतका कलाकारहरूको मुख्य भूमिका छ ।

### दिलमाया अरुणिमा

नायिका अरुणिमा लम्साल चलचित्र 'दिलमाया' को छायांकनमा व्यस्त छिन् । प्लस टु पढ्ने युवतीको भूमिकामा उनी उक्त चलचित्रमा देखिंदैछिन् । एलिजा रिजालको निर्माण तथा राजु गिरीको निर्देशन रहेको चलचित्र 'दिलमाया' मा निखिल उप्रेती नायक छन् ।





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २४ वर्षको भएँ । म अहिले अमेरिकामा छु । नेपालबाट आएको छ महिना भयो । अमेरिका आउनुअघि नेपालमा एक जना २० वर्षीया युवतीसँग मेरो सम्बन्ध सुरु भएको थियो । मैले २००९ को अमेरिकाको डिभी फर्म भरेर सँगै अमेरिका जाऔँ भन्दा उनले मानिनन् । उनले नमाने पनि म अमेरिका आएँ । मलाई उनी जहिले पनि तपाईंलाई असाध्यै माया गर्छु, म तपाईंबिना बाँच्न सक्दिन भन्थिन् तर उनले अमेरिका आउने मेरो प्रस्ताव अस्वीकार गरेर मेरो मन दुखाइन् । हाम्रो जात पनि मिल्दैन, तर पनि म उनलाई असाध्यै मन पराउँछु । उनका बारेमा मलाई सबै कुरा थाहा छ । उनको दु:ख देखेर मैले उनीसँगै विवाह गर्छु, तिमी राम्रोसँग पढ भनेको छु, तर उनले पढ्न मन गरेकी छैनिन् । आजभोलि म उनलाई धेरै मिस गरिरहेको छु । अहिले उनी मलाई तपाईंबिना बाँच्न सक्दिन, नेपाल कहिले आउनुहुन्छ भन्छिन् । मैले उनलाई अमेरिकाको नागरिकता पाएपछि मात्र नेपाल आउछु भनिरहेको छु, तर उनी मान्दिनन् । यस्तो स्थितिमा मैले के गर्न सक्छु ?**


**–कखग**

कुनै युवतीले तपाईंलाई मन पराएर माया गर्नुको अर्थ धेरै हुन सक्छ। ती युवतीले तपाईंलाई माया गर्छिन्। ती युवतीले तपाईंलाई जति माया गर्छिन् त्यति नै आफ्नो देशलाई पनि माया गर्छिन्। तपाईंको पत्रअनुसार उनी आफ्नो देश छाड्न तयार छैनन्, न त देशको नागरिकता नै। अहिले तपाईं देशको कहालीलाग्दो अवस्थाबाट तर्सेर अमेरिका पुग्नुभएको छ। अमेरिकाको रमझमले तपाईंलाई आकर्षित गरेको छ। तपाईं न अमेरिकालाई त्याग्न सक्ने न प्रेयसीलाई त्याग्न सक्ने स्थितिमा हुनुहुन्छ । तपाईंको यस्तो स्थितिको कारण पनि तपाईं आफैं हुनुहुन्छ। तपाईंले विचार गर्नुपर्ने कुरा के हो भने आफ्नो माया पाउन तपाईंले कसैलाई पनि देश छाड्ने, समाज त्याग्ने दबाब दिन सक्नुहुन्न, तसर्थ ती युवतीको माया तपाईंका लागि अनिवार्य छ भने ती युवतीमाथि, आफ्नो मुलुकमाथि विश्वास गरेर दु:ख-सुख जे भए पनि नेपाल फर्कनुमै तपाईंको हितमा छ।




# सित्तैमा काम गर्ने घोषणा

ओस्कार एवार्ड विजेता नायिका केट विन्सलेटले एउटा चलचित्रमा बिनापारिश्रमिक काम गर्ने घोषणा गरेकी छिन् । निर्देशक फ्रीड्रिक थोर फ्रीड्रिक्सनको नयाँ चलचित्र 'द सनसाइन ब्वाइ' मा केटले सित्तैमा काम गर्ने भएकी हुन् । यो चलचित्रमा केटले आफ्नो आवाजमात्र प्रदान गर्नेछिन् । केही समयअघि फ्रेड्रिकले केटलाई उक्त चलचित्रका केही फुटेज देखाएका थिए । त्यसपछि मात्र केटले चलचित्रमा आफ्नो आवाज दिने निर्णय गरेकी हुन् । ओर्टिजमबाट पीडित छोराको पालन-पोषणका क्रममा एउटी आमाको संघर्ष चित्रण गरिएको उक्त चलचित्रको फुटेज हेरेपछि केटको आँखा आँसुले भरिएका थिए । केटले उक्त फुटेज आफ्नी छोरी मियासँग बसेर हेरेकी थिइन् । 'द रिडर' का लागि ओस्कार तथा गोल्डन ग्लोब पुरस्कार विजेता केट पछिल्लो केही समययता चर्चाभन्दा बाहिर छिन् । 'म केही समयका लागि हराएकी थिएँ,' केट भन्छिन्– 'घरायसी काममा व्यस्त थिएँ तर अब पुनः चलचित्रकै संसारमा व्यस्त हुनेछु ।'



# बोलेनन् सलमान-ऐश्वर्या

अचानक पूर्व-प्रेमी र प्रेमिकाको भेट भए दुवैको प्रतिक्रिया कस्तो होला ? मात्र मुस्कुराउँछन् वा सामान्य हाइ-हेलो हुन्छ । यस विषयमा यकिन साथ यस्तै हुन्छ भन्न सकिँदैन । बलिउडमा कुनै समयमा प्रेमी-प्रेमिकाका रूपमा चिनिएका सलमान खान र ऐश्वर्या रायबीच प्रेमसम्बन्ध टुटेको पनि लामो समय बितिसकेको छ । ऐश्वर्या राय बच्चन परिवारकी बुहारी भएपछि सलमान र ऐश्वर्या रायबीच जम्काभेट भएको अवसर अत्यन्त कम सुन्नमा आएको छ तर पछिल्लो समयमा ऐश्वर्या राय र सलमान खानको एउटा चलचित्रको सुटिङका क्रममा जम्काभेट भएको छ । ऐश्वर्या निर्देशक सञ्जयलीला भन्सालीको चलचित्रको गुजारिसको सुटिङ गरिरहेकी थिइन् । संयोगवश सोही स्टुडियोमा सलमान खानको कुनै कामविशेषले उपस्थित भए । यसबीच यी पूर्व प्रेमी-प्रेमिकाबीच देखादेख भयो तर दुवैले न बोलीबाटै कुनै प्रतिक्रिया दिए न त मुहारको भावबाट । कुनै अपरिचितलाई देखे जस्तो भयो यी दुईको जम्काभेट ।




## हट अविवाहितमा
# कटरिना र राहुल



भारत मेट्रीमोनी नामक वेडिङ पोर्टलले सञ्चालन गरेको अनलाइन सर्वेअनुसार बलिउड बाला क्याटरिना कैफ तथा राजनीतिज्ञ राहुल गान्धी इन्डियाज मोस्ट एलिजिबल सिङ्गल महिला र पुरुषका रूपमा देखा परेका छन् । जहाँ कैफले २७ दशमलव ५ प्रतिशत मत पाएकी छिन् भने गान्धीले ३० प्रतिशत मत प्राप्त गरेका छन् । उक्त अनलाइन सर्वेमा कैफले अभिनेत्री विद्या बालन, प्रियंका चोपडा तथा दीपिका पादोकोणलाई पछि पारेकी थिइन् भने राहुलले भारतीय क्रिकेटरहरू महेन्द्रसिंह धोनी, युवराज सिंह, बलिउड स्टार साहिद कपुर, जोन अब्राहम तथा रणवीर कपुरलाई पछि पारेका थिए ।





# माधवनको बहादुरी

फिल्मी पर्दामा नायकको हिरोइज्म नौलो कुरा होइन, तर बलिउड अभिनेता माधवनले रिल लाइफमा मात्र नभएर रियलमा पनि बहादुरी देखाएका छन् । कुरा 'तनु वेड्स मनु' नामक चलचित्रको हो । यो चलचित्रको लखनउमा छायांकन भैरहँदा केही आवारा युवाले चलचित्रकी नायिका कंगना रणावतलाई निकै बेरदेखि सताइरहेका थिए । यसबीच छायांकन गर्न पनि गाह्रो भैरहेको थियो । त्यो देखेर चलचित्रका नायक माधवन फिल्मी पर्दामा जस्तै रियल लाइफमा पनि नायिकाका अगाडि आए । उनले निडरतापूर्वक त्यो युवाजमातलाई छायांकन स्थलबाट अन्यत्र पठाएर नायिका कंगना तथा सुटिङ युनिटलाई राहत दिलाए ।

# आमा बन्ने रहर

पप गायिका लिली ऐलनले आमा बन्ने चाहना व्यक्त गरेकी छिन् । आफ्ना ब्वाइफ्रेन्ड सेम कोपरको सन्तानको आमा बन्न हतार भएको उनले बताएकी छिन् । सिड्नीमा एउटा सांगीतिक कार्यक्रममा सहभागी हुने क्रममा आफ्ना प्रशंसकहरुलाई उनले आफू आमा बन्नका लागि उत्साहित भएको बताएकी हुन् । 'म शिशु चाहन्छु,' उनले भनिन्– 'तर म अहिले गर्भवती छु भन्न खोजेकी चाहिं होइन नि !' २४ वर्षीया लिलीले गत वर्ष नै आगामी मार्च महिनामा लन्डनमा हुने सांगीतिक यात्रापछि सांगीतिक क्षेत्रबाट केही समयका लागि विश्राम लिएर एकल गीतिसंग्रहको तयारीमा व्यस्त हुने घोषणा गरेकी थिइन् । तर सिड्नीमा आमा बन्ने इच्छा व्यक्त गरेर उनले आफ्ना प्रसंसकलाई अचम्म पारेकी छिन् । आफ्नो करियरका साथै व्यक्तिगत जीवनलाई पनि उत्तिकै ध्यान दिने गायिकाका रूपमा परिचित लिलीले पहिलो सन्तानलाई जन्म दिएपछि मात्र ब्वाइफ्रेन्डसँग वैवाहिक जीवन प्रारम्भ गर्ने योजना बनाएकी छिन् ।



# नछुट्टिने पक्का

हलिउडको लोकप्रिय जोडी ब्रान्जेलिना अर्थात् एन्जोलिना जोली तथा ब्राड पिटबीच सम्बन्ध-विच्छेद नहुने पक्का भएको छ । यसै साताको प्रारम्भमा उनीहरूले सम्बन्ध-विच्छेद गर्नका लागि २० करोड ५० लाख पाउन्डको अनुबन्ध तयार पारेको खबर सार्वजनिक भएको थियो । पिपल म्यागासिनका अनुसार यो जोडीबीच त्यस्तो कुनै पनि सम्झौता भएको छैन । अर्को एउटा स्रोतले पनि यो खबरलाई झुटो भएको दावी गरेको छ । यसबीच ब्राडका भाइ डोयुगले ब्राडसँग एन्जोलिनालाई छोड्न आग्रह गरेका छन् । 'ब्राडले एन्जोलिनालाई नछाड्ने हो भने हाम्रो परिवारमा नराम्रो उथलपुथल आउनेछ,' डोयुगले भनेका छन्– 'एन्जोलिनालाई हाम्रो परिवारप्रति खासै वास्ता नभएकाले मैले दाइलाई अनुरोध गरेको हुँ ।' स्रोतका अनुसार एन्जोलिना र ब्राडलाई केवल उनीहरूका छोरा-छोरीले मात्र एकसाथ बस्न बस्न बाध्य पारेका छन् । जबकि यी दुवै जना जीवनमा अलग-अलग वस्तुहरू चाहन्छन् ।



केवल एक प्रश्न

# तपाईं शनिबारको बिदा कसरी बिताउनुहुन्छ ?



चलचित्रको छायांकनमा व्यस्त भएको बेला शनिबारको खासै महत्त्व हुँदैन । फुर्सद भएको शनिबारको दिन काठमाडौंबाट अलिकति बाहिर निस्कन्छु र शान्त वातावरणमा आनन्दले बस्छु । बिदा रमझमभन्दा एकान्तमा बिताउन मन लाग्छ ।

**राजेश हमाल (नायक)**

शनिबारको बिदा ठ्याक्कै यसैगरी बिताउँछु भन्ने छैन । मुडअनुसार हुन्छ । कहिले दिनभरि सुतिदिन्छु । कहिले चलचित्र हेरेरै बित्छ । शनिबारको दिन घुम्नचाहिं त्यति जान्नँ ।

**झरना थापा (नायिका)**

शनिबारको दिन बाहिर निस्कन त्यति रमाइलो लाग्दैन । प्रायः परिवारसँगै हुन्छु । पारिवारिक जमघटमा सहभागी हुनु छ भने गइन्छ, नत्र घरमै बसेर रमाइलो गरिन्छ । कुनै विशेष परिकार पकाएर खाने काम पनि शनिबार नै हुन्छ ।

**अराज केशव (गायक/संगीतकार)**

परिवारसँग बसेर चलचित्र हेरेर नै दिन बित्छ । साँझ इभिनिङ वाकमा निस्कन्छु । शनिबारको एक दिन परिवारसँग बिताउँदा आफ्नै प्रकारको आनन्द आउँछ ।

**उषा रजक (नायिका)**

चलचित्रको छायांकनमा व्यस्त भएको बेला त शनिबार कहिले आयो र गयो भन्ने पत्तै हुँदैन, तर बिदाको बेलामा त सीधै चलचित्र हेर्न गइन्छ । साथीहरूसँग चलचित्र हेर्न जाँदा छुट्टी राम्रोसँग बितेको जस्तो लाग्छ ।

**आर्यन सिग्देल (नायक)**



# काठमाडौंमा घर

सरिता लामिछाने (अभिनेत्री)

## • मेरो अनुभव •

काठमाडौंको कपनमा आफ्नै घर बनाएर सरेको छ महिनाजति भयो । 'आफ्नो घर' सबैको सपना हो । 'तपाईंको घर कता पर्छ ?' सामान्य चिनजानपछि प्रायः मानिसहरूको दोस्रो प्रश्न नै यही हुने गरेको छ । गएको वर्षसम्म मैले पनि मेरो घर नेपालगन्ज र माइती झापा भन्दै आएकी थिएँ, अहिले कसैले सोधे भने भन्छु- 'कपनमा' । मेरो हजुरआमाको माइती काठमाडौंमै भएकाले हजुरबुबा र उहाँ बेलाबखत काठमाडौं आइरहनुहुन्थ्यो । उहाँहरूले काठमाडौंका बारेमा वर्णन गर्दा मेरो बालमस्तिष्कमा यहाँको बेग्लै प्रकारको आकृति बन्थ्यो र कहिले पुगिन्छ होला हाम्रो देशको राजधानीमा ? भन्ने कल्पना गर्थें । १२-१३ वर्षको उमेरमा पढाईंका लागि फुपूहरूसँग काठमाडौं आउँदा यहाँ आउन पाइएको खुसीभन्दा बुबाआमा, साथीभाइ र घरपरिवारलाई छाडेर हिँडनुपरेकोमा म धेरै दुःखी थिएँ । त्यसैले यहाँको सहरी वातावरणमा 'एडजस्ट' हुन मलाई निकै समय गाह्रो भयो ।

त्यतिबेलाको काठमाडौं अहिलेको जस्तो थिएन । एघार वर्षअघि ऋषि लामिछाने (चलचित्र निर्देशक) सँग विवाह भएपछि पनि मैले 'काठमाडौंमा घर'को सपना देखेकी थिइनँ । विवाहपछि उहाँसँग डेरामा बस्न थालियो । घरबेटीको व्यवहार राम्रो भए पनि अर्काको घर भन्ने कुराले निष्फिक्रीसँग बस्न अप्ठेरो लागिरहन्थ्यो । फेरि महिनाको हजारौं रुपैयाँ बालुवामा पानी खन्याएजस्तो गरी भाडा तिर्दा मनै कटक्क पनि हुन्थ्यो । त्यसैले उहाँ (ऋषि) र मैले काठमाडौंमा घर बनाउने सपना देख्न थाल्यौं । सपना देखेकै कारण जोरजाम गरेर कपनमा जग्गा किनियो र सपना देखेको सात-आठ वर्षमै घर पनि बनाइयो ।






टेलिअभिनेत्री सुश्रुया निरौलालाई 'बिम्ली' भनेर धेरैले चिन्छन्। टेलिश्रृंखला 'मेरी बास्सै'मा धुर्मुसकी छिमेकी साथी बिमलीको

## ● तीन प्रश्न ●

भूमिकामा देखिन थालेपछि उनको चर्चा बढेको हो। उनी मंगलबार प्रसारण हुने टेलिश्रृंखला 'भै गो नि त'मा लिली भएर पनि देखा परिरहेकी छिन्। 'मेरी बास्सै'मा भने उनी अचेल देखिएकी छैनन्। "यातना" टेलिश्रृंखलामा 'लाटी केटी'को भूमिका निर्वाह गरेर अभिनययात्रा थालेकी सुश्रुयालाई उनको स्वाभाविक अभिनयका कारण उक्त श्रृंखला प्रसारण हुन्जेल धेरैले साँच्चै नै बोल्न नसक्ने युवती भनिठानेको अनुभव उनको छ। यसका अतिरिक्त पछिल्लो पटक उनले चलचित्र 'माया यो कस्तो माया' तथा अर्को एक चलचित्रमा सहनायिकाको भूमिका निर्वाह गरेकी छिन्। उनलाई अब टेलिचलचित्रका साथै चलचित्रहरूमा पनि अभिनय गरिरहने इच्छा बढेको छ। बिमली अर्थात् सुश्रुयासँग साप्ताहिकको तीन प्रश्न :

**मेरो बास्सैमा अभिनय गर्न छाड्नुभएको हो ?**

होइन, अचेल उहाँहरूले बोलाउनुभएको छैन। स्क्रिप्टमा मेरो भूमिकाको आवश्यकता भएपछि बोलाउनुहुन्छ होला।

**नृत्य र अभिनयका साथै रूपरंगले पनि साथ दिएको अवस्थामा तपाई चलचित्रमा नायिका पनि त हुन सक्नुहुन्थ्यो, किन हास्यअभिनेत्री बनेको ?**

'यातना'मा लाटी केटीको भूमिकामा देखिएपछि मलाई भेटेजति सबैले साँच्चैको लाटी भन्न थाले। त्यो छाप मेटाउन मलाई एउटा चञ्चले भूमिकाको आवश्यकता थियो, मेरो बास्सैमा बिम्लीको भूमिकाको प्रस्ताव आयो। अब बिम्लीको छाप परेको छ, त्यसलाई मेटाउन 'भैगो नि त' मा 'लिली'को भूमिका निर्वाह गरिरहेकी छु। फेरि 'लिली'को ठप्पा लाग्ने हो कि भन्ने डर छ।

**एकपछि अर्को टेलिश्रृंखलामा हास्यभूमिका निर्वाह गरेपछि हास्यअभिनेत्रीको ठप्पा त लाग्छ नि ?**

म आफूलाई सबैखाले अभिनय गर्न सक्ने अभिनेत्रीका रूपमा चिनाउन चाहन्छु। नेपालमा दर्शकले हास्यअभिनय बढी मन पराउँछन्। हास्यबाहेकका भूमिकामा अभिनय गरे पनि दर्शकले पक्कै पनि मलाई 'बिम्ली' भनेरै बोलाउँछन् जस्तो लाग्छ।



## ● जम्का भेट ●

नायिका झरना थापा ह्याट्रिक गर्ने तयारीमा छिन्। चलचित्रमा अभिनय गरेर होइन लगातार तीन पटक सर्वोत्कृष्ट नायिकाको एवार्ड जितेर। अघिल्लो वर्ष आफ्नै प्रोडक्सनको चलचित्र 'तकदिर' बाट केटिभी चलचित्र एवार्डको सर्वोत्कृष्ट नायिकाको एवार्ड जितेकी झरनाले यो वर्ष 'म तिमीबिना मरिहाल्छु' बाट पुनः सर्वोत्कृष्ट नायिकाकै एवार्ड जितिन्। आगामी वर्षको एवार्ड समारोहमा समेत यही एवार्ड जित्ने लगभग पक्का भएको उनको अनुमान छ। उनले मुम्बईमा बेचिएकी चेलीको भूमिका निर्वाह गरेको चलचित्र 'कहाँ छौ कहाँ' मा उनको भूमिकाको प्रशंसा समेत गरिएको छ। झन्डै एक दशकअघि चलचित्र 'दाइजो' मा अभिनय गरेर चलचित्र क्षेत्रमा आएकी झरनाले पछिल्लो चलचित्र 'किन लाग्छ माया'सम्म आइपुग्दा आफूलाई हरेक प्रकारको भूमिका निर्वाह गर्न सक्ने नायिकाको रूपमा स्थापित गरिसकेकी छिन्। केही वर्षअघि चलचित्र ए मेरो हजुरमा आँखा नदेख्ने युवतीको भूमिका निर्वाह गरेकी झरनाले यसै वर्ष निर्माण भएका दुई भिन्न चलचित्रमा आँखा नदेख्ने तथा कान नसुन्ने युवतीको भूमिका निर्वाह गरेकी छिन्। प्रदर्शनको तयारीमा रहेको चलचित्र 'तिमी मात्र तिमी' मा उनी बोल्न नसक्ने भूमिकामा प्रस्तुत भएकी छिन् भने 'कालापानी' मा आँखा नदेख्ने भूमिकामा। वर्ष २०६६ मा उनले अभिनय गरेका चलचित्रको संख्या १० पुगेको छ। मेरो प्यारो माइतीघर, मेरो के गति हुने हो, अरबपति, कालापानी, तिमी मात्र तिमी, औजार, किन लाग्छ माया, कवच, कसलाई दिऊँ यो जोवन, किन लाग्छ माया आदि उनले यसै वर्ष अभिनय गरेका चलचित्र हुन्। गत मंगलबार साँखुमा छायांकन भैरहेको चलचित्र 'किन लाग्छ माया' को छायांकन स्थलमा भेटिएकी नायिका थापासँग साप्ताहिकका कृष्ण भट्टराईको जम्काभेट :

**तपाई पछिल्लो समयकी सबैभन्दा व्यस्त नायिका बन्नुभएको हो ?**

आफैंले आफैंलाई व्यस्त नायिका भनेर घोषणा गर्नु उचित नहोला तर यो वर्ष मैले फुर्सदले बस्नु परेको छैन।

**व्यस्तताकै कारण होम प्रोडक्सनको चलचित्र निर्माणमा ढिलाइ भएको हो ?**

(हाँसो) ठीक भन्नुभयो। अन्य चलचित्रमा अभिनय गर्दागर्दै आफैंले निर्माण गर्ने नयाँ चलचित्र 'केटी हराएको सूचना' को निर्माण मिति पर सर्दैछ।

**लगातार सर्वोत्कृष्ट नायिकाको एवार्ड जितिरहनुभएको छ नि ?**

दर्शकको माया तथा मेरो मेहनतको प्रतिफल हो जस्तो लाग्छ।

**केही समयअघि निर्माता श्रीमान् सुनिलकुमार थापासागको सम्बन्धमा चिसोपन आएको खबर सार्वजनिक भएको थियो नि ?**

श्रीमान्-श्रीमतीबीच अलिअलि ठाकठुक हुनु त सामान्य कुरा हो नि। विगतमा हाम्रो बारेमा जे-जस्तो हल्ला चले पनि हामीबीच अत्यन्त सुमधुर सम्बन्ध छ।

**आगामी दिनमा कतिसम्म पृथक् भूमिका निर्वाह गर्ने योजना बनाउनुभएको छ ?**

प्रायः सबै प्रकारको भूमिकामा प्रस्तुत भैसकेकी छु तर हालसम्म मानसिक सन्तुलन बिग्रिएकी युवती बन्न पाएकी छैन। आगामी दिनमा त्यस्तो युवतीको भूमिका निर्वाह गर्ने विचार छ।

## ● सानो पर्दा ●

### निर्देशक बन्दैछन् नवराज

नवराज आचार्यले अब ठूलो पर्दाको चलचित्र समेत निर्देशन गर्ने भएका छन्। कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेका 'कलेज' तथा 'घरबेटी बा' का यी निर्देशकले चाँडै नै एउटा ठूलो पर्दाको चलचित्रको निर्देशन गर्न लागेका हुन्। 'स्क्रिप्टको काम हुँदैछ, नवराज भन्छन्– 'चाँडै नै कलाकार छनौट गरेर चलचित्रको छायांकन प्रारम्भ गरिनेछ।'

### नेपाल टेलिभिजनको रजत महोत्सव

नेपाल टेलिभिजनले प्रसारणको २५ वर्ष पूरा गरेको छ। प्रसारणको रजत महोत्सवको अवसर पारेर गत आइतबार नेपाल टेलिभिजनको प्रांगणमा आयोजित कार्यक्रममा राष्ट्रपति रामवरण यादवले टेलिभिजनमा लामो समयदेखि सेवारत कर्मचारीहरूलाई दीर्घ सेवा पदक प्रदान गरे।

### हास्यकलाकारसँग राष्ट्रपति

हास्यटेलिश्रृंखलाका कलाकारहरूले राष्ट्रपति रामवरण यादवलाई भेटेका छन्। केही समयअघि शीतलनिवासस्थित राष्ट्रपतिको कार्यालयमा भएको भेटघाट कार्यक्रममा हास्यकलाकारहरूले आफ्नो क्षेत्रका राम्रा-नराम्रा कुरा राष्ट्रपतिसमक्ष राखेका थिए। हास्यकलाकार शिवशंकर रिजालको पहलमा भएको भेटघाट कार्यक्रममा दीपकराज गिरी, दीपाश्री निरौला, दमन रूपाखेती, पल्पसा डंगोल आदि कलाकार सहभागी थिए।

### सिम्पल अब टेलिश्रृंखलामा

कान्तिपुर टेलिभिजनको भविष्य दर्शनमार्फत दर्शकमाझ परिचित सिम्पल खनालले मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य (मह) द्वारा निर्देशित नयाँ टेलिश्रृंखला पाठशालामा अभिनय गर्न थालेकी छिन्। स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने उद्देश्यले मह सञ्चारले



निर्माण गर्न लागेको यो श्रृंखलामा सिम्पलले गाउँले युवतीको भूमिका निर्वाह गरेकी छिन्।

### रातो-पीरोको लोकप्रियता

हास्यकलाकार राजु पौडेल अहिले एउटा नयाँ हास्यश्रृंखलाको निर्देशनमा व्यस्त भएका छन्। उनले निर्देशन गरेको श्रृंखला 'रातो-पीरो' विगत पाँच महिनादेखि नेपाल टेलिभिजन-२ मा प्रसारण भैरहेको छ। प्रत्येक बुधवार राति ८:३० बजे प्रसारण हुने यो श्रृंखला समसामयिक विषयवस्तुमा आधारित छ। यो श्रृंखलामा खेम शर्मा, आरपी भट्टराई, निरु विष्ट, राजु पौडेल, कृष्ण रेग्मी, रवि खनाल आदि कलाकारले मुख्य भूमिका निर्वाह गरिरहेका छन्।




### प्रीति पनि सानो पर्दामा

लामो समयदेखि बलिउडका चलचित्रमा नदेखिएकी नायिका प्रीति जिन्टा अब सानो पर्दामार्फत दर्शकमाझ आउने भएकी छिन्। सानो पर्दामा उनी कार्यक्रम सञ्चालिकाका रूपमा प्रस्तुत हुने तय भएको छ। इन्डियन प्रिमियर लिगमा व्यस्त भएकाले बलिउडबाट टाढिएकी प्रीतिलाई अहिले दुईवटा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव आइरहेको बताइन्छ। 'बियोन्ड द सिम' तथा 'द प्रीति जिन्टा शो' का लागि प्रस्ताव आए पनि उनले 'बियोन्ड द सिम' का लागि मात्र समय निकाल्ने भएकी हुन्। कार्यक्रमका एक जना निर्माताका अनुसार प्रारम्भिक २० श्रृंखलाका लागि प्रीतिलाई १२ करोड रुपैयाँ पारिश्रमिकस्वरूप दिइसकिएको छ। पहिलो चरणको कार्यक्रमले लोकप्रियता हासिल गरेमा दोस्रो चरणको कार्यक्रम पनि निर्मँण गरिने बताइएको छ।



## ● विदेशबाट ●

### स्विम सुटमा श्वेता

कसौटी जिन्दगीकीमा प्रेरणाको भूमिका निर्वाह गरेर दर्शकको मन जितेकी श्वेता तिवारीलाई इस जंगल से मुझे बचाओ...शीर्षकको रियालिटी शोले पनि चर्चित बनाएको थियो। उक्त कार्यक्रममा बिकनी लगाएर नुहाएपछि उनको चर्चा एकाएक चुलिएको थियो। बिकिनी लगाएर नुहाएपछि पाएको चर्चा सेलाउन नपाउँदै उनले पुनः एकपटक स्विम सुट लगाएर प्रस्तुत भएकी छिन्। भारतको नयाँ टेलिभिजन च्यानल 'अलग' का लागि निर्माण गरिएको भित्री पहिरनको प्रचारका लागि उनले स्विम सुट लगाएकी हुन्। ३३ वर्षीया नायिका श्वेताले उक्त उत्पादनका लागि केही समयअघि फोटोसेसन गराएकी छिन्। महिला दर्शकमाझ अत्यन्त लोकप्रिय रहेकै कारण श्वेतालाई स्विम सुटमा प्रस्तुत गरिएको बताइएको छ। अन्डर गार्मेन्ट तथा स्विम सुटको उक्त विज्ञापनमा प्रस्तुत भएपछि श्वेताले गृहिणी तथा युवतीहरूलाई समेत आकर्षित गर्ने अनुमान उत्पादन कम्पनीले लिएको छ।

● चलचित्र ●



# पहिलो पहिलो माया

प्रदीपकुमार उदयले निर्माण गरेको चलचित्र 'पहिलो पहिलो माया' प्रेमकथामा आधारित छ। चलचित्रमा नायिका एउटी छिन् भने नायक दुई जना छन्। बाल्यवस्थादेखिको प्रेमको सेरोफेरोमा निर्देशक दीपक श्रेष्ठले चलचित्रलाई अघि बढाएका छन्। यसै सातादेखि उपत्यका बाहिरका स्थानहरूमा क्रमशः प्रदर्शन गरिन थालिने यो चलचित्रमा निखिल उप्रेती र राजवल्लभ कोइराला नायक छन्।


कथा अनुसार सागरले आफ्नी बालसखी चाँदनीलाई १२ वर्षपछि भेट्छन्। चाँदनी भर्खरै विदेशबाट उच्च अध्ययन सकेर फर्केकी हुन्छिन्। उनीहरू एक-अर्कालाई प्रेम गर्न थाल्छन्। चाँदनीका बाबु प्रतापसिंहलाई उनीहरूको सम्बन्ध स्वीकार्य हुँदैन। बाबुसाग विद्रोह गरेर भए पनि उनी सागरलाई माया गर्न थाल्छिन्, परिणाम चाँदनी गर्भवती हुन्छिन्। प्रतापसिंह उनको गर्भ तुहाउने प्रयत्नमा लाग्छन् तर सागरले शिशुलाई बचाएर आफुसागै लैजान्छन्। बच्चा जन्मले अपांग हुन्छ। १० वर्ष जतिपछि सागरले शिशुको उपचारका लागि डाक्टरसाग सम्पर्क राख्छन्। संयोगवश ती डाक्टरसागै चाँदनीको विवाह हुन लागेको हुन्छ। डाक्टर र शिशुबीच मित्रता भएपछि सागरको पनि डाक्टरसाग मित्रता गाँसिन्छ। त्यसपछि डाक्टरको भेट चाँदनीसाग हुन्छ। विवाहका लागि तयार डाक्टर तथा हराएका प्रेमी र शिशुको दोसाँधमा चाँदनी उभिन्छिन्। उल्लेख गरिरहनु नपर्ला, चलचित्रमा सागरको भूमिकामा राजवल्लभ, चाँदनीको भूमिकामा युना र डाक्टरको भूमिकामा निखिल छन्। प्रतापसिंहको चरित्र सुनिल थापाले निर्वाह गरेका छन्। चलचित्रमा महेश खड्काको संगीत छ।



# डियर जोन

आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन हुने हलिउडको नयाँ चलचित्र 'डियर जोन' लाई ड्रामा, रोमान्स तथा एडप्टेसन श्रेणीमा राखिएको छ। १ घण्टा ४२ मिनेट लामो यो चलचित्रको निर्देशन ले हलस्ट्रोमले गरेका हुन्। चलचित्रमा चेनिङ टमुम, अमान्डा सेफ्राइड, रिचार्ड जेन्किन्स, हेन्री थोमस, डिजे कोट्रोना आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। सोनी पिक्चर्सले विश्वव्यापी वितरण गर्न लागेको यो चलचित्र १३ वर्षभन्दा माथिका दर्शकका लागि तयार पारिएको हो। अमेरिकाका विभिन्न शहरमा छायांकन गरिएको यो चलचित्रको निर्माण टर्कर टूलीले गरेका हुन्।

चलचित्रमा एउटा अमेरिकी सैनिकको प्रेमकथालाई चित्रण गरिएको छ। सेनाको जागिर खाइरहेका चलचित्रका नायक कलेजमा अध्ययनरत आफ्नी प्रेमिका भेट्नकै लागि बिदा लिएर घर फर्कन चाहन्छन्। घर फर्किने तयारी गरिरहेका बेला अमेरिकामा आतंककारी हमला हुन्छ। प्रेमिकाको घर नपुग्दै सेप्टेम्बर ११ को घटना घटेपछि उनको प्रेमसम्बन्ध अवरुद्ध हुन्छ। समय तथा दूरीको अवरोधका कारण कसरी एउटा मायालु जोडीको प्रेमकथा बीचैमा टुंगिन्छ भन्ने यथार्थलाई चलचित्रमा भावनात्मक रूपले चित्रण गरिएको छ।



# स्ट्राइकर

आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन हुने बलिउडको नयाँ चलचित्र 'स्ट्राइकर' चन्दन अरोडाले गरेका हुन्। क्राइम श्रेणीमा राखिएको यो चलचित्रमा आदित्य पञ्चोली, आर सिद्धार्थ, अनुपम खेर, पद्मप्रिया, निकोलेट बर्ड, अंकुर विकल, सीमा विश्वास आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। पाँच जना संगीतकारद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा सोनु निगम, सुनिधि चौहान, युवान शंकर राजा आदि गायक-गायिकाले स्वर दिएका छन्।

बलिउडमा यसअघि निर्माण भएका आउटडोर खेलका विषयमा आधारित चलचित्रभन्दा भिन्न 'स्ट्राइकर' मा इन्डोर खेलको कथावस्तुलाई समावेश गरिएको छ। चन्दनले 'स्ट्राइकर' मा घरभित्र खेलिने क्यारमबोर्ड खेललाई मुख्य विषयवस्तु बनाएका छन्। चलचित्रमा मध्यम तथा निम्नवर्गका व्यक्तिहरूको मनोरञ्जनको साधनका रूपमा रहेको क्यारमबोर्ड खेल अन्य खेलको तुलनामा कमजोर छैन भन्ने प्रसंग समेटिएको छ। यो खेल खेल्न धैर्यको आवश्यकता पर्छ भन्ने कुरालाई आकर्षक ढंगले चित्रण गरिएको छ। चलचित्रमा एक जना त्यस्ता युवकको कथा समेटिएको छ जो स्वास्थ्य खराब भएका कारण स्कुल जान पाउँदैनन्। घरमै बसेको बेला उनका दाजुले उनलाई क्यारमबोर्ड खेल्न सिकाउँछन्। १२ वर्षको उमेरमा जुनियर क्यारम च्याम्पियनसिप जितेपछि उनको खेलप्रतिको रुचि बढ्छ। किशोरावस्थामा पुगेपछि उनको खेलप्रतिको रुचि घट्छ। उनी दुबईमा गएर काम गर्न चाहन्छन्। दुबई पठाउने एजेन्टले पैसा खाइदिएपछि उनको सपना टुक्रिन्छ। यहींबाट उनको जीवनमा नयाँ मोड आउँछ। उनको सामना अपराधजगत्सँग हुन्छ। चलचित्रको अन्त्यमा उनी पुनः क्यारम बोर्डकै संसारमा आइपुग्छन्। चलचित्रमा असत्यमाथि सत्यको विजय भएको यथार्थलाई आकर्षक ढंगले चित्रण गरिएको छ।



# भ्यालेन्टाइन विशेष



सर्वाधिक बिक्री हुने साप्ताहिक सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजीव श्रेष्ठ

## जिया केसी

**यसै वर्ष निर्माण भएका** तीन नयाँ चलचित्रमा अभिनय गरेपछि जिया केसीले आफूलाई नायिकाका रूपमा स्थापित गर्ने तयारी पूरा गरेकी छिन्। दीपक श्रेष्ठको 'हो यही त हो माया', उदय सुब्बाको 'अग्निसाक्षी' तथा रमेश पोखरेलको 'आफ्नै मनलाई सोधी हेर' मा जियाले नायिकाको भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा अभिनय गर्न चारपाने, झापाबाट काठमाडौं आएकी जिया ५ फिट ४ इन्च अग्ली छिन्। कक्षा १२ मा अध्ययनरत जानी यी तीन चलचित्रको प्रदर्शनपछि आफू चलचित्र क्षेत्रमा स्थापित हुने कुरामा ढुक्क छिन्। 'फागुनको दोस्रो सातादेखि थप दुई नयाँ चलचित्रमा अभिनय गर्दैछु, जिया खुसी व्यक्त गर्दै भन्छिन्– 'एक वर्षमै पाएको सफलताका कारण उत्साहित पनि छु।'

## हसन खान

**यसै वर्षको प्रारम्भमा** मिस्टर राजधानी २००९ को उपाधि जितेपछि हसन खान नेपाली ग्ल्यामर क्षेत्रमा चिनिन थालेका हुन्। झन्डै ६ फिट अग्ला हसन यतिबेला नेपाली चलचित्रको नयाँ नायकका रूपमा चिनिएका छन्। भुवन केसीको निर्माणाधीन चलचित्र 'साथी म तिम्रो' विरेन श्रेष्ठको नयाँ चलचित्र 'मनले मलाई छुन्छ' मा नायकको भूमिकामा अनुबन्ध भए हसनले थुप्रै फेसन शोमा क्याटवाक गरिसकेका छन्। हसन सिराहा जिल्लाका स्थायी बासिन्दा हुन्। केही म्युजिक भिडियोमा समेत मोडलिङ गरिसकेका हसनलाई चलचित्र क्षेत्रमा प्रवेश गर्नेबित्तिकै चकलेटी नायकको उपाधि मिलिसकेको छ। साप्ताहिकका लागि भ्यालेन्टाइन डे विशेष फोटोसेसनमा सहभागी हुने क्रममा केही लजाएका हसन भन्दै थिए– 'नायिकासँग पहिलो पटक फोटोसेसनमा सहभागी भएकाले हल्का अप्ठेरो लागेको मात्र हो।'

\- कृष्ण भट्टराई







## • साताको स्वर •



### राम सिटौला

**मैले टेक्ने अखटोमा पराईको पाउ रै'छ... कस्तो शैली गीत हो ?**

यो अहिलेको चलनचल्तीमा रहेको आधुनिक गीतहरूभन्दा केही पृथक् अर्थात् लोक-आधुनिक शैलीमा आधारित गीत हो ।

**यसको संगीत तयार पार्न कति समय लाग्यो ?**

गीतका शब्दहरू उच्चारण गर्न केही गाह्रो भए पनि करिब तीन घण्टा लगाएर यसको धुन तयार पारेको हुँ ।

**धुन तयार हुनेबित्तिकै रेकर्डिङ गर्नुभयो कि कसैलाई सुनाउनु पनि भयो ?**

छोटो समयमै धुन तयार भए पनि म सन्तुष्ट थिइनँ । केही अग्रज संगीतकर्मीलाई सुनाएर उनीहरूले मन पराएपछि मात्र रेकर्डिङ गरिएको हो ।

**यही गीत दुई जना गायक-गायिकाले गाएछन् नि ?**

वास्तवमा यो गीत गायक टिकेन्द्र शिवाकोटीका लागि तयार पारिएको थियो । धुन मीठो बनेपछि गायिका दुर्गा खरेलले पनि गाउने इच्छा व्यक्त गरेपछि एउटै गीत दुई जनाले गाएर 'शीत' संग्रहमा समावेश गरिएको छ ।

**कसको स्वर बढी रुचाइएको छ त ?**

संगीतकारका रूपमा मूल्यांकन गर्नुपर्दा म दुवैबाट सन्तुष्ट छु, तर श्रोताहरूले महिला स्वरलाई बढी मन पराएका छन् । म्युजिक भिडियो पनि निर्माण भएकाले होला, दुर्गा खरेल यही गीतबाट स्थापित भएकी छिन् ।

### हेमन्तको व्यस्तता

गायक हेमन्त शर्मा आगामी डेढ महिना सांगीतिक कार्यक्रममा व्यस्त हुने भएका छन् । मंसिर लागेदेखि नै देशका विभिन्न स्थानमा आयोजित महोत्सवको सांस्कृतिक कार्यक्रममा सहभागी भैरहेका गायक शर्माले फागुन २६ गतेसम्मको आफ्नो व्यस्त कार्यतालिका तयार पारेका छन् । शर्माका अनुसार गत माघ १५ तथा १६ गते उनी कास्कीको लेखनाथमा आयोजना भएको सांगीतिक समारोहमा सहभागी भए भने भोलि माघ २३ गते कपिलवस्तुको सांगीतिक कार्यक्रममा उनले गीत-संगीत प्रस्तुत गर्नेछन् । फागुन ७ गते उनी पाल्पाको रामपुरमा आयोजना हुने सांगीतिक उत्सवमा सहभागी हुनेछन् । फागुन १६ गते बुटवलमा आयोजना हुने कन्सर्टमा सहभागी भएपछि फागुन २६ गते तानसेन पुगेर उनको सांगीतिक यात्रा टुंगिनेछ ।

### फर्किए दिव्य सुब्बा

गायक दिव्य सुब्बा एउटा सांगीतिक समूहको गायकका रूपमा प्रस्तुत भएका छन् । सांगीतिक समूह 'ब्लु एसिड्ज' मा उनी गायकका रूपमा सहभागी भएका छन् । सांगीतिक समूहमा आबद्ध भएलगत्तै सुब्बाले 'दिव्य सुब्बा एन्ड द ब्लु एसिड्ज' शीर्षकको गीति संग्रह तयार पारेका छन् । संग्रहको नमस्ते...शीर्षकको गीत तथा म्युजिक भिडियो यसै साता प्रिमियर गरिएको हो ।

### सांगीतिक पुरस्कार प्रदान

राष्ट्रिय युवा कोषले रजत वर्ष प्रारम्भ गरेको अवसर पारेर चार युवाकर्मीलाई पुरस्कृत गरेको छ । हरेक वर्ष ४० वर्षभन्दा कम उमेरका कलाकर्मीलाई प्रदान गर्दै आएको सांगीतिक तथा कला पुरस्कार गत शनिबार वितरण गरिएको छ । यसपटक नारायण गोपाल संगीत पुरस्कारबाट गायिका यानी छोइङ डोल्मा तथा गायक शिशिर योगी पुरस्कृत भएका छन् । चित्रकला तथा मूर्तिकलातर्फको अरनिको युवा कला पुरस्कार क्रमशः विधाता केसी तथा नरेन्द्रप्रसाद भण्डारीलाई प्रदान गरिएको छ । दुवै पुरस्कारको राशि जनही ४० हजार रुपैयाँ रहेको छ । पुरस्कार वितरण समारोहमा गायिका आनीले फूलको आँखामा फूलै संसार तथा योगीले सारंगी त रेटे पनि र यो देशमा एउटा मानिस...गीत प्रस्तुत गरेका थिए ।

### सन्देशमूलक गीत

पनौती मेलाको अवसरमा आयोजना गरिएको एक कार्यक्रममा काभ्रेली महिला स्वयंसेवकद्वारा रचित सन्देशमूलक गीत प्रस्तुत गरिएको छ । कुष्ठरोगका बारेमा जनचेतना जगाउने उद्धेश्यले उक्त सन्देशमूलक गीत तयार गरिएको हो । 'लाटो फुस्रो दाग कतै देखेमा...' शीर्षकको गीत नेपाली लगायत विदेशीहरूले समेत मन पराएका थिए ।

### लोकतारा खोजिने

राष्ट्रिय लोक भाका, संस्कृति तथा संगीतकर्मी उत्थान मञ्च नेपालले लोपोन्मुख लोक गीत, लोक लय तथा लुकेका प्रतिभाको खोजी तथा संरक्षणका लागि राष्ट्रिय लोकतारा खोजी गर्ने भएको छ । एक प्रेस

आदि गायक-गायिकाको स्वर छ । डा. कृष्णहरि बराल, दिनेश न्यौपाने तथा दयाराम पाण्डेले चलचित्रका गीत रचना गरेका छन् ।

### १९७४ एडीको सांगीतिक अभियान

सांगीतिक समूह १९७४ एडी बाल चेतना छर्ने नयाँ सांगीतिक अभियानमा जुट्ने भएको छ । सेभ द चिल्ड्रेनको युथ एम्बेस्डर समेत रहेको सांगीतिक समूहले बाल अधिकार तथा विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न पूर्व-पश्चिच सांगीतिक यात्रा प्रारम्भ गर्न लागेको हो । कार्यक्रमका बारेमा जानकारी दिन गत शनिबार राजधानीमा आयोजित कार्यक्रममा समूहका संगीतकर्मी निराकार याक्थुम्बाले विद्यालयलाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्ने अभियान अनुरूप यो कार्यक्रम आयोजना गर्न लागिएको बताए । उक्त कार्यक्रममा समूहले हालसम्म सञ्चालन गरेका चेतनामूलक कार्यक्रमहरूको वृत्तचित्र प्रदर्शन गरिएको

## • म्युजिक अपडेट •

विज्ञप्ति जारी गर्दै संस्थाले हरेक जिल्लामा खुला सांगीतिक प्रतियोगिता गराई उत्कृष्ट लय, शब्द संकलन तथा स्वर प्रतिभाको छनाोट गर्नेछ । उत्कृष्ट स्वरका विजेतालाई जिल्ला लोकतारा घोषणा गरी नेपाली लोकतारा प्रतियोगितामा सहभागी गराइनेछ ।

### अचानकको विमोचन

नयाँ चलचित्र 'अचानक' को गीति संग्रहको विमोचन गरिएको छ । सुरेश अधिकारीद्वारा संगीतबद्ध उक्त चलचित्रमा चार वटा गीत समावेश गरिएका छन् । चलचित्रका गीतमा राजेशपायल राई, अञ्जु पन्त, दीपक लिम्बू

थियो । सोही कार्यक्रममा युवापुस्ताप्रति लक्षित नयाँ गीत 'वरदान' तथा अन्य विभिन्न सांगीतिक कोसेली प्रस्तुत गरिएको थियो ।

### भिडियोको वर्ल्ड प्रिमियर

कान्तिपुर टेलिभिजनबाट प्रत्येक दिन प्रसारण हुने सांगीतिक कार्यक्रम कल कान्तिपुरबाट नयाँ-नयाँ म्युजिक भिडियोको वर्ल्ड प्रिमियर गर्न थालिएको छ । कार्यक्रमबाट यसै साता 'तिमीले भुल्न सके पनि...' गीतको भिडियो प्रिमियर गरिएको छ । प्रचण्ड पौडेल तथा सुलोचना थिङको निर्देशन रहेको उक्त भिडियोका गायक कन्हैया सिंह हुन् ।

### सुरु भयो नमस्ते एसियन टुर

पप गायक अनिल सिंह तथा अविनाश घिसिङ सांगीतिक यात्राको क्रममा सिंगापुर पुगेका छन् । नमस्ते एसियन टुर शीर्षकको सांगीतिक यात्रा सिंगापुरबाट प्रारम्भ भएको हो । गत आइतबार सिंगापुरमा आयोजित टुरको पहिलो कार्यक्रममा गायकद्वयले आफ्ना डेढ दर्जन लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा नायिका तथा नृत्यांगना सञ्जिता गुरुङले विभिन्न नेपाली गीतमा आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन् ।

### लोकदोहोरीबाट आधुनिकतर्फ

तीन वर्षअघि स्थापना भएको गीति संग्रह उत्पादन गर्ने संस्था भगवती म्युजिक लोकदोहोरी गीति संग्रहका लागि चर्चित मानिन्छ । पहिलो पटक गायिका कौशिला रानामगरको 'उल्टै मलाई दोषी चिताउने' शीर्षकको दोहोरी गीति संग्रह उत्पादन गरेको यो संस्थाले हालसम्म तीन दर्जन लोकदोहोरी गीति संग्रह श्रोतामाझ प्रस्तुत गरिसकेको छ । संस्थाले आफ्नो तेस्रो वार्षिकोत्सवको अवसरमा प्रेस विज्ञप्ति जारी गर्दै आगामी दिनमा लोकदोहोरीका साथै आधुनिक गीति संग्रहको उत्पादनलाई पनि प्राथमिकता दिने जनाएको छ ।

### फर्किए भरत र एक्स ब्यान्ड

सांगीतिक कार्यक्रमको क्रममा युरोप पुगेका गायक भरत सिटौला तथा सांगीतिक समूह एक्स स्वदेश फर्किएका छन् । एक महिना लामो कार्यक्रमको क्रममा त्यता गएका उनीहरू यसै साता स्वदेश फर्किएका हुन् । उनीहरू सहभागी भएको 'हाम्रो नेपाल हामी नेपाली' शीर्षकको सांगीतिक कार्यक्रम डेनमार्कको कोपेनहेगनबाट प्रारम्भ भएको थियो । सोही कार्यक्रम फ्रान्सको पेरिस, जर्मनीको ह्याम्बर्ग तथा स्वीजरल्याण्डको जुरिचमा पनि आयोजना गरिएको थियो । चारवटै कार्यक्रममा गायक सिटौला तथा एक्स ब्यान्डका संगीतकर्मीले लोकप्रिय गीत-संगीत प्रस्तुत गरेर त्यहाँ बसोबास गर्ने नेपालीहरूलाई मनोरञ्जन प्रदान गरेका थिए ।

### छ दशकपछि पहिलो संग्रह

दार्जीलिङमा बसोबास गर्ने पुराना संगीतकर्मी कर्म योञ्जनले छ दशक लामो सांगीतिक जीवनमा पहिलो पटक एकल गीति संग्रह तयार पारेका छन् । 'सम्झेर बुझेर' शीर्षकको यो संग्रहमा योञ्जनले संगीतबद्ध गरेका कालजयी आधुनिक गीतहरू समावेश गरिएका छन् । आज शुक्रबार राजधानीमा आयोजना हुने एउटा सांगीतिक समारोहमार्फत विमोचन गर्न लागिएको यो संग्रहमा ११ वटा गीत छन् । दीप श्रेष्ठ, विमला राई, कुन्ती मोक्तान, रामकृष्ण ढकाल, सत्यराज आचार्य, स्वरूपराज आचार्य, रिमा गुरुङ, कुमार सुब्बा, किरण प्रधान, जुना प्रसाईं आदि गायक-गायिकाले संग्रहका गीत गाएका छन् । शान्तना रेकर्ड्सका निर्मल होडाको पहलमा एकल गीति संग्रह तयार पार्न अग्रसर भएका संगीतकर्मी योञ्जन गत साता राजधानीमा आयोजित पलेँटी सांगीतिक कार्यक्रममा सहभागी भएका थिए ।

## • अफबिट •



**नायिकाको भिडियो:** नायिका निरुता सिंहको स्वरमा तयार भएको छाडी जाने मायालु...गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडलत्रय उषा खड्गी, करिना भट्टराई तथा सुनिल रावल । अर्जुन अधिकारी भिडियोका निर्देशक हुन् ।

## एनटिभी नाइटमा धमाका

**साप्ताहिक समाचार**

काठमाडौं– गत शुक्रबार साँझ जमलस्थित राष्ट्रिय नाचघरमा कलाकारको ठूलै भीड जम्मा भएको थियो । नेपाल टेलिभिजनले प्रसारणको रजत महोत्सव पूरा गरेको अवसर पारेर मेडिया बैंकले आयोजना गरेको मनोरञ्जनात्मक कार्यक्रम 'एनटिभी नाइट' मा सहभागी हुन नाम चलेका अधिकांश कलाकार त्यहाँ भेला भएका थिए ।

गीत, संगीत, प्रहसन, नृत्य तथा फेसन शोसहितको कार्यक्रमलाई टेलिभिजनले प्रत्यक्ष प्रसारणसमेत गरेको थियो । कार्यक्रममा रामकृष्ण ढकाल, मौसमी गुरुङ, शिव परियार, राजेशपायल राई, अञ्जु पन्त, रूपक डोटेल, प्रविशा अधिकारी आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । हरेक गीतको प्रस्तुतिसँगै गायक तथा गायिकालाई नृत्यांगनाहरूको समूहले आकर्षक नृत्यमार्फत साथ दिइरहेका देखिन्थे ।

दिलीप रायमाझी, रेजिना



उप्रेती, निशा श्रेष्ठ आदि कलाकारको नृत्यले कार्यक्रमलाई थप मनोरञ्जक बनाएको थियो । यसबाहेक विभिन्न कला समूहका कलाकारहरूले प्रस्तुत गरेको नृत्य पनि कार्यक्रमको आकर्षण बनेको थियो । विभिन्न महोत्सवमा व्यस्त भैरहेका आधा दर्जन हास्यकलाकारको प्रहसनले दर्शकलाई हँसाएको थियो । किरण केसी, शिवहरि पौडेल, निरु खड्का, दमन रूपाखेती, शेखर खनाल आदि कलाकारले दुई भिन्न प्रहसनमार्फत समसामयिक विषयवस्तुमा तीखो व्यंग्य प्रहार गरेका थिए ।

## • विदेशबाट •



# ग्रामी एवार्डमा बियोन्सको वर्चस्व

अमेरिकी पप गायिका बियोन्सले वर्ष २०१० को ग्रामी एवार्डमा सर्वश्रेष्ठ गीत सहित पाँचवटा एवार्ड जितेकी छिन् । गत आइतबार राति वितरण गरिएको विश्वकै सर्वोच्च सांगीतिक सम्मान समारोहमा २८ वर्षीया गायिका बियोन्स सर्वाधिक दस विधामा मनोनीत भएकी थिइन् । उनले 'सिंगल लेडिज' का लागि सङ अफ द इयर तथा सर्वश्रेष्ठ आर एन्ड बी सङको एवार्ड जितिन् । यसबाहेक उनले सिंगल लेडिजकै लागि आर एन्ड बी एल्बम, सर्वश्रेष्ठ आर एन्ड बी महिला गायन पुरस्कार तथा एट लास्टका लागि सर्वश्रेष्ठ परम्परागत आर एन्ड बी एवार्ड जितिन् । किङ अफ लियानले सर्वोत्कृष्ट रक गीत तथा सर्वोत्कृष्ट रक ग्रुप प्रदर्शनको पुरस्कार जिते । भारतीय संगीतकार ए आर रहमानले दुई वटा ग्रामी एवार्ड जिते । रहमानले पहिलो एवार्ड 'स्लमडग मिलेनियर' को संगीतका लागि पाएका हुन् भने दोस्रो एवार्ड जय हो...का लागि पाएका हुन् ।

## सचित्र



**रोजिनको बिहे :** कोरियोग्राफर तथा सञ्चारकर्मी रोजिन शाक्य आफ्नी नवविवाहिता इलिनासँग विवाहभोजमा ।



**हिरोइनको ओम नमः** नायिका पुजना प्रधान ध्यान गर्दै ।



**शंकर हुँ म शंकर :** केटिभी एवार्डमा अभिनय गर्दै राजेश हमाल ।



**कोरियोग्राफरहरूको नाच** कोरियोग्राफरद्वय धीरज तण्डुकार तथा जयन सुब्बा रोजिन शाक्यको बिहेभोजमा नाच्दै ।

तस्बिरहरू : नवराज वाग्ले



**ओय, मलाई चिन्यौ ?** तीतो सत्यका ट्वाकेन्द्र अर्थात् कलाकार गोपाल अधिकारी एक पार्टीमा ।



**यसमा केही मिसाएको त छैन नि ! :** अस्ट्रेलिया भ्रमणमा रहेका नायक जीवन लुइँटेल उतै बसोबास गरिरहेकी मोडल रमिला अधिकारीसँग जिस्कँदै ।

# अरू पनि छन् हिरोहरू



बाबु बोगटी



डेनिस भुषाल

नेपाली चलचित्रमा हिरो अर्थात् नायकहरूको आगमन दिनानुदिन बढ्दो छ । दुई साताअघि साप्ताहिकमा 'फेरि आए हिरोहरू' शीर्षकमा यो वर्ष चलचित्रमा नायक भएका नौ जना युवकका बारेमा प्रकाशित भएपछि अरू पनि नयाँ नायकहरू साप्ताहिकको सम्पर्कमा आउन थालेका छन्। यसका अतिरिक्त केही नायकका बारेमा थप जानकारी पनि साप्ताहिकलाई प्राप्त भएको छ ।

**बाबु बोगटी :** 'सान्नानी तिमीलाई..' गीतबाट चर्चामा आएका गायक बाबु बोगटीको रहर चलचित्रमा नायक बन्नु थियो । केही वर्षअघि टेलिश्रृंखला 'होस्टेल'मा देखिएका बाबु गायकका रूपमा चर्चित भैसकेपछि टेलिश्रृंखला 'संस्कार'मा पनि नायक भएर देखापरे । हाल बाबु गायक यशकुमारले निर्माण गरिरहेको चलचित्र 'बाटोमुनिको फुल'का नायक भएका छन् । निर्माण भैरहेको उक्त चलचित्रपछि बाबु बोगटी गायक, संगीतकार तथा नायक तीनवटै पेसामा एकसाथ व्यस्त हुने विश्वास गरिएको छ ।

**ध्रुव दत्त :** हङकङमा बसोबास गरिरहेका ध्रुव दत्तले स्थानीय स्तरमा बनेका म्युजिक भिडियो तथा चलचित्रहरूमा काम पाइरहे पनि नेपाली चलचित्रमा नायक हुने अवसर भने पाएका थिएनन् । शंकर घिमिरेको निर्देशनमा बनेको चलचित्र 'विष'मा मुख्य भूमिका निर्वाह गरिसकेका ध्रुवले उनकै निर्देशनमा बनेको अर्को चलचित्र 'वीरताको चिनो'मा नायक बन्ने मौका पाएका छन् । मार्शल आर्टका खेलाडी पनि रहेका यी नायक रोमान्टिक तथा एक्सन चलचित्रहरूमा नायक बन्न रुचाउँछन् ।

**दिव्य गौतम :** अग्ला कदका दिव्य चलचित्र 'यतिको खोजीमा'का सहनायक हुन् । लगभग एक दशकअघि द्वन्द्व कलाकारका रूपमा चलचित्रक्षेत्रमा प्रवेश गरे पनि दिव्यले थोरै चलचित्रमा मात्र द्वन्द्व कलाकार भएर काम गरेका छन् । सानैदेखि चलचित्रमा अभिनय गर्ने रहरले विगतमा केही भिडियो चलचित्रमा पनि उनले अभिनय गरेका थिए । पेसाले उनी फोटोग्राफर हुन् । स्वाभाविक अभिनय र स्टन्टसमेत गर्न सक्ने भएका कारण 'यतिको खोजीमा' पछि 'देवयानी', 'किसान' र 'मन परेपछि' मा पनि दिव्यले नायक तथा सहनायक हुने अवसर पाएका छन् । मार्शल आर्टमा रुचि भएका दिव्यले नायक हुनकै लागि व्यायाम गरेर आफ्नो शरीरलाई बलिष्ठ पनि बनाएका छन् ।

**डेनिस भुषाल :** सानैदेखि नृत्यमा रुचि भएकाले नृत्यका प्रशिक्षणका लागि मोरङबाट १३ वर्षअघि काठमाडौं छिरेका युवक डेनिस भुषालको सपना यो वर्ष पूरा हुँदैछ । दुई चलचित्र 'नाता मनको' र 'तिम्रो कसम'मा नायक भएपछि अब उनी तेस्रो चलचित्र 'युवक'का लागि पनि नायकको भूमिकामा छनौट भएका छन् । स्टन्टकलामा समेत दखल भएका डेनिसले संघर्षका दिनमा क्यासिनोहरूमा नृत्यकलाकार भएर काम गरेका थिए । चलचित्रहरूमा आइटम नृत्य गर्न मन लाग्ने डेनिसलाई भविष्यमा नायिका रेखा थापासँग एउटा चलचित्रमा आइटम नाच नाच्ने रहर छ ।

**किशन बुढाथोकी :** किशनलाई धेरैले निर्देशक तथा अभिनेता रमेश बुढाथोकीका नातेदार हो कि भन्ने प्रश्न गर्दा रहेछन् । जबकि उनले रमेश बुढाथोकीलाई चिनेका पनि छैनन् । सानैमा बालकलाकार भएर डकुड्रामा 'भिजन मिस्ट्री'मा अभिनय गरेपछि अभिनयको रस बसेको किशन बताउँछन् । सविन बास्तोलाको निर्देशनमा टेलिश्रृंखला 'थोरै भए पुगेसरि'मा नायक भएपछि उनको अभिनयको गाडी अगाडि बढेको हो । किशन अहिले निर्देशक रामराजा दाहालले निर्देशन गरिरहेको चलचित्र 'तिमी मेरो म तिम्रो' र 'हे युवा'मा नायक भएका छन् । निर्देशक दाहालका अनुसार उनको अभिनय स्वाभाविक छ र त्यसैको बलमा उनले अरू पनि चलचित्रहरू पाउनेछन् ।


–सुव्रत आचार्य



दिव्य गौतम



किशन बुढाथोकी


SAVE
पैसा
बिजुली
वातावरण
उज्यालोतिर कान्तिपुरसँगै
ON
कान्तिपुरसँग नै विद्युतको SAVE पनि
(सी.एफ.एल. ले करिब ८० प्रतिशत विद्युत् बचत गर्छ ।)
कान्तिपुर वा THE KATHMANDU POST
को वार्षिक ग्राहक भएबापत् २ वटा सी.एफ.एल. चिम निःशुल्क प्राप्त गर्नुहोस् ।
साथै हरेक साता लक्कि ड्रबाट चार जनालाई इन्भर्टर ।
(सी.एफ.एल. चिममा १८ महिनाको वारेन्टी)
यो योजना नेपालभरि चैत्र मसान्तसम्म लागु हुनेछ ।
बिस्तृत जानकारीका लागि सम्पर्क :
कान्तिपुर पब्लिकेसन्स् (प्रा.) लि. सुविधानगर, काठमाडौं, फोनः ०१-४४८०१००, ०१-४४८०२००, एक्स्टेन्सनः १२१६/१२१८, मोबाइलः ९८५१०७६२४१, ९८५१०५५७०३, ९८४१४१७०२२, ९८४११६६७८४ पोखरा : ९८५६०२७७५५, भरतपुर : ९८५५०५६५७१, नेपालगञ्ज : ९८४८०२१५९४, विराटनगर : ९८४२०४४१६४, अथवा नजिकको स्टेसनरी पसलमा सम्पर्क गर्नुहोला ।
*सी.एफ.एल. तथा इन्भर्टर तस्बिरमा देखाइएको भन्दा फरक हुन सक्छ
PRISMA - OM/10

# जाडोमा पनि
# हट देखिने होड





‘ ग्ल्यामरस र सेक्सी देखिन कोही गर्मी मौसम पर्खेर बस्दैनन्। फेरि पातलो र छोटो मात्र फेसन होइन भन्नेहरु पनि नभएका होइनन्। जाडोमा फिटिङ जिन्स , फर ज्याकेट र घुडा सम्म आउने बुट लगाएर हिड्दा पनि युवतीहरु निकै स्टाइलिस्ट देखिन्छन्। पहिरनअनुसार कलर म्याचिङ गर्न टोपी, मफलर र हातमा पञ्जा लगाउने फेसन पनि चलेको छ। यस्तो पहिरनमा हिँड्नेहरुको जमात कम देखिँदैन। अधिंकाश भने छोटो स्कटमै आफूलाई फेसनेवल देखाइरहेका हुन्छन्। ’

**शिव शर्मा**

जाडोमा पनि न्यानो र स्टाइलिस्ट देखिने चाहना हरेक फेसनपारखीलाई हुन्छ। अहिलेको हल्का जाडोसँगै पोखराका युवायुवती ‘चुजी’ र स्टाइलिस्ट पहिरनमा देखिन थालेका छन्। आफ्नो लुक्स र पहिरनलाई अरूभन्दा भिन्न देखाउने होडमा छिन्- मोडल कोमल हिराचन।

स्टाइलिस्ट पहिरनमा भेटिएकी हीराचनले भनिन्, ‘न्यानो पनि होस्, स्टाइलिष्ट पनि देखियोस भनेर नि।’ जाडोमा पनि उनी हट पहिरनमा ओहोदोहोर गरिरहेकी भेटिन्छन्। केही गीतको म्युजिक भिडियोमा समेत देखिएकी हिराचन आफूलाई समयअनुसार परिवर्तन गर्न सधैं अग्रसर हुन्छिन्। उनीसँगै भेटिइन् दिया तामाङ। केही ब्युटिकन्टेस्टमा सहभागी भैसकेकी दिया कालो स्कट र कालै टिर्सटमा थिइन्। ‘केही फेसनेबल त देखिनैपर्‍यो नि, जाडो भयो भनेर रफ पहिरन त लगाउन भएन नि,’ उनले बताइन्।

छ्याङ्गै खुल्ने हिमालजस्तै पहिरनमा खुल्ने सहरका युवतीहरू जाडोमा पनि कम देखिँदैनन्। ‘जाडोमा युवतीहरूले लगाउने पहिरन गर्मीमा जतिकै हट र स्टाइलिस्ट हुन्छ, न्युरोडस्थित वर्ल्डटच फेसनका ज्ञानेन्द्र ठकरी भन्छन्, ‘युवायुवतीको खुलेको पहिरनले जाडो र गर्मी छुट्याउनै मुस्किल पर्छ।’

जाडो भए पनि केही स्टाइलिस्ट र फेसनेबल देखियोस् भनेर युवतीहरू स्कटसहितको लेगिन्स, फर ज्याकेट, फलेट बुट, र फिटिङ जिन्स सँगै थरीथरीका हेयर स्टाइलमा प्रस्तुत हुने गरेका छन्। मौसमअनुरूपका फेसन रोज्नेहरू यहाँ फेसन हाउस, बुटिक तथा फेन्सी पसलमा धुइरिएको देखिन्छ। सामान्यतः ५ हजारदेखि २० हजार मूल्य पर्ने स्टाइलिस्ट पहिरन खरिद गर्न फेसनपारखीहरू आउने गरेको स्थानीय फेसन हाउसका संचालकहरू बताउँछन्।

फेसन हाउसमै आकर्षक देखिने पहिरनको खोजीमा निस्किएकी सिमपानीकी जमुना गुरुङ आफू पनि निकै फेसनेबल छिन्। प्रायः स्कट र फिटिङ टिर्सटमा झुल्कने गुरुङ भन्दै थिइन्, ‘जाडो पनि भागोस्, फेसनेबल पनि देखियोस् भनेर स्टाइलिस्ट पहिरनको खोजीमा आएकी हुँ।’ गुरुङ मात्र होइनन्, उनीजस्तै फेसनमा चाख राख्ने युवतीहरू आफूलाई सुहाउँदो पहिरन गरेर हिंड्न होडमा होड मिलाउँछन्। बेलायतबाट भर्खरै आएकी निशा रञ्जित पनि फेसनेबल लुकमा भेटिइन। बेलायतमा समेत मोडलिङ गरिसकेकी निशा पनि समयअनुसार आफूलाई परिवर्तन गर्न खप्पिस छिन्। निशाले भनिन्, ‘गर्मीमा मात्र होइन, जाडोमा पनि हट देखिनुपर्‍यो नि।’

ग्ल्यामरस र सेक्सी देखिन कोही गर्मी मौसम पर्खेर बस्दैनन्। फेरि पातलो र छोटो मात्र फेसन होइन भन्नेहरू पनि नभएका होइनन्। जाडोमा फिटिङ जिन्स , फर ज्याकेट र घुडा सम्म आउने बुट लगाएर हिड्दा पनि युवतीहरू निकै स्टाइलिस्ट देखिन्छन्।’ पहिरनअनुसार कलर म्याचिङ गर्न टोपी, मफलर र हातमा पञ्जा लगाउने फेसन पनि चलेको छ। यस्तो पहिरनमा हिँड्नेहरूको जमात कम देखिँदैन। अधिंकाश भने छोटो स्कटमै आफूलाई फेसनेवल देखाइरहेका हुन्छन्। त्यही होडमा छिन्- अस्मिता केसी। प्रायः छोटो र ग्ल्यामरस पहिरनमा झुल्कने उनी न्युरोडमा अति नै सेक्सी पहिरनमा भेटिइन्। यस्तो जाडोमा पनि यति खुलेको पहिरन प्रश्न फुत्कन नपाउँदै उनले जवाफ फर्काइन्- ‘जाडोले केही फरक पार्दैन।’

युवतीहरू मात्र होइनन्, महिलाहरू पनि समयानुकूल पहिरनमा देखिन्छन्। महिलाहरू उलनको कुर्ता-सलवार एम्ब्रोडरी गरिएको जस्मिना सलमा सजिएको पाइन्छ। जाडोमा उलनको कुर्ता-सलवार र जस्मिना सलमा एम्ब्रोडरी गरेको अहिले बढी चलेको छ, सेभी बुटिककी सञ्चालिका सविता शेरचनले भनिन्, ‘जाडोमा स्टाइलिस्ट देखियोस् भन्ने चाहना यहाँका हरेक फेसनपारखीमा छ।’

अफिस एवं विभिन्न कार्यालयमा काम गर्ने युवतीहरू कोट-पाइन्टमा चिरिच्याँट्ट परेका देखिन्छन्। उता महिलाहरू उलनको कुर्ता-सलवार एम्ब्रोडरी गरिएको जस्मिना सलमा सजिएको पाइन्छ। उलनको टप्स, पाइन्ट र युवाहरूका लागि कोट स्टाइलको सेरवानी पनि चलेका छन्।

पोखराको महेन्द्रपुलस्थित जिन्स अफ्येर फिटिङ सेन्टरमा जाडोका लागि फिटिङ स्टाइलका पाइन्ट र ज्याकेटको माग गर्नेहरू बढेका छन्। अहिले जिन्सका बाक्ला सर्ट तथा पाइन्ट पनि चलेका छन्। जिन्स सर्टको भित्रपट्टि कटराइज हाली वास गरेर लगाउने युवाजमात पनि उत्तिकै छ। बाक्लो कटनसँगै कटराइजका पाइन्ट-सर्ट पनि अहिले उत्तिकै चलेको छ, जिन्स सेन्टरका अमुल दास भन्छन्- ‘जिन्सको फेसन त जाडो वा गर्मी दुवै मौसममा उत्तिकै छ।’

चिसो मौसमका लागि उपयुक्त थरीथरीका फेसन स्टाइल बजारमा पाइन्छन्। फेसनसँगै शरीरलाई न्यानो राख्न पनि हरेकले जानेका छन्। अहिले फिटिङ पाइन्टसँगै युवतीहरूमाझ ओभरकोटको फेसन पनि त्यत्तिकै चल्तीमा रहेको स्थानीय फेसन डिजाइनरहरू बताउँछन्। जाडो सुहाउँदो फेसन तयार पार्न फेसन डिजाइनरहरू यतिबेला निकै व्यस्त देखिन्छन्। आईईसी फेसन सेन्टर, पोखरामा फेसनको अध्ययन मात्र हुँदैन, मौसमअनुसारका पहिरन तयार पार्ने सीप पनि सिकाइन्छ, सेन्टरकी सञ्चालिका तथा फेसन डिजाइनर सरस्वती गुरुङले भनिन्, ‘जाडोमा कटराइज र ऊनीको चलन पनि व्यापक छ।’

युवाहरू पनि मौसमअनुसार फेसनको दौडमा कम देखिँदैनन्। आकर्षक देखिन उनीहरू स्टाइलिस्ट कोट र पाइन्ट लगाउँछन्। कोटले फिगरलाई पनि आकर्षक देखाउँछ। जाडोमा फेसनेवल कोटका अतिरिक्त ‘फर ज्याकेट’, स्पोर्टी सुज र प्यारेलल पाइन्ट युवाहरूको रोजाइ हुन्छ। गायक सोभित बस्याल स्टाइलिस्ट ज्याकेट र पाइन्टमा देखिए। ‘स्टाइलसँगै कम्फर्टेबल पनि हुन्छ,’ उनले भने, ‘जाडोमा पनि हट त देखिनैपर्‍यो नि।’

# फर्मल स्टाइलिङ फोर मेन



●रोजिन शाक्य

आकर्षक र स्टाइलिस्ट देखिने चाहना महिलामा मात्र हुँदैन, हिजोआज पुरुषहरू पनि समयअनुसार आफूलाई अपडेट गर्न चाहन्छन् । पुरुष लुकमा फर्मल स्टाइलिङको महत्त्वपूर्ण भूमिका हुन्छ । जसको सही छनौट र प्रयोगले पुरुष व्यक्तित्व अझ स्मार्ट एवं ड्यासिङ बन्न पुग्छ ।

**सुट सेलेक्सन**

● सुट छनौट गर्दा कलर र डिनाइनमा विशेष ध्यान पुऱ्याउनुपर्छ साथै अवसरलाई पनि मध्यनजर गर्नुपर्छ ।

● बिजनेस सुट छनौट गर्दा ब्ल्याक, ग्रेजस्ता बेसिक कलरको चक्करमा नपरी सुटको सेड्समा भेराइटी ल्याउने प्रयास गर्नुपर्छ।

● आवश्यकता अनुरूप, एक, दुई वा तीन बटनयुक्त सुट लगाउन सकिन्छ । यसबाट लुक पनि परिवर्तन हुन्छ भने सुट पनि स्टाइलिस देखिन्छ ।

● मौसमअनुसार फ्याब्रिक बदल्नुपर्छ, चिसो मौसममा मोटो फ्याब्रिकयुक्त सुट र गर्मीमा लाइट वेट सुट लगाउनु राम्रो हुन्छ ।

● ब्ल्याक र ग्रे कलरको सुटलाई वार्डरोबको अभिन्न हिस्सा बनाउनुपर्छ, यसले फर्मल लुक दिन्छन् । यसलाई अफिस मिटिङका अतिरिक्त कुनै पनि फर्मल पार्टीमा लगाउन सकिन्छ ।

● छुट्टीको दिन सुट लगाउनु हुँदैन । डबल ब्रेस्टेड सुट लगाउने गल्ती गर्नुहुँदैन । यो आउट अफ फेसन छ ।

● सुटमा एउटै टाई र सर्टको कम्बिनेसन बारम्बार दोहोऱ्याउनु हुँदैन ।

● बस्नुपूर्व कोटको बटन खोल्नुपर्छ। यसबाट कोट तानिँदैन । त्यसैगरी पाइन्टलाई जाँघभन्दा थोरै माथि तानेर बस्नुपर्छ। यसो गर्नाले पाइन्टको कपडा मोडिँदैन ।

● खल्तीमा अनावश्यक साँचो, मोबाइल आदि नराख्नु नै राम्रो हुन्छ, यसबाट सिलाइ टुट्ने सम्भावना रहन्छ ।

● आवश्यकता अनुसार नै सुटको ड्राइक्लिन गर्नुपर्छ । सिजनमा एकपटक सुट सफा गर्नु राम्रो हुन्छ ।

● सुट प्रयोग गरेपछि वार्डरोबमा राख्नुपूर्व त्यसलाई नरम ब्रसले सफा गर्नुपर्छ। सुटलाई काठको ह्याङ्गरमा झुन्ड्याउनु राम्रो हुन्छ। साथै यसलाई हावा आउने स्थानमा राख्नुपर्छ।

**सर्ट एन्ड ट्राउजर ट्रिक्स**

● ट्राउजरका साथमा कन्ट्रास्ट कलरको सर्ट उपयुक्त हुन्छ अर्थात् सर्ट र ट्राउजरको कलर फरक-फरक हुनुपर्छ ।

● यदि सर्ट स्लिभ मोड्ने मन छ भने टाई र कफ्लिङ्क प्रयोग गर्नुहुँदैन ।

● हाफ स्लिभ सर्टका साथ टाई प्रयोग गर्नु हुँदैन ।

● ट्राउजरको स्टाइल र भेराइटीका लागि स्ट्रेट फिल र लुज ट्राउजर दुवै ट्राइ गर्नुपर्छ।

● स्ट्राइप्सयुक्त ट्राउजरका साथमा स्ट्राइप्ड सर्ट नलगाउनु राम्रो मानिँदैन ।

● अफिस र बिजनेस मिटिङमा अत्यन्त ब्राइट कलरको सर्ट र ट्राउजर लगाउनु हुँदैन ।

● स्किन टाइट, क्याजुयल र सेमी क्याजुयल सर्टका साथमा धेरै पकेट भएको ट्राउजर लगाउनु हुँदैन, विशेषगरी अफिस जाँदा यस्ता कपडा लगाउनबाट जोगिनुपर्छ ।

● आफ्नो काम र पदको गरिमालाई विचार गरी राम्रो क्वालिटीको कपडा लगाउनु राम्रो हुन्छ ।

● अफिसमा लो-वेस्ट लाइन जिन्स लगाउने गल्ती गर्नुहुँदैन ।

● पिच, पिंक, ब्लू जस्ता ब्राइट कलर्स गोरो वर्णका पुरुषका लागि सुहाउँदो हुन्छ । यिनले डार्क कलरका सर्ट लगाउनु राम्रो हुँदैन ।

● डार्क कम्प्लेक्सन भएकाले लाइट ब्लु, ग्रिन वा अर्दी कलर्स ट्राइ गर्नुपर्छ। धेरै डार्क कलरको सर्ट राम्रो हुँदैन । यसबाहेक बेसिक न्युट्रल कलर्स जस्तै- बेज ट्राइ गर्न सकिन्छ।

**टाई सेलेक्सन**

● एकै किसिमको टाई प्रयोग गर्नु उचित होइन । आफ्नो वार्डरोबमा भेराइटी दिन अलग-अलग कलर र डिजाइनका टाई राख्नुपर्छ।

● सुट, फुल स्लिभ फर्मल सर्ट र सिंगल बटन सुटमा सिल्कको टाई प्रयोग गर्नुपर्छ ।

● सुहाउँदो टाई र सर्ट स्टाइलिङका लागि आवश्यक छ । सलिड कलरको सर्टका साथमा मिल्दो वा हल्का सेडको टाई छनौट गर्नुपर्छ ।

● टाई धेरै पातलो नहोस् भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ । टाईको सबैभन्दा चौडा हिस्सा तीन इन्चभन्दा कम हुनु हुँदैन । टाईले पुरुषलाई मोडर्न र सोफिस्टिकेटेड लुक प्रदान गर्छ ।

● टाई पिन्स र कफलिङ्क आवश्यकता र वातावरण अनुरूप प्रयोग गर्नुपर्छ। पार्टीबाहेक बिजनेस मिटिङमा यिनको प्रयोग उचित हुन्छ।

● टाई बेल्टभन्दा तल झुन्डिनु हुँदैन । टाईलाई रिंकल तथा ड्यामेज हुनबाट जोगाउन ऱ्याकमा झुन्ड्याउनु राम्रो हुन्छ ।

**वेस्टकोट**

● थ्रि पिस सुट हरेक बडी टाइपलाई सुहाउँदो हुन्छ । यसलाई फर्मल र इनफर्मल दुवै अवसरमा प्रयोग गर्न सकिन्छ।

● साइनी ब्लू सर्ट तथा ग्रे डेनिमका साथमा सिल्भर ग्रे वेस्टकोट राम्रो हुन्छ।

● स्ट्राप्स, चेक्स र प्रिन्ट्सभन्दा प्लेन वेस्टकोट बढी सुहाउँदो हुन्छ ।

● मेट फिनिस भएको ब्ल्याक वेस्टकोट फर्मल वातावरणका लागि राम्रो हुन्छ। साइनी वेस्टकोट भने पार्टी वातारणका लागि उपयुक्त हुन्छ।

**एक्सेसरिज**

● सही घडी छनौट गर्नुपर्छ । राम्रो क्वालिटीको स्टेनलेस घडी खरिद गर्नुपर्छ । यो जिन्स, टिसर्टका साथै सुटसित पनि सुहाउँदो हुन्छ ।

● लेदर वालेट छनौट गर्दा आफ्नो आवश्यकता अनुसार नै त्यसमा रुपैयाँ-पैसा, एटिएम कार्ड, क्रेडिट कार्ड आदि राख्नुपर्छ । ब्राउन, ब्ल्याकजस्ता कलरलाई वालेट कलरका रूपमा प्रयोग गर्नुपर्छ ।

● स्लिभ एलिगेन्ट लेदर क्रेडिट कार्ड होल्डर प्रयोग गर्नु राम्रो हुन्छ ।

● बेल्टको कलर जुत्ताको कलरसित म्याच गर्नुपर्छ । यसका लागि ट्रेडिसनल रंगहरू जस्तै- ब्ल्याक, डार्क ब्राउन र रिच टोन नै छनौट गर्नुपर्छ ।

● ब्राउन कलरको जुत्ता सबैखाले पहिरनसित सुहाउँदो हुन्छ । अतः यसलाई वार्डरोबको अभिन्न हिस्सा बनाउनुपर्छ ।

● ग्रे, खाकी तथा नेबी ब्लु सुटका साथ ब्राउन जुत्ता पर्फेक्ट हुन्छ । लाइटको सट्टा डार्क ब्राउन जुत्ता राम्रो हुन्छ ।

● मोजा पाइन्टसित सुहाउँदो हुनुपर्छ । यदि ब्ल्याक जुत्तासित नेबी ब्लु पाइन्ट लगाउने हो भने नेबी ब्लु कलरको मोजा छनौट गर्नुपर्छ ।

● यदि लाइट कलरको पाइन्ट लगाउने हो भने मोजाको रंग त्यही सेडको हुनुभन्दा एक सेड डार्क हुनु राम्रो हुन्छ ।

● जुत्ताको पालिस टल्किएको छ/छैन विचार पुऱ्याउनुपर्छ ।

यी सबै कुराका साथ आफ्नो पोस्चर स्ट्रेट सही राख्नुपर्छ । यसबाट व्यक्तित्व अझ प्रभावकारी बन्छ । व्यक्तित्वमा निखार आउँछ र स्मार्ट, ह्यान्डसम एवं ड्यासिङ देखिन सकिन्छ ।




# किच्चकबध उत्सव सम्पन्न



**बिर्तामोड-** झापाको किच्चकबधमा आजभोलि जमघट बढेको छ । किच्चकबधको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलमा एकसाथ तीनवटा कार्यक्रम भएपछि जमघट बढेको हो ।

महाभारतका अठारै पर्वको प्रवचन सम्पन्न गर्ने योजनाका साथ उत्सवअन्तर्गत पुराण सुरु गरिएको किच्चकबध संरक्षण समितिका सचिव मदन कँडेलले बताए । महाभारतकालमा भीमसेनले किच्चकलाई बध गरेको स्थानका रूपमा यो क्षेत्रलाई श्रद्धा गरिन्छ ।

किच्चकबध उत्सवमा हास्यकलाकारद्वय दीपकराज गिरी र दीपाश्री निरौला आकर्षणका पात्र बने । किच्चकबध उत्सव उद्घाटनमा एकसाथ सामान्य प्रशासन राज्यमन्त्री जितु गौतम, पर्यटन राज्यमन्त्री शत्रुघ्न सिंह, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडा, पुरातत्व विभागका महानिर्देशक विष्णुराज कार्कीको समेत उपस्थिति थियो । यसअघि संसदीय व्यवस्था तथा संस्कृतिमन्त्री डा. मीनेन्द्र रिजालले पुराणवाचनको उद्घाटन गरिसकेका थिए । संरक्षण समितिले पहिलो पटक किच्चकबध स्मारिका प्रकाशन गरेको संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेबेले बताए ।

संरक्षण समितिले पुराणबाट ९० हजार रुपैयाँ उत्सवबाट ४ लाख ५ हजार रुपैयाँ बचत गर्ने लक्ष्य राखेको छ । उत्सवमा २ सय स्टल छन् । समितिले पछिल्लो पटक किचकबध क्षेत्रको विकासका लागि ११ करोड ८७ लाख ९६ हजारको मास्टर प्लानको योजनाअघि सारेको छ ।

सरकारी स्तरबाट किच्चकबध क्षेत्रको विकासका लागि सक्दो सहयोग गर्ने आश्वासन प्राप्त भएको संरक्षण समितिका प्रचार संयोजक रमेश श्रेष्ठले बताए । किच्चकबध क्षेत्रको विकास र संरक्षणका लागि नेदरल्यान्डको प्रिन्स कल्स फन्डले रकम उपलब्ध गराउने आश्वासन दिएको छ ।

**-हिमाल खरेल**

# पर्यटकीय गन्तव्य बन्दै बल्थली

**मनोज बस्नेत**

बल्थली (काभ्रे)– काठमाडौंबाट ३९ किलोमिटर दक्षिण-पूर्वमा अवस्थित प्राकृतिक एवं सांस्कृतिक रूपले महत्त्वपूर्ण सुन्दर गाउँ हो बल्थली । बल्थली क्षेत्र पछिल्लो समयमा आकर्षक पर्यटकीय केन्द्र बनेको छ । ग्रामीण वातावरणमा पर्यटकीय आनन्द बटुल्न ठूलो संख्यामा पर्यटक आउन थालेको व्यवसायीहरूले बताएका छन् ।

बल्थली ट्रेकिङ र हाइकिङका लागि उपयुक्त गन्तव्य भएकाले पर्यटकले बढी मन पराउने गरेको पोखराका ट्रेकिङ गाइड यावन गुरुङले साप्ताहिकलाई बताए ।

'पर्यटकले नेपाल आउनुअघि नै ग्रामीण क्षेत्रको ट्रेकिङ र हाइकिङका लागि उपयुक्त गन्तव्यबारे जानकारी माग्ने गरेका छन्' उनले भने, 'पर्यटकीय आर्कषणको साइट ग्रामीण स्तरका भिलेजहरू बन्दै गएका छन् ।'

पनौतीबाट ७ किलोमिटर दूरीमा अवस्थित बल्थली गाउँ प्राकृतिक एवं संस्कृतिक रूपले सम्पन्न छ । बिहानीको घामको झुल्कासँगै यहाँबाट हिमालहरू सहजै देख्न सकिन्छ । विश्वको सबैभन्दा ठूलो त्रिशूल, लड्केश्वर महादेव, कमलादेविको मन्दिर यहाँको प्रमुख आकर्षणका केन्द्रबिन्दु हुन् भने नमोबुद्ध पनि नजिकै छ ।

'डाँडैडाँड भरिएको ठाउँ हुनाले ट्रेकिङ उपयुक्त हुने देखेर यहाँ आएको हुँ' स्कटल्यान्डबाट ट्रेकिङका लागि आएका रिका मोनिकले भने, 'यहाँ गरेको ट्रेकिङको अनुभव नै बेल्लै हुन्छ ।' बल्थलीको समथर भूभाग, आकर्षक बस्तीसहितका सुन्दर हरियालीयुक्त डाँडाले आफूलाई तानेको उनले


तस्बिर : नवराज वाग्ले

सुनाइन् । बल्थलीकै बीच भागबाट बग्ने लड्कु खोलाको बनावटले त पर्यटकहरू तुरुन्तै लोभिने गरेका छन् । पर्यटनले अहिले स्थानीय बासिन्दाका जीविकोपार्जनमा समेत परिर्वतन ल्याउन थालेको छ ।

'यो क्षेत्रमा ग्रामीण पर्यटकको राम्रो सम्भावना देखेको छु', बल्थली भिलेज रिसोर्टका सञ्चालक रामप्रसाद हुमागाईंले बताए । सोही गाउँमा जन्मी २० वर्षभन्दा बढी ट्रेकिङ गाइडको अनुभव बटुलेका उनी बल्थलीमा पर्यटकीय सम्भावना देखेरै अहिले पर्यटक भित्र्याउने अभियानमा लागेका छन् । केही वर्षअघि एक जर्मन पर्यटकको टोलीले 'तिम्रो गाउँ देखाऊ न' भनेपछि उनलाई साह्रै चिन्ता परेको थियो, किनकि उनको गाउँ साह्रै फोहोर थियो । कसैका घरमा शौचालय थिएन । दिनभर गाउँले जुटाएर बाटाभरको दिसा सफा गरी दुई दिनपछि पर्यटकहरूलाई बल्थली लगेको उनले सुनाए । त्यहाँबाट खुलेको पर्यटकमार्ग उनले रिसोर्ट निर्माण गरेपछि प्रयोगमा आएको हो । पर्यटकहरूका लागि भनेर हुमागाईंले करिब ३ करोडको लागतमा बल्थली भिलेज रिसोर्ट नामक एक होटल सञ्चालनमा ल्याएका छन् । उनीसँग केही स्थानीयले पनि साना होटलहरू सञ्चालनमा ल्याइरहेका छन् ।

१ हजार ६ सय ५० मिटरको उचाइमा रहेको सो रिसोर्टले बल्थली आएका पर्यटकहरूलाई स्थानीय संस्कृति देखाउने गरेको छ । हरेक दिन बेलुका ७ बजेपछि स्थानीय बासिन्दा, बालबालिका, वृद्धाहरूसमेतको उपस्थितिमा गाउँघरका पुराना बाजा, मादल, खैंजेडी आदिको प्रयोग गरी स्थानीय सांस्कृतिक कलाकौशल देखाउने गरिएको छ । 'हाम्रो संस्कृतिक कलाकौशल देखेर पर्यटकहरू लोभिने गरेका छन्,' स्थानीय सुमन थापाले भने, 'यही कारणले गर्दा एकपटक यहाँ आएका पर्यटकहरू फेरि-फेरि आउने गरेका छन् ।'

यो वर्ष करिब ६ सय ५० विदेशी आइसकेको हुमागाईंले बताए । अघिल्लो वर्ष २ सयको हाराहारीमा थिए । काठमाडौं साँखुबाट लप्सीफेदी, नगरकोट, बल्थली, नमोबुद्ध र धुलिखेल 'भिलेज ट्रेक' रुट हो । बल्थलीबाट नजिकको ख्याकु, डाँडागाउँ, नेपाने, लुकुवालगायतका ठाउँमा ट्रेकिङ र हाइकिङका लागि पर्यटकको लर्को नै लाग्ने गरेको छ ।

# पूर्वमा सुपानेट




समाज कल्याण परिषद्ले नेपालका १३ जिल्लालाई औलोमुक्त जिल्ला बनाउने घोषणा गरेअनुसार कीटनाशक झुल प्रयोग गरौं र मलेरियाबाट बचौं' भन्ने मूल नाराका साथ मलेरियाविरुद्ध जनचेतना जगाउन मुलुकभरि सांगीतिक कार्यक्रम आयोजना गरेको छ । यस कार्यक्रमअन्तर्गत अहिले यो अभियान पूर्वमा पुगेको छ ।

झापाको शनिश्चरे र पथरीमा कार्यक्रम गरिसकेको सुपानेटको टिमले गत मंगलबार इलामको फिक्कलमा कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमा गायक-गायिका दीपक लिम्बू, कुन्ति मोक्तान, नलिना चित्रकार, रिमा गुरुङको स्वर मात्र गुञ्जिएन, मुलाको साग (सुरेन्द्र केसी), पवनकली (माम्पी घोष) र पूर्व मिसनेपाल सुगरिका केसीको सुपानेटसम्बन्धी चेतनामूलक प्रहसनले सयौं दर्शकलाई पेट मिचीमिची हाँस्न बाध्य बनायो । कार्यक्रममा कुन्ती मोक्तान, रिमा गुरुङ, दीपक लिम्बू, र नलिना चित्रकार प्रस्तुत भइन् । निःशुल्क झुल वितरण हुने, त्यसमाथि निःशुल्कै सांगीतिक कार्यक्रम हेर्न पाउँदा पथरीबासी औधी रमाए ।

# कन्सर्टमा दर्शकको जोस

धरान- बूढासुब्बा गोल्डकपको उद्घाटनका अवसरमा आयोजित कन्सर्टमा सबै दर्शक गीतमा झुम्दै गायकहरूसँग झुमे । बूढासुब्बा गोल्डकप हेर्न आएका र घुम्न आउने सबैलाई आयोजकले कन्सर्ट पनि उपलब्ध गराएको हो । स्टेजमा गायक राजेशपायल देखा परे । मंगलबार गायक राजेश पायलले पहिलेझैं दर्शकलाई दर्शन नमस्ते भन्दै चोर औंला ओठमा राख्दै सांगितिक खाता खोले । उनले आधा दर्जनभन्दा बढी गीत पस्के ।



उनलाई सुन्न चाहनेहरूको कमी थिएन । वान्स मोर माग्नेको बाढी नै लागेको थियो । त्यसपछि सविन राई स्टेज तताउन झुल्के । उनले आफ्नो नयाँ एल्बम रंगमञ्चको रंगबाट दुई थुँगा फूल र मलाई अँगालिदेऊ गाउँदा धराने दर्शकले उनलाई पूरै साथ दिए । गायक एपी शेर्पाले पनि आफ्नो चर्चित गित सम्झना नै आजभोलि गाउँदा धेरैले मन पराए । उनले दुईवटा गीत सुनाए । सपन श्रेष्ठको राष्ट्रिय गित 'हिमाल जस्तो शिर मेरो' ले पनि उपस्थित दर्शकलाई मन्त्रमुग्ध बनाएको थियो । उनले आफ्नो गीत 'ए गोरी' साथै 'तिमी त्यसै लजायौ' पनि सुनाए । त्यसपछि उदियमान गायक भुवन सुप्तिहाङले पनि धीत मरुन्जेल दर्शकलाई आफूसँगै नचाए । कन्सर्ट करिब दुई घण्टा चलेको थियो ।

**-भीषण राई**

# गण्डकी तारा

पोखरा- लेखनाथ महोत्सवमा सञ्चालित गण्डकी ताराको उपाधि लेखनाथकै दीपेश सिग्देलले हात पारेका छन् । प्रतियोगितामा सिग्देलले अन्तिम प्रतिस्पर्धामा उत्रिएकी पोखराकी दुर्गा परियारलाई पराजित गरी उपाधि जितेका हुन् । दर्शक मतका आधारमा उनले १२ हजार ७६ मत र दुर्गाले १० हजार १ सय ९५ मत ल्याएकी थिइन् ।

प्रतियोगितामा पोखराकी ऋतु लामा तेस्रो बनिन् । उपाधि विजेता दीपेशले ४० हजार रुपैयाँ नगदका साथ ट्रफी र प्रमाणपत्र तथा उपविजेताले २५ हजार रुपैयाँ नगदसहित ट्रफी पाए । पोखरा विश्वविद्यालयका विद्यार्थी दीपेशले सुगम पोखरेल र कर्णदासको गीत प्रस्तुत गरेका थिए । उनले 'यो जन्म भूमिको आँगनमा' राष्ट्रिय गीत समेत गाए । उपाधि जितेपछि दीपेशले अध्ययनसँगै गायनलाई समेत अघि बढाउने बताए । उपविजेता दुर्गाले दर्शक मतले आफ्नो गायनको कुनै कदर नगरेको बताइन् ।

# बिर्तामोडमा पूर्वाञ्चल महोत्सव

बिर्तामोड– उद्योग, पर्यटन, व्यापार, कृषि, खेलकुद र कला-संस्कृतिको प्रबर्द्धन गर्ने उद्देश्यका साथ आयोजित पूर्वाञ्चल महोत्सव बिर्तामोडमा प्रारम्भ भएको छ । माघ १३ गते प्रारम्भ भएको उक्त महोत्सव २४ गतेसम्म चल्नेछ । महोत्सवका लागि १ सय ६ स्टल रहेको महोत्सव संयोजक भूपाल राईले बताए ।

महोत्सवमा डेढ लाख अवलोकनकर्ता भित्र्याउने लक्ष्य लिइएको समूह अध्यक्ष विपिन मानन्धरले बताए । ३ करोड रुपैयाँको कारोबार गर्ने लक्ष्य आयोजकले राखिएको महोत्सवबाट सङ्कलित रकम बिर्तामोड क्षेत्रको सरसफाइमा खर्च गरिने बताइएको छ । रोटेपिङ र खेलतमासाबाहेक राष्ट्रिय स्तरका कलाकार महोत्सवको आकर्षण भएका छन् । महोत्सवमा विभिन्न कृषि प्रदर्शनी, हस्तकलाका सामग्री, पुस्तकलगायतका स्टल राखिएका छन् ।

# जिन्सपार्टीमा तातिएको धरान

धरान- जिन्स लगाउनैपर्ने । नामै जिन्सपार्टी भएपछि लगाउन त पर्‍यो नै । पार्टीमा आमन्त्रित सबैलाई जिन्स लगाएर आउन आयोजकले ह्विप जारी गरेका थिए । त्यही भएर पनि अधिकांश तन्नेरी पुस्ता शनिबार धरानस्थित स्विमिङपुलको बन्द हलमा जिन्स र जिन्स स्कर्ट लगाएरै उपस्थित भए । उनीहरू आयोजकको ह्विपलाई स्वीकार गरेर जिन्सको पाइन्ट सर्टमा कार्यक्रमस्थलमा झुल्किएका थिए ।

बिस्तारै तातिन सुरु गरेको पार्टीमा बिस्तारै भीड पनि बढ्दै थियो । डिजे टेक्नोको बेजोडको ननस्टप अंग्रेजी, हिन्दी र नेपाली रिमिक्स नम्बरहरूले उपस्थित सबैलाई ननाची धरै थिएन । धराने पार्टीक्रेजीहरूको डान्सपार्टीमा नाच्ने चटारोलाई बुझेर डिजेले पनि उनीहरूमाथि लगातार गीतको झटारो प्रहार गरेका थिए ।

डिजे टेक्नोले पार्टीमा नेपाली गीतहरूको तुलनामा अंग्रेजी र हिन्दी गीतहरू नै बढी घन्काए । बन्द हलको तातो वातावरणमा ननस्टप पार्टीमा नाचिरहँदा पार्टीक्रेजीको


तस्बिर : विकास राई

शरीर खलखली नै भएको थियो ।

गरिमा युवा समूहद्वारा आयोजित जिन्सपार्टीमा टिनएजर्स धराने पुस्ताको उल्लेख्य उपस्थिति थियो । बेलुकी ७ बजे जम्न सुरु भएको जिन्स पार्टी ११ बजेतिर रमाइलोसँगै टुंगिएको थियो ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

'तिम्री श्रीमतीले कस्तो खाना बनाउँछिन् ?'

'यति मीठो बनाउँछिन् कि' साथीले उत्तर दियो, 'उनले दिएको खाना म कुकुरलाई दिन्छु अनि कुकुरले त्यो खाना बिरालोलाई दिन्छ ।'

ooo

'आज बिहान एउटा विषालु सर्पले नेतालाई डस्यो ।'

'हे भगवान् अनि ?'

'विचरा एकछिन तड्पियो अनि मर्‍यो ।'

'नेता ?

'होइन, सर्प ।'

ooo

एउटा मानिस हुलाक गयो र भन्यो 'यो चिठी आज मैले हालेँ भने दुई दिनमा विराटनगर पुग्छ ?'

'दुई दिन किन ? एकै दिनमा पुग्छ' क्लर्कले भन्यो ।

'मेरो विचारमा दस दिनमा पनि पुग्दैन ।'

'किन ?'

'मैले यसमा धरानको ठेगाना लेखेको छु ।'

ooo

एउटा व्यक्ति टेन्सनमा यताउता हेर्दै उभिएको थियो ।

'के भयो ?' एउटा परिचित आएर सोध्यो ।

'पर्स हरायो ।'

'ए, त्यसो भए तिमीले पर्स खोजेको ?'

'होइन... त्यो त मेरो भाइले भेटिसक्यो ।'

'अनि फेरि के खोजेको त ?'

'भाइ खोजेको । '

ooo

एकजना कर्मचारी अफिसमा हाई हाई गर्दै बसेका थिए-

'के भयो ?' एकजना सहकर्मीले सोध्यो 'थाकेको, निद्रा नपुगेको जस्तो देखिन्छौ ?'

'के भन्नु यार टेन्सन छ, राति अलिकति पनि कतैबाट आवाज आयो कि स्वास्नीले मलाई उठाइहाल्छे, प्रत्येक रात त्यसै गर्छे, चोर आयो चोर आयो भनिरहन्छे ।'

'तिमीले स्वास्नीलाई चोर हल्ला गरेर आउँदैन भन्ने कुरा सम्झाउनुपर्दैन ?'

'सम्झाएको... उसले बुझी पनि तर रिजल्ट उल्टो भयो, अब त झन् जब हल्ला हुँदैन शान्ति भयो कि चोर आयो भनेर उठाइहाल्छे ।'

### मेरो कुरो

स्वास्नी राति ढिलो घर फर्की । लोग्नेले खतरनाक पाराले स्वास्नीलाई हेर्‍यो, स्वास्नीले पनि लोग्नेलाई तलदेखि माथिसम्म हेरी र आरामले भनी 'कराते सिक्न गएकी थिएँ खाना बनाउन ढिलो हुन्छ..., अब भन्नुस् के भन्नु छ ।'

## ● कविता ●

### जूनभित्र



तिम्रो विम्ब आकाशमा देख्छु जूनभित्र
तिम्रैबारे गीत गजल लेख्छु जूनभित्र
एकान्त वा मरुभूमि संसारको जुनै ठाउँ
जता जाऊँ उतै तिमी भेट्छु जूनभित्र
बटुवा हुँ दँरदेशको बास खोज्दै हिँडेको म
तिम्रै मनका संघारमा टेक्छु जूनभित्र
भित्री चाह के-के हुन्छ सम्झिँदा त लाज लाग्छ
तिम्रै बनी मनको तृष्णा मेट्छु जूनभित्र
नजिक आभास गर्छु तिम्रो स्पर्शको तरङ्गमा
गुनगुनाउँदै मनको तार रेट्छु जूनभित्र ।

– कमल राना

### नकोट्याऊ अब

फेरि पनि गल्ती नदोहोर्‍याऊ अब
खत बसेको घाउ नकोट्याऊ अब
यता देखावटीपन उता लुटपुटु गर्ने
त्यो नक्कली अनुहार नदेखाऊ अब
पेटले छुरी रोप्दै, मुखले लंका हाँक्दै
भो फोस्रो झूटो कहानी नसुनाऊ अब
जलिरहेको मुटु यो जलिरहेकै छ
विगत सम्झाई मलाई नजलाऊ अब
दुई ध्रुव अलग भैसकेपछि पनि
आएर दिलको ढोका नढकढक्याऊ अब
यहाँ उजाड उराठ मौसम भएर के भो
त्यहाँ वसन्तलाई अँगाली हराऊ अब ।

– अक्षोभ के.सी.

### म यतिबेला

सम्झेर वित्छन् सारा दिनहरू
रात वित्छ बिनासपना
क्षणक्षणमा आँखाबाट आँसु खस्छन्
म यति बेला असिना बढारिरहेको छु
मेरो हृदयको आँगनमा
बर्सिएका तिरस्कारका असिनाहरू
क्षत-विक्षत हृदय सम्हालेर
चट्टानजस्ता असिनाहरू पन्छाइरहेंछु
म यतिबेला ढुंगैढुंगाको पहाडमा उभिएर
तल खहरे खोलाको
दोभान नियालिरहेंछु ।

–जेबी खत्री

### खा'छैन हजुर

धेरै दिन भो भेटघाट भा'छैन हजुर
मनको कुरा भन्नलाई पा'छैन हजुर
न चैनले निदाइयो याद आउँदा
तड्पाइले एक गास नि खा'छैन हजुर
नैराश्यताले पिरोलेपछि त झनै उल्का
खुसी कस्तो हुन्छ था'छैन हजुर
सायद होला विश्वास नलागेर नभएर
तनमन अरूप्रति लगा'छैन हजुर
साँचो हो माया र सकारात्मक भावना
बिन्ती हजुर नखरा बना'छैन हजुर
कसम खाँदै भन्छे 'विन्दु' माटोको टीका लगाई
कसैले नि हात साँच्चै समा'छैन हजुर ।

– विन्दु लामा

### काँडेतार फालेर आएँ

तिम्रो दिलको संघारमा दीप बालेर आएँ
मुटुभरि चोखो माया धेरै-धेरै पालेर आएँ
नठान्नु है जाली मलाई, ममा माया भरपूर छ
सहाराहीन पाइलाहरू एक्लै चालेर आएँ
चाहन्न म अरू केही चोखो माया भए पुग्छ
मनभरिका पीर-व्यथा सबै-सबै फालेर आएँ
सजाउँछु नि दिलको मन्दिर, जीवनभर तिम्रो नै
दोबाटोभर बिछ्याएका काँडेतार फालेर आएँ
पिरैपिरले मन खाँदा व्यथा सबै बल्झिदिँदा
सिल्किएका आत्माहरू भए जति सम्हालेर आएँ ।

– नवराज गाउँले

## ● लघुकथा ●



### मुसुमुसु

त्यसबेला सुमन पाँच वर्षको थियो ।

उसले हेर्दाहेर्दै खोरमा रहेकी एउटी कुखुरीले सेतो अण्डा पारेको देख्यो । ऊ दगुर्दै आमाछेउ पुग्यो र सोध्यो– 'आमा-आमा, कुखुराले कसरी फुल पार्छ ?'

आमा कामको चटारोमा थिइन् । उनको मुखबाट निस्कियो, 'कुखुराले ढुंगा खायो होला, त्यही कारण अण्डा दियो ।'सुमन कुदेर कुखुरा छेउमा गयो । उसले दुईवटा ढुंगा कुखुराको छेऊमा राख्यो ।

भोलिपल्ट सुमन कुखुराको छेउ गयो । उसले राखेका ढुंगा जस्ताको तस्तै थियो, तर अण्डा भने थपिएका थिए । उसलाई अचम्म लाग्यो । ढुंगा नखाएपछि अण्डा कसरी भयो, उसले बुझ्न सकेन । ऊ फेरि आमाको छेउ गयो । 'आमा-आमा ढुंगा नखाए पनि कुखुराले अण्डा कसरी पार्‍यो ।'

आमा मुसुमुसु मात्रै हासिन् । उनले केही पनि जवाफ दिइनन् । आज सुमन १४ वर्षको भयो । कक्षामा शिक्षकले स्वास्थ्य विषय पढाइरहँदा केही वर्षअघि कुखुराका विषयमा आमासँग भएको रोचक कुरा सम्झियो । कक्षाको गम्भीर विषय बिर्सेर ऊ मुसुमुसु हास्न थाल्यो ।

–जेठो छोरा

## हङकङमा यलम्बर नाइट



हङकङ- पहिलो सांगीतिक यात्राका क्रममा हङकङ आएकी श्रेया सोताङले यहाँ पनि दर्शकको वाहवाही बटुलिन् । श्रेयाका 'मन पर्‍यो तिमीलाई...' र 'माघको महिनामा...' गीतमा युवा जमातले सँगै नाचगान गरी साथ दिए । 'पोल्छ मुटु...' र 'खोलालाई सोधेछु...' जस्ता सफ्ट गीतमा समेत दर्शक मज्जाले झुमे । करिब डेढ वर्षअघि 'सुरुवात' एल्बमबाट नेपाली सांगीतिक क्षेत्रका होमिएकी श्रेयाका गीतसंगीत सुन्न पाका-तन्नेरी दुवैका उत्तिकै सहभागिता थियो । गत आइतबार सूझ याउ मा तेइस्थित हेनरी जी लियोङ हलमा किराँत राई यायोक्ख्याद्वारा आयोजित यलम्बर नाइटमा श्रेया मात्रै थिइनन्, पहिलो नेपाल स्टार विष्णु चेम्जोङ र नवीन राईसमेत उनीसँगै नेपालबाट आएका थिए । सुन्दरी गायिका विष्णुका गीतले समेत कार्यक्रममा उत्तिकै ताली बटुले । विष्णुले 'परदेशी पर्ख है...', 'आइ सुटुक्क...' आदि गीत गाइन । हङकङको कार्यक्रममा विष्णुले आफ्नो पहिलो एल्बम 'साथ' समेत विमोचन गराइन् । नेपाल स्टारको उपाधि जितेको झन्डै चार वर्षपछि निकालिएको एल्बम हङकङमा विमोचन गर्न पाउँदा हर्षित रहेको सुनाउँदै उनले सुनेर प्रतिक्रिया दिनसमेत अनुरोध गरिन् ।

अधिकांश दर्शकले छोरी श्रेयाबाट आमाबाबु उदय र मनिलाका गीत सुन्न पाउने अड्कल काटे पनि निराश भए । दर्शकहरूले आमाबाबुका गीत गाउन गरेको बारम्बारको अनुरोधलाई श्रेयाले टारिन् । 'उहाँहरूका गीत दर्शकहरूले सोही भाव र शैलीमा सुन्न चाहन्छन्,' श्रेयाले साप्ताहिक सँग भनिन्, 'त्यसमा न्याय गर्न सक्दिनँ कि भन्ने लागेर मैले उहाँहरूका गीत गाउने गरेकी छैन् ।'

–निर्मल श्रेष्ठ




## कुटुम्बसँगै स्थानीय कलाकार

पाँचथर- दर्जन कलाकारहरू परंपरागत नेपाली बाजागाजा लिएर मञ्चमा प्रवेश गरे । यही बेला स्थानीय कलाकारहरू भने लिम्बु जातिमा प्रचलित च्याब्रुङ बजाउँदै धान नाचेर राष्ट्रिय कलाकारहरूको स्वागत गर्दै थिए । राजधानीको कुटुम्ब ब्यान्डका कलाकारहरूले मुलुकका आदिवासी र विभिन्न समुदायमा प्रचलित लोपोन्मुख मौलिक संस्कृतिको प्रस्तुतिसहित परम्परागत बाजागाजा बजाएर तीन घण्टासम्म दर्शकलाई लठ्ठ बनाए । कलाकारहरूले बाँसुरी, टुंगना, मुर्चुंगा, सारंगी, ढोललगायतका ३६ प्रकारका बाजा बजाएर स्थानीयलाई मनोरञ्जन दिएका थिए ।

मिथिला नाट्य कला परिषद् र कुटुम्ब ब्यान्डका कलाकारहरूको सहभागितामा स्थानीय फिदिम खेलमैदानमा मंगलबार सम्पन्न 'विविधताको उत्सव तथा सांस्कृतिक यात्रा'मा देशभक्तिले ओतप्रोत विभिन्न जाति र भाषाका दुई दर्जनभन्दा बढी गीत प्रस्तुत गरिएको थियो । कार्यक्रममा स्थानीय सुरमाला कला केन्द्रका कलाकारहरूले स्थानीय केही जातिका संस्कृतिलाई महत्त्वका साथ देखाएका थिए ।

आधुनिकतासँगै नेपाली बाजाको मौलिक संस्कृति र स्वाद बिर्सन लागेका स्थानीयवासीले कुटुम्बको प्रस्तुतिलाई विशेष चासो दिएर नियालेका थिए । स्थानीयले लिम्बूसहित केही जातिका च्याब्रुङ नाच, धान नाचलगायतको मौलिक पहिचान पाए पनि परम्परागत बाजाको संरक्षण र राष्ट्रिय एकताका निम्ति कुटुम्बको प्रयासलाई नौलो मानेका थिए ।

लिड इन्टरनेसनलको संयोजनमा कुटुम्बको यात्रा डडेल्धुराबाट प्रारम्भ गरी फिदिममा टुंग्याइएको हो । कार्यक्रममा कलाकारहरूले 'हिमाल, पहाड, तराई : कोही छैन पराई' भन्ने सन्देशका साथ नाटक प्रस्तुत गरे । कुटुम्ब ब्यान्डका प्रबन्धक अरुण गुरुङले संगीतको माध्यमबाट मुलुकमा व्याप्त अशान्तिलाई रोकी राष्ट्रियता एकताको सन्देश दिन खोजिएको बताए ।

–लवदेव ढुंगाना

## रकिङ विन्टर भोलियम




विराटनगर- ठूलो संख्यामा भेला भएका युवायुवतीको पर्खाइ चिर्दै स्टेजमा चढेका गायकहरूले चौरभरिका दर्शकलाई एकैसाथ नचाए । गायकहरू आउनु अगावै डान्सरहरूकै तालमा नाचेका युवायुवतीहरू लाइभ कन्सर्ट हुनु अगावै थाकेका थिए । गएको शनिबार विराटनगरस्थित जनपथ टोल कलाकार र दर्शकका कारण संगीतमय बन्यो ।

जनपथ युथ ग्रुपले आयोजना गरेको 'रकिङ विन्टर भोलियम-४' लाइभ कन्सर्टमा कलाकारलाई मात ख्वाउने गरी युवायुवती नाचेका थिए । मुनलाइट डान्स सेन्टर धरानको टोलीले विभिन्न गीतमा डान्समार्फत् सयौंको संख्यामा रहेका युवायुवतीलाई उफारेर तताइसकेपछि गायकहरू स्टेजमा आएका थिए । 'अन्तिम पल्ट भेट्न आऊ...' शीर्षकको गीत लिएर मञ्चमा आएका डम्बर नेपालीलाई उनको गीतमै स्वर मिलाएर युवा वर्गले स्वागत गरे । 'साँझको बेला छतमा बसेर...' गीत लिएर आएका भरत सिटौलाले आफूसँगै अडियन्सलाई नचाए । राष्ट्रभक्ति गीतसँगै स्टेजमा आएका गायक सुमित खड्काले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरे ।

कार्यक्रममा प्रस्तुत बाल कलाकार सिम्रन श्रेष्ठको नृत्यको धेरैले तारिफ गरे । लाइभ कन्सर्टमार्फत सामाजिक क्षेत्रमा लागेका विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको कन्सर्ट संयोजक निराजन लुइँटेलले बताए । कार्यक्रममा एकल महिला सरस्वती साहलाई सम्मान गर्दै ११ जना अनाथ बालबालिकालाई पोसाक प्रदान गरिएको थियो ।

–कमल रिमाल

## • सन्देश •

ऋचा, लाखौंलाख शुभकामनाका साथ जीवनयात्रामा पीर, व्यथा र असफलता नआओस्, चालेका कदमहरू सफलताको प्रगतिमा जाऊन्, जीवनले एउटा नयाँ उचाइमा पुगोस्, जन्मदिनका अवसरमा हार्दिक शुभकामना ।

**अन्जान वनबासी, इराकी बन्दीगृहबाट**

मणिकृष्णजी, मेरो कारणले तपाईंको वैवाहिक सम्बन्ध लथालिंग भएकोमा सरी । तपाईंको जीवन भाँडेर मैले ठूलो भूल गरें र अहिले म त्यही भूलको प्रायश्चित गर्दैछु ।

**शुभचिन्तक**

रामेश्वरजीको सदैव उन्नति होस्, साहित्यक क्षेत्र कलम चालिरहोस्, शुभ होस्, मंगल रहोस्, शुभकामना ।

**अगस्त्य**

दिया, आखिर यो मायालाई लत्याएर अर्कैको साथमा रमाउन जानुभयो होइन ? यो मायाको वाचा-कसम देखावटी थिए ? होइन भने किन पूरा भएन त ? आज झूटा आश्वासन दिएर आफू सफलताको बाटोमा पुग्नुभएछ । बीचमा फोन गरेर पनि जानकारी दिनसक्नु भएन । सायद तपाईंको माया झूटो रहेछ ।

**दीपु**

कान्छु, केही दिन सकिनँ, केही दिन पाइनँ भनेर कहिल्यै नभन, मलाई केही दिनुपर्दैन । म तिमीलाई हेरेर, तिम्रै मुस्कानमा बाँचेको मान्छे । यसरी तिमीले माया गरेकी छौ । मलाई तिम्रो माया नै पर्याप्त छ । बाँकी जीवनमा यसरी नै तिम्रो साथ पाइरहुँ । भगवान्सँग सधैंभरि तिमीलाई माया गरिरहन पाऊँ ।

**एनआर**



बहिनी संगीताको यही माघ २३ गते जन्मदिन परेको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना ।

**रञ्जित गजराजी**

पत्रमित्रहरू जानकी, सायना, माया, अस्मिता, अनिता, उमा, करुणा, उपेक्षा, प्रतिमा, सविना तथा ललितामा मीठो सम्झना एवं शैक्षिक सफलताको कामना । रामप्रसाद, रामप्रताप, उपेन्द्र, सुवास, प्रवीण, सञ्जीवन, सुप्रभात, सुष्मा, सम्झना, रञ्जिता, भावना, सुनिता, गंगा, खगेन्द्र, प्रेमु, दिदी अनिता, बहिनी निसिका, अलका, रविना, रोजी, भाइ विराटलगायत सोल्टिनी सपना तथा भाउजू चन्दामा धेरै-धेरै सम्झनाका साथै मीठो माया ।

**सुबोध**

बेलुका ५ बजेतिर सुन्धाराबाट सामाखुसी हुँदै म्हेपी जाने माइक्रोबसमा चढेकी, अघिल्लो सिटको अघितिर मेरो सम्मुख भएर बसेकी, कलेजको ड्रेस कालो स्वेटर र धर्के कालो पाइन्ट लगाएकी, घाँटीमा स्कार्फ बाँधेकी, कपाल छाडेकी, कलेजको ब्याग बोकेकी सुन्दरीलाई rajav-birahi@yahoo.com मा इमेल गरी मित्रता गाँस्न विनम्र अनुरोध छ ।

**कालो ट्र्याक, नीलो जिन्स पाइन्ट**

पारु र सरु, तपाईंहरू जहाँ भए पनि मेरो पुरानै नम्बरमा एक कल गर्नु । म प्रतीक्षाम बसिरहनेछु ।

**मुस्कान**

रोशन, आज पूरै पाँच महिना भएको छ, हजुरसँग कुरा नगरेको । कति रिसाउनुहुन्छ मसँग ? प्लिज मात्र एकपटक कुरा गर्नुहोस् । म हजुरकी काली पागल भैसकेकी छु । कति रिस उठेको हजुरलाई मसँग ? मेरो एक थोपा आँसुमा रुने मान्छे तपाईं आज कता हराउनुभयो ?


**काली**

जीवनसँगिनी कमला, तिम्रो मायामा तड्पिरहेको छु ।

**लोकबहादुर**

# क्षणिक प्रेम

## • जीवनको गोरेटोमा •



प्रेम वरदान हो यसै भन्छन् मानिसहरू, तर मेरा लागि त यही प्रेम नै अभिशाप बनिदियो । म भुल्न नै कहाँ सक्छु र ती अविस्मरणीय क्षणहरूलाई ? एक दिन बेलुकी म धरानबाट धनकुटाको यात्रा गरिरहेको थिएँ । पुस महिनाको जाडो बढिरहेको थियो । यात्रा अघि बढिरहेको थियो, मलाई थाहा थियो- उनी घरी-घरी मलाई हेरिरहेकी थिइन् । किन हो कुन्नि, मलाई उनका नजरले उनको नजिक तान्यो ।

हामी यात्राका क्रममा भेडेटार नजिकै पुग्यौं । उनी जाडोले काम्दै थिइन् । मैले त कोट लाएकाले खासै फरक परेन । उनलाई आफ्नै अँगालोमा बाँधें । यात्राका क्रममा धेरै कुराकानी गर्दै हामी धनकुटा पुग्यौं । हामी एक-अर्कालाई ज्यादै प्रेम गर्थ्यौं । साँच्चै यस्तो लाग्थ्यो, हामीबाहेक अरू कोही छैन जसले यति धेरै प्रेम गर्छन्, तर विडम्बना निष्ठुरी समयले आफ्नो निष्ठुरीपन देखाएरै छाड्यो । उनी मबाट धेरै टाढा भएर गइन् । मैले केही भन्न सकिनँ । त्यसपछि त साँच्चै उजाड बनिदियो मेरो जीवन, एउटा पात झरेको नांगा रूखजस्तै । सम्पूर्ण खुसीहरू बगाइलग्यो आँसुको भेलले ।

आँसुका सागरहरूमा म बगिरहें । एउटै मुटु दुइटा भयो, आफू परें गरिब, तिम्रा सारा खुसी किन्न सकिनँ, ठीकै भन्यौ तिमीले, माग्यौ भने आकाशका जूनतारा टिपी तिम्रो हातमा राखिदिन सक्दिनथें । सधैं दुखिरहने छातीभित्रका आफ्ना घातक व्यथा पोख्न पनि सकिनँ । तिमी रमाउँदै गयौ पराईको अँगालोमा, म पीडामा जल्दै गएँ तर पनि तिमीसँग मेरो केही गुनासो छैन । बस एउटै कुरा, दुख्दो रहेछ मुटु विछोडले रेट्दा, जति कहाँ दुख्छ र खुकुरीले रेट्दा । मैले त माया गरेको थिएँ सच्चा मनले, पवित्र साइनो गाँसेको थिएँ । मनमित्रै राखी कल्पनाको नयाँ-नयाँ संसारमा सपनाका मीठा-मीठा चाहनाहरू बुनेको थिएँ । खोइ कुन कर्मको फल हो किन्न बदलामा आँसु झारी रुनुसिवाय अरू कुनै विकल्प रहेन । रोइरहें हरपल हरक्षण आफैंभित्र, म पलपल जीवनभरि जलिरहें मैनझैं, बस जलिरहें, जलि नै रहें । आज पनि मैले केही बिराएको छु केही भुलाएको छु तर माया मात्र यो मुटु मै सजाएको छु ।

**विनोद**

# कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

# साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..............................वर्ण : ..............................

इमेल : ..........................................................................

ठेगाना :..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## • साथी •



५ फिट ८ इन्च अग्ला विक्रम भारती खेलकुदमा विशेष रुचि राख्छन् । कम बोल्ने भारती मिलनसार स्वभावका छन् । २१ वर्षीय विक्रमले एसएलसीसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । गहुँगोरो वर्णका विक्रम सुख-दुःखमा साथ दिने, संगीतमा अभिरुचि राख्ने, रूपको घमन्ड नगर्ने, पैसालाई महत्व नदिने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले अर्जुनधारा-६, वैशाबाडी-फूलबारी, झापामा पत्राचार गर्न सक्नुहुन्छ ।



गहुँगोरो वर्णका सन्दीप रञ्जन श्रेष्ठ ५ फिट ३ इन्च अग्ला छन् । प्लस टु उत्तीर्ण सन्दीप नम्र एवं मिलनसार स्वभावका छन् । २१ वर्षीय सन्दिप संगीत, भ्रमण तथा पत्रमित्रतामा अभिरुचि राख्छन् । रगतको नाताभन्दा भावनाको नाता ठूलो मान्ने, पत्रमित्रतालाई निरन्तरता दिने, धनी-गरिबको भेदभाव नगर्ने साथीको खोजीमा रहेका सन्दीपलाई गैंडाकोट-४, विश्वशान्ति चोक, नवलपरासीमा पत्राचार गर्न सकिन्छ ।



१६ वर्षीय बालकृष्ण रानामगर हाल कक्षा ९ मा अध्ययनरत छन् । ५ फिट ४ इन्च अग्ला बालकृष्ण शान्त र सहयोगी स्वभावका छन् । गीत-संगीत सुन्ने, साथी बनाउने, नयाँ-नयाँ ठाउँको भ्रमण गर्ने रुचि भएका रानामगर गहुँगोरो वर्णका छन् । लगनशील, मिलनसार, सहयोगी भावना भएको तथा सबैप्रति समान व्यवहार गर्ने, पत्रमित्रतालाई निरन्तरता दिने साथीको खोजीमा रहेका बालकृष्णलाई साथी बनाउन चाहनेहरूले पुतलीबजार नगरपालिका-१२, घर नम्बर १०५, स्याङ्जामा पत्राचार गर्न सक्नुहुन्छ ।



सुरेश कुमार लिम्बू २१ वर्षका भए । आकर्षक शारिरिक बनावटका धनि लिम्बू हाल बीए तेस्रो वर्षमा अध्ययनरत छन् । ५ फिट ५ इन्च अग्ला लिम्बू लजालु स्वभावका छन् । अविवाहित लिम्बू धेरै साथी बनाउने अभिरुचि राख्छन् । गहुँगोरो वर्णका सुरेश घमन्डरहित, मदिरा तथा धूम्रपान सेवन नगर्ने, अरूलाई सक्दो सहयोग गर्ने साथीको खोजीमा छन् । पाँचथरका स्थायी बासिन्दा लिम्बूलाई साथी बनाउन चाहनेहरूले महेन्द्र मोरङ क्याम्पस, बीए तेस्रो वर्ष, विराटनगरमा पत्राचार गर्न सक्नुहुन्छ ।




बीएड दोस्रो वर्षमा अध्ययनरत जगन्नाथ शर्मा स्याङ्जा टक्सार-४, सुवेदीटोलका बासिन्दा हुन् । अध्ययन, पत्रमित्रता, एफएम सुन्ने तथा चलचित्र हेर्ने अभिरुचि राख्ने जगन्नाथको ५ फिट ५ इन्च अग्ला छन् । २४ वर्षीय शर्माले आफ्नो तौल ५५ केजी भएको उल्लेख गरेका छन् । सानालाई माया गर्ने, ठूलालाई आदर गर्ने, पैसालाई सबैथोक नसम्झने, अरूको पीरमर्का बुझ्ने साथीको खोजीमा रहेका शर्मालाई subedi_jagan987@yahoomail.com मा इमेल गर्न सकिन्छ ।



हेल्थ केयरमा कार्यरत दुर्गाबहादुर रायमाझी 'असफल' ले आईएसम्मको अध्ययन पूरा गरेका छन् । २६ वर्षीय दुर्गा ५ फिट ५ इन्च अग्ला छन् । अविवाहित रायमाझी गम्भीर स्वभावका छन् । गहुँगोरो वर्णका दुर्गा समाजसेवा गर्ने तथा असल साथी बनाउने रुचि राख्छन् । धनी-गरिबमा भेदभाव नगर्ने, सहयोगी भावना भएको, मित्रतालाई फेसनका रूपमा नलिने साथीको खोजीमा रहेका दुर्गालाई भीरपानी गाविस-७, डुब्खा, माझी गाउँमा पत्राचार गर्न सकिन्छ ।

# बाटो पत्ता लगाउनुहोस्



## पत्याउनु हुन्छ ?



न्युजिल्यान्डका लक्की डाइमन्ड रिच शरीरमा सर्वाधिक टाटु भएका व्यक्ति हुन् । उनको शरीरमा छाला देखिने भागभरि टाटु छ । उनले आफ्नो शरीरमा १ सयभन्दा बढी टाटु आर्टिस्टको सहयोगमा १ हजारभन्दा बढी घन्टा खर्चेर टाटु खोपाएका हुन् ।

न्युयोर्कमा जनव
१० तारिखमा नो पाइ
सब वे दिव
मनाइन्छ । भूमिगत रे
स्टेसनमा मनाइने
महोत्सव
सहभागीहरूले पाइ
लाउँदैनन्






मियामीको एक मौरीघारका मौरीले स्थानीय व्यक्तिहरूलाई चिलेपछि स्थानीय प्रशासनले मौरीका घार हटाउने आदेश दियो । आफ्नो २० वर्षको मौरीपालन अनुभवमा ती कृषकले पहिलो पटक ३० लाख मौरीलाई अन्यत्र स्थानान्तरण गरे ।



मेक्सिकोमा वार्षिक रूपमा आयोजना हुने रोस्टा डि रियास महोत्सवमा यो वर्ष तयार पारिएको रोस्टा अहिलेसम्मकै सर्वाधिक लामो मानियो । ७ सय २० मिटर लामो रोस्टा १२ हजार किलोग्रामको थियो । उक्त परिकार २ लाख ५० हजार व्यक्तिलाई खान दिइएको थियो ।


## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## भन्न सक्नुहुन्छ ?

मेरा पिताजीले स्वर्गे हुनुअघि आफ्नो सम्पत्तिको बाँडफाँड गर्दै शेषपछिको बकसपत्र लेखाउनुभएको थियो । उक्त बकसपत्रमा उल्लेख भएबमोजिम पिताजीले आर्जन गर्नुभएको श्रीसम्पत्तिबाट मेरा दाजु र भाइसमेतले बराबरी अंश पाए तर मैले पाउन सकिनँ । किन होला ? भन्न सक्नुहुन्छ ?

## साप्ताहिक कोठेपद




**दायाँ**

१.प्रस्तावित नयाँ संरक्षण क्षेत्र (५)
२. सप्तपातालमध्ये एक (४)
३. ताँती, समूह (३)
५. शरीरमा हुने हाडजन्य अंग (३)
६. भुइँचालो (३)
७. हार, जयको उल्टो (४)
८. मृत्युका देवता (४)
९. मध्यपश्चिमको एक पहाड (४)
११. सबै कुराको ज्ञाता (३)
१२.विष्णुको बाहन, चरा (३)
१३. हलचल नहुने, स्थिर (३)
१७. सुस्तता, कमजोर (२)
१८. अन्तिम संस्कार गरिने ठाउँ (३)
२०. कथा लेख्ने व्यक्ति (४)
२१. शरीरमा हुन्छ (३)
२२. अष्टबुद्धमध्ये एक (४)

**तल**

१. अंग्रेजीमा बाइसन (४)
२. खेल्ने ठाउँ (४)
३. हात-गोडा पसारेर सुत्ने काम (४)
४. नाटक देखाउने ठाउँ (४)
५. वैद्यहरूमा श्रेष्ठ (४)
६.पृथ्वीको भित्री भाग (३)
७.जंगलमा घाँसको छाप्रो (४)
८. आहुती दिएर गरिने पूजा (२)
९. स्थिर, जरा (२)
१०. एसिया-अफ्रिका बीचको समुद्र (५)
१२. घाँटीमा बेरिने वस्त्र (४)
१३. मानको विपरीत (३)
१४. नाम नभएकी (४)
१५. जनताको राय (४)
१६. ज्ञानेन्द्रियमध्ये एक (२)
१९. एक प्रकारको सवारी साधन (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# ढाकामा नचिताइएका दुर्घटना

हिमेशरत्न वज्राचार्य

ढाका- खेलकुदमा सोचिएको सुरुआत पाउन कठिन हुन्छ, अझ केही यस्ता पनि घटना हुन सक्छन्, जुन नचिताइएका हुन्छन्। यस्तै रह्यो, ११ औं दक्षिण एसियाली खेलकुदको सुरुवाती केही घन्टा नेपालका लागि। बंगलादेशी राजधानीमा तेस्रोपल्ट दक्षिण एसियाली खेलकुद फर्केको थियो, फेरि एकपल्ट नेपालका लागि सुरुवात चिन्ताजनक रह्यो।

पहिलो समूहमा ढाका आएका नेपाली खेलाडीका लागि मुख्य प्रतियोगिता स्थल बङ्गबन्धु रंगशाला नजिक इम्पेरियल होटल रोजिएको थियो। रंगशालानजिकको यो होटल जान-आउन सुगम रहे पनि माथिल्लो स्तरको भने पटक्कै थिएन, यसै होटलमा उद्घाटनको ठीक केही घन्टा अगाडि अकल्पनीय घटना घट्यो।

दिउँसो १२ बजेतिर नेपाली खेलाडी रहेको लिफ्ट चौथो तल्लाबाट तल खसेको थियो। त्यसमा परेर ९ खेलाडीसहित १० घाइते भएका थिए। दुर्घटनामा पर्नेमा जुडोका ७, भारोत्तोलनका २ तथा १ खेल पदाधिकारी थिए। बंगलादेशी आयोजकमा पर्याप्त चुस्तता थिएन, त्यसैले घाइतेलाई अस्पताल पुऱ्याउन पनि दुई घण्टा लागेको थियो।



जे होस्, त्यसले नेपाली मात्र होइन, अन्तर्राष्ट्रिय मिडियाको आँखा तान्ने काम भने गऱ्यो। बंगलादेशी पत्र-पत्रिकाले पनि आयोजकको आलोचना गर्न कन्जुस्याइँ गरेनन्। नतिजा के रह्यो भन अन्ततः बंगलादेशी प्रधानमन्त्री स्वयं घटनाबारे चिन्तित हुन बाध्य भइन्। उनको चिन्ताको खबर दक्षिण एसियाली ओलम्पिक कमिटीको बैठकमा सुनाइएको थियो।

बैठकमा प्रधानमन्त्रीलाई उद्धृत गर्दै बंगलादेशी ओलम्पिक कमिटीको पदाधिकारीले भने, 'नेपाली खेलाडी लिफ्ट दुर्घटनामा परेको समाचारले बंगलादेशी सरकार दुःखी भएको छ, सबै खेलाडीको सुरक्षा बंगलादेशी सरकारको जिम्मेवारी हो। सबैका लागि सुरक्षाको कडा व्यवस्था गरिनेछ। घटनाप्रति हामी माफी माग्छौं।'

घाइते खेलाडीको उपचार पनि बंगलादेशले गर्ने भयो। उद्घाटनपछि राष्ट्रिय गीत र झन्डाको प्रकरण पनि सुखद रहेन। साग भिलेज र ब्याडमिन्टनको उद्घाटन अवसरमा पुरानो राष्ट्रिय गीत बजेको थियो।



तस्बिरहरु : सुन्दर श्रेष्ठ

त्यसै अवसरमा नेपालको गलत झन्डा फहराइएको थियो। पुरानो राष्ट्रिय गीत 'श्रीमान् गम्भीर.....' विस्थापित भएको धेरै समय भैसक्दा पनि अन्ततः त्यसै गीत खेलाडी र खेलप्रेमीले सुन्नुपरेको थियो।

यो घटना पनि कम्तीमा नेपाल मात्र होइन, बंगलादेशी मिडियाका लागि समाचार बन्यो। बंगलादेशी पत्र-पत्रिकाले पनि प्राथमिकतासहित यसलाई पहिलो पानामा समाचार दिए। नेपाल सरकार ढाकास्थित राजदूतावाससँग स्पष्टीकरण सोध्न बाध्य भयो। अन्ततः यस घटनामा पनि बंगलादेश माफी माग्न बाध्य भयो।

दक्षिण एसियाली ओलम्पिक कमिटीको बैठकमा फेरि एकपल्ट बंगलादेशले माफी माग्यो। उनीहरूको भनाइ थियो, नेपाली राष्ट्रिय अभिमानमा चोट पुऱ्याउने कुनै उद्देश्य थिएन। घटनाप्रति हामी दुःखित छौं। जे होस्, दक्षिण एसियाली खेलकुदको सर्वोच्च प्रतियोगिताको सुरुवातमा नेपाल दुई गलत घटनाको कारण चर्चामा रह्यो।

# ढाकामा नेपाली नाटक

**रोमाञ्चक मुक्कामुक्की**

कपर्दी मुक्का प्रहार गर्ने बक्सिङजस्तो खेल होइन। यसमा आफ्नो क्षेत्रमा आएका विपक्षी खेलाडीलाई समातेर राख्नसम्म पाइन्छ, त्यो पनि निर्णायकको संकेत नआएसम्म, तर ढाकामा आइतबार नेपाली कपर्दी टोलीमा भने मुक्कामुक्की नै भयो। खेलाडी थिए, नेपाल कपर्दी संघका अध्यक्ष सुनिल राजकर्णिकार र रेफ्री, प्रशिक्षक र खेलाडी।

नेपाली पुरुष टिमको बंगलादेशसँगको खेलअघि प्रशिक्षक विमल पोखरेल र रेफ्री दिनेश पाललाई 'एक्रिडेसन कार्ड' हुँदाहुँदै जिम्मेवारीबाट अध्यक्ष राजकर्णिकारले हटाएपछि विवाद सुरु भएको थियो। मुक्का हानाहानपछि आयोजकले हस्तक्षेप गरेर नेपाली कपर्दीको विवाद ढाकामा मिलाएका थिए। प्रशिक्षक र रेफ्रीलाई पुनः जिम्मेवारी दिइएको थियो। नेपाल ओलम्पिक कमिटीका सदस्य राजकर्णिकारले सागको तयारीमा काठमाडौंमा पनि टोलीलाई पटक-पटक दुःख दिएका थिए।

**पुरानै राष्ट्रिय गान**

राष्ट्रिय झन्डा हस्तान्तरण गर्ने क्रममा सागको उद्घाटनमै नेपालको राष्ट्रिय गान भनेर पुरानै 'श्रीमान् गम्भीर.......' आयोजकले बजाएर गल्ती त गरेको थियो नै। उसले शनिबार फेरि त्यही गल्ती दोहोऱ्यायो।

ब्याडमिन्टनको पहिलो दिन शनिबार महिला टिम स्पर्धामा प्रतिस्पर्धा गर्नुअघि फेरि उही पुरानै राष्ट्रिय धुन बजाइयो। नेपाली खेलाडी अलमल्ल परे। यो विषयमा बंगलादेशका लागि नेपाली राजदूतले केही नगरेको आरोप लाउँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव खनिएका थिए। 'आयोजकले वास्ता गरेनन्', राजदूत प्रदीप खतिवडाले पनि लाचारी व्यक्त गरे, 'बंगलादेशले पहिलेदेखि नै हामीलाई हेप्ने गरेको छ।'

**नेपाली झन्डाको बिजोग**

चन्द्र-सूर्यअंकित नेपाली राष्ट्रिय झन्डा पाँचकोणीय छ, तर सागमा चारकुने बनाएर बंगलादेशले नेपाली झन्डाको रूप नै फेरिदिएको थियो। त्यो चारकुने नेपाली झन्डा साग उद्घाटनमा फहराइएको थियो।

त्यति मात्र कहाँ हो र, चारकुनेलाई सुधार गरेको बताइएको नेपाली झन्डा पनि उल्टो झुन्ड्याएको थियो, माथि सूर्य र तल चन्द्रमा। युवा तथा खेलकुदमन्त्री, सहायक मन्त्रीसहित झन्डै खेलाडीकै संख्याजति नै ढाका पुगेका नेपाली अफिसियलले राष्ट्रियताको मर्यादा राख्न सकेनन्। यो विषयमा आयोजकलाई बलियो चुनौती दिने ठाउँ थियो। सरकारी ढुकुटी रित्याउँदै ढाकामा मस्ती गर्न पुगेका नेपाली पदाधिकारीले त्यसको वास्तै गरेनन्।

**बंगलादेशको माफी**

नेपाली राष्ट्रिय झन्डा, धुनमा गरेको गल्तीमा बंगलादेशले क्षमायाचना गरेको छ। अन्तर्राष्ट्रिय खेलकुद कुम्भमा भएको गल्तीको क्षतिपूर्ति माफी मात्र हुन सक्दैन। दक्षिण एसियाली ओलम्पिक कमिटीको बैठकमा लिफ्ट दुर्घटनाका लागि पनि आयोजकले नेपालसँग क्षमायाचना गऱ्यो।

**खै अनुशासन ?**

नेपाली फुटबलले अनुशासनको सीमा तोडेकाले एक वर्षयता एसियाली फुटबल महासंघ (एएफसी) को कारबाही खेपिसकेको छ। नेपाली टोलीले ढाकामा पनि अनुशासनहीनताको पराकाष्ठा नाघ्यो। माल्दिभ्ससँगको दोस्रो खेलमा रेफ्री र लाइन्सम्यानको निर्णय सही नभएको आरोप लगाउँदै नेपाली पदाधिकारी र खेलाडीले खेल भावना तोडेका थिए।

लाइन्सम्यानले अभद्र व्यवहार गरेको भनेर खेल अन्त्यपछि नेपालले उग्र रूप देखाएको थियो। त्यसमा एन्फा अध्यक्ष गणेश थापाले पनि राम्रै साथ दिए। खेलाडीलाई अनुशासन र व्यवहारको पाठ सिकाउनुपर्ने नेतृत्वको यस्तो व्यवहारबाट के अपेक्षा गर्ने ? निर्णायकले गल्ती नै गरेको भए उजुरी हाल्ने निकाय नभएको पनि होइन। सुरक्षाकर्मीलाई नै हम्मेहम्मे पर्ने गरी निर्णायकमाथि जाइलाग्नुको अर्थ थिएन। यो घटनामा एएफसीले नेपाली टोलीको व्यवहारमाथि प्रश्न उठाउन सक्नेछ।

**खेलाडी ठूलो कि मनोरञ्जन ?**

११ औं सागको उद्घाटनअघि भएको लिफ्ट दुर्घटनामा ९ नेपाली खेलाडी र एक अफिसियल घाइते भए। घाइतेलाई तत्काल अस्पताल लगियो। त्यो घटनाबाट सागमा नेपालको ठूलै चर्चा भयो। अस्पतालमा भेटेर देशविदेशका धेरैले घाइते खेलाडीप्रति सहानुभूति व्यक्त गरे।

नेपाली जम्बो टोलीको नेतृत्व गरेका युवा तथा खेलकुदमन्त्री गणेश नेपाली, राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव तथा सेभ द मिसन हरिबाबु चौधरी र नेपाल ओलम्पिक कमिटीका अध्यक्ष ध्रुवबहादुर प्रधानसहित पदाधिकारीले भने लिफ्ट दुर्घटनाभन्दा साग उद्घाटन समारोहका झलक महत्त्वपूर्ण ठाने। घटना भएको २८ घण्टापछि मात्रै उनीहरूले घाइते खेलाडीलाई भेटेका थिए। खेलाडीलाई उत्साहको ऊर्जा थप्नुपर्ने पदाधिकारीको यस्तो व्यवहारलाई के भन्ने ?



# दक्षिण अमेरिकी महादेश-२



● विश्वकप फुटबल विशेष ●

## अर्जेन्टिना

विश्वकप फुटबलमा अर्जेन्टिनाले १५ पटक आफ्नो उपस्थिति जनाईसकेको छ। यो क्रममा अर्जेन्टिनाले दुई पटक विजेता र उपविजेता हुने मौका पाएको छ। विश्वकप फुटबलमा अर्जेन्टिनाको यात्रा पहिलो विश्वकपबाटै प्रारम्भ भएको हो। पहिलो संस्करणको विश्वकपमै उपविजेता भएको अर्जेन्टिनाले सन् १९३८ देखि १९५४ सम्म आयोजना भएका तीनवटा विश्वकप बहिष्कार गऱ्यो। सन् १९५८ र १९६२ को विश्वकप फुटबलको फाइनलमा पहिलो चरणबाटै घर फर्किएको अर्जेन्टिनाले इङ्ल्यान्डले सन् १९६६ मा आयोजना गरेको विश्वकपमा आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याएको थियो। सन् १९७० मा मेक्सिकोले आयोजना गरेको विश्वकपमा छनौट हुन नसकेको अर्जेन्टिनाले सन् १९७८ मा नेदरल्यान्डलाई अतिरिक्त समयमा १ का विरुद्ध ३ गोलले पराजित गर्दै पहिलो पटक विश्वविजेता हुन सफल भयो। १९८२ को विश्वकपमा दोस्रो चरणबाट बाहिरिएको अर्जेन्टिना सन् १९८६ मा मेक्सिकोले आयोजना गरेको विश्वकपको फाइनलमा जर्मनीलाई रोमाञ्चक खेलमा पराजित गर्दै दोस्रो पटक विजेता बन्यो। आफ्नो उपाधिको रक्षा गर्न सन् १९९० को विश्वकपमा उत्रिएको अर्जेन्टिनालाई फाइनलमा जर्मनीले शून्यका विरुद्ध १ गोलले पराजित गरेको थियो।

सन् १९९४ को विश्वकपमा दोस्रो चरणबाटै घर फर्किएको अर्जेन्टिना १९९८ को फ्रान्स विश्वकपमा क्वाटरफाइनलबाटै बाहिरिएको थियो। सन् २००२ को विश्वकपमा अर्जेटिना पहिलो चरणबाटै बाहिरियो भने सन् २००६ को जर्मनी विश्वकपमा क्वाटरफाइनलसम्म पुग्यो।

सन् १९८६ मा अर्जेन्टिनाले विश्वकप जित्दा महत्त्वपूर्ण खेलाडीका रूपमा रहेका डिएगो म्याराडोनाले प्रशिक्षण सम्हालेको अर्जेन्टिना एक समय छनौट चरण पार गर्ने स्थितिमै थिएन। तर अन्त्यमा अर्जेन्टिनाले पेरु र उरुग्वेलाई पराजित गरेर दक्षिण अमेरिकी महादेशबाट चौथो भएर छनौट हुन सफल भयो। विश्वकपको समूह 'बी' मा परेको अर्जेन्टिनाको समूहमा नाइजेरिया, दक्षिण कोरिया र ग्रीस छन्।

## उरुग्वे

उरुग्वे विश्वकप फुटबलको पहिलो आयोजक मात्र नभएर विश्वकप फुटबल जित्ने पहिलो राष्ट्र पनि हो। सन् १९३० मा पहिलो विश्वकप फुटबल आयोजना गर्दा १३ टिमले मात्र सहभागिता जनाएका थिए। यो विश्वकपमा उरुग्वे एक खेलमा पनि पराजित नभै उपाधि विजेता बनेको थियो। फाइनलमा उरुग्वेले अर्जेन्टिनालाई २ का विरुद्ध ४ गोलले पराजित गरेर पहिलो विजेताको श्रेय पाएको थियो। सन् १९३४ को विश्वकप बहिष्कार गरेको उरुग्वे सन् १९३८ को विश्वकप फाइनलमा छनौट हुन सकेन। सन् १९५० मा ब्राजिलले आयोजना गरेको विश्वकपको फाइनल चरणमा समूह 'डी' मा परेको उरुग्वेले बोलिभियालाई शून्यका विरुद्ध ८ गोलले पराजित गरेको थियो। यो समूहमा रहेका स्कटल्यान्ड र टर्कीले अन्तिम समयमा खेल बहिस्कार गरेपछि उरुग्वे फाइनल चरणमा प्रवेश गरेको थियो। लिगको आधारमा खेलाइएको फाइनल चरणमा उरुग्वे स्पेनसँग २-२ गोलको बराबरीमा रहे पनि स्वीडेनलाई २ का विरुद्ध ३ गोलले पराजित गरेको थियो। अन्तिम खेलमा उरुग्वेले ब्राजिललाई उसको गृहमैदानमा १ का विरुद्ध २ गोलले पराजित गरेर दोस्रो पटक विश्व विजेता बनेको थियो।

विश्व विजेता रहेको उरुग्वे सन् १९५४ मा स्वीजरल्यान्डले आयोजना गरेको विश्वकपमा सेमिफाइनलसम्म पुगेर चौथो स्थानमै चित्त बुझाएको थियो। सन् १९५८ को विश्वकपमा छनौट हुन नसकेको उरुग्वेले त्यसपछिका चारवटा विश्वकपको फाइनलमा आफ्नो उपस्थिति देखायो। सन् १९६२ विश्वकपमा पहिलो चरणबाट बाहिरिए पनि सन् १९६६ मा क्वाटरफाइनल र सन् १९७० मा सेमिफाइनलसम्मको यात्रा गर्न सफल भयो। सन् १९७४ मा जर्मनी विश्वकपमा भने पुनः पहिलो चरणबाटै घर फर्कियो। खस्किँदो फुटबलको स्तरका कारण उरुग्वेले त्यसपछि आयोजना भएका दुई संस्करणका विश्वकपको फाइनल चरणमा आफूलाई छनौट गराउन सकेन। त्यसपछि आयोजना भएका छवटा विश्वकपमा उरुग्वेले आफूलाई तीन पटक मात्र फाइनल चरणमा उपस्थित गराउन सफल भयो, जसमा उरुग्वेले दोस्रो चरणसमेत पार गर्न सकेन।

दक्षिण अमेरिकी महादेशको छनौट चरणमा पाँचौं स्थानमा रहेको उरुग्वेले उत्तर अमेरिकी महादेशको चौथो हुने टिम कोस्टारिकाविरुद्ध जित हात पारेर यो वर्ष आयोजना हुन लागेको विश्वकपको सिट सुरक्षित गर्न सफल भएको हो। होम एन्ड अवेका आधारमा भएको दुई लेगको पहिलो खेलमा उरुग्वेले शून्यका विरुद्ध १ गोलको जित हात पारेको थियो भने दोस्रो लेगमा १-१ गोलको बराबरीमा खेल समाप्त गर्दै छनौट भएको थियो। आगामी विश्वकपमा उरुग्वे समूह 'ए' मा परेको छ। यो समूहमा आयोजक दक्षिण अफ्रिकालगायत मेक्सिको र फ्रान्स रहेका कारण उरुग्वे सम्भवतः पहिलो चरणबाट घर फर्किने राष्ट्रमा पर्ने देखिन्छ।




# लिटिल लेडी क्यापिटल २०१०



**साप्ताहिक समाचार**

काठमाडौं– ५ देखि १३ वर्ष उमेर समूहका बालिकाहरूबीचको सौन्दर्य तथा प्रतिभा प्रदर्शन गर्ने प्रतियोगिता गत शनिबार सम्पन्न भएको छ । यसअघि बालक तथा बालिकालाई एउटै प्रतियोगितामा सहभागी गराउने परम्पराविपरीत 'लिटिल लेडी क्यापिटल- २०१०' मा बालिकाहरूबीच मात्र प्रतिस्पर्धा गराइएको थियो । प्रतियोगितामा राजधानीका विभिन्न स्कुलमा अध्ययनरत ५३ बालिका सहभागी थिए ।

काष्ठमण्डप कल्चर ग्रुपले आयोजना गरेको यो रमाइलो प्रतियोगिताका सहभागीलाई उमेर समूहका आधारमा तीन बेग्लाबेग्लै समूहमा विभाजन गरिएको थियो । ५ देखि ८ वर्ष उमेरका बालिकालाई समूह 'ए' मा, ८ देखि १० वर्ष उमेरका बालिकालाई समूह 'बी' मा राखिएको थियो । समूह 'सी' मा १० देखि १३ वर्ष उमेर समूहका बालिकाहरू सहभागी थिए । विभिन्न उमेर समूहका बालिकाहरूलाई एउटै समूहमा राख्दा निर्णायकलाई विजेता छनौट गर्न गाह्रो पर्ने भएकाले उनीहरूलाई तीन समूहमा वर्गीकरण गरिएको थियो ।

झन्डै पाँच घण्टा लामो कार्यक्रमलाई विभिन्न पाँच सिक्वेन्समा विभाजन गरिएको थियो । इभिनिङ गाउनमा सजिएर परिचय दिने क्रममा सहभागी सबै बालिकाले आफ्नो रुचि तथा भविष्यको लक्ष्यका बारेमा जानकारी गराएका थिए । त्यसपछिको सिक्वेन्समा बालिकाहरूले कल्चरल ड्रेस प्रदर्शन गरेका थिए । जसअन्तर्गत उनीहरूले विभिन्न संस्कृति झल्कने पहिरन प्रदर्शन गरे । त्यसपछिको सिक्वेन्स बेस्ट ड्रेसको थियो । यो सिक्वेन्समा भने उनीहरूले आफ्नो रोजाइको पहिरन प्रदर्शन गरे । त्यसपछिको सिक्वेन्समा टप टेन तथा निर्णायक चरणका लागि टप फाइभ सहभागीको छनौट गरिएको थियो ।

बिक्की खड्गीद्वारा कोरियोग्राफी गरिएको प्रतियोगितामा समूह 'ए' बाट सप्रिम गुरुङले लिटिल लेडी क्यापिटलको मुकुट पहिरिन सफल भइन् । याना पौडेल तथा विविका कटुवालले क्रमशः फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअपको मुकुट पहिरिए । समूह 'बी' तर्फ आध्याबाला केसी विजेता बनिन् । सञ्जीवनी वैद्य तथा रिद्धि जैन क्रमशः फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअप घोषित भए । समूह 'सी'मा सलिना श्रेष्ठले लिटिल लेडी क्यापिटलको मुकुट पहिरिइन् । आयुशा श्रेष्ठ तथा अनिता अधिकारीले फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअपको उपाधि जिते । प्रतियोगितामा तीनै समूहबाट क्रमशः सेरेना गुरागाईं, संस्कृति विष्ट तथा आश्मा थापाले मिस ट्यालेन्टको उपाधि जिते ।

# टिप्सीमा पापाराजी

**साप्ताहिक समाचार**

काठमाडौं- दीपक बज्राचार्य स्कच चढाउँदै थिए । सुनिल बर्देवा पनि क्यान बियरको चुस्की लिँदै थिए । आरजे तथा भिजे सुमित सिग्देललाई पनि बियर नै मन परेको थियो । कान्तिपुर एफएमका प्रसन स्याङ्देनले त्यो माहौलमा कफी अर्डर गरे । उनका दाइ आशिष स्याङ्देनले भने आउनेबित्तिकै स्कचमै रुचि देखाए । साइबरसंसार डटकमका अभिनव र दीपंकर कसजु 'भोड्का विद स्प्राइट' पिउन मग्न थिए । निमा रुम्बाले कालो चिया अर्डर गरे । 'यो मेरो एपाटाइजर हो, एकै छिनमा पिउन थाल्छु,' त्यसो भनेपछि उनले वेटरलाई भने- 'एक बोतल कार्ल्सवर्ग प्लिज ।'

सुगम पोखरेल आएर कोक पिउने चाहना व्यक्त गरे । अस्ट्रेलियाको झन्डा अंकित क्याप लगाएका गायक तथा संगीतकार जेम्स प्रधानको आगमन भयो । उनले 'स्कच विद कोक'को चुस्की लिनमा आनन्द पाए । हास्यकलाकार निर्मल शर्मा, सुरसुधाका तबलावादक सुरेन्द्र श्रेष्ठ, इमेज च्यानलका सहेन्द्र श्रेष्ठ, लव कार्की, छायांकार विदुर पाण्डे, भिजुअल एडिटर प्रकाश तुलाधरलगायतका अनेकौं चर्चित



व्यक्तित्वको उपस्थितिले गीतकार नरेशदेव पन्त दंग परिरहेका थिए, किनकि उनी नै थिए उक्त जमघटको मूल आयोजक ।

'यो बेला कसैले तस्बिर खिच्यो भने त्यो पापाराजी हुन्छ,' भिजे सुमित सिग्देलले जिस्कँदै भने । वास्तवमा गीतकार पन्तले दरबारमार्गमा सञ्चालनमा ल्याएको 'टिप्सी लञ्ज एन्ड बार'को औपचारिक उद्घाटनमा आमन्त्रित कलाकारहरू रमाएका थिए । म्युजिक र मस्तीको अवधारणामा सञ्चालित उक्त लञ्जमा एक दिन बिराएर डिजे सेसन, लाइभ ब्यान्ड, सुफी आदि प्रस्तुत गरिने सञ्चालक पन्तले साप्ताहिकलाई बताए ।


Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की) Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

Real-Life SPOKEN ENGLISH
Real Life Accent | Fluency | Accuracy
अंग्रेजी भाषा प्रशिक्षणमा लामो अनुभवि शिक्षकशिक्षिकाद्वारा तयार पारिएको Course Syllabus जसमा वास्तविक जीवनमा प्रयोग हुने बोलीचालीको भाषालाई बढि प्राथमिकता दिइएको छ । यो कोर्ष ४८ घण्टाको हुनेछ ।
(Free: Books, CDs, Handouts. Audio-Visual and Internet facility)
STUDY ABROAD
UK, USA, Canada, Australia, Cyprus, New Zealand, Switzerland, Japan, Malaysia, Singapore & More
TESTS PREPARATION
IELTS, TOEFL, SAT, GRE, GMAT
(Free: Books, CDs, and Internet facility)
Attractive Discount Scheme
FOCUS Education & Consultants
Focused on students success
Putalisadak (Way to Dillibazar), Kathmandu
Tel: 4421637, 4421868
E-mail: info@focusedu.com.np, focusedu@wlink.com.np
www.focusedu.com.np

काठमाडौं, कुमारीपाटी र भारत सिलिगुडीको भव्य सफलतापछि
अब तपाईंको शहर धरानमा
NEELDAVID's HAIR SALON & Training Institute
For Ladies & Gents
काठमाडौं मल, कुमारीपाटी, सिलिगुडी पछि नेपालका चर्चित Hair Stylist Neeldavid Katwal को अत्याधुनिक Hair Salon अब धरानमा पनि ।
1 Month, 3 months & 6 months Advance Hair, Beauty and Make up Course
विदेश जानको लागि Short term Special Course
प्रत्येक वर्ष Neeldavid Hair Salon बाट तालिम प्राप्त विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराएर सर्वोत्कृष्ट प्रतिभा छनौट गर्ने ।
Contact:
Neeldavid's Hair Salon & Academy
Head Office: Kathmandu mall 1st, 4th & 5th floor.
Sundhara, Ph: 01-4150058, 01-2004543
Dharan, Mahendrapath (Near Bara Jewellers)
Ph: 9807928905, 9722549427
Kumaripati, Ph: 9841678166, 9841858050
Siliguri, India: 0091-353-6501954

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक (अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

यौन शक्ति
जस्तो सुकै यौन दुर्वलता र कमजोरीका लागि
Herbal Levitra प्रेसर र सुगर हुनेलाई पनि उपयुक्त
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
शीघ्रपतनका लागि Dr. Power Gel
जाँड-रक्सीको कुलत छुटाउन
मोटोपना घटाउन/तौल बढाउन
(३ मिनेटमा ५ ईन्च सम्म पेट, हिप र थाई घटाउन)
कपाल सम्बन्धि सम्पूर्ण उपचार
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result
Helpline: 4672065, 2084130, 9851034690

ब्यूटीसियन तालिममा निःशुल्क भर्ना खुल्यो
बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षाका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
*********************************
नोटः यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

फोटोग्राफी/भिडियोग्राफी
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिट्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▸ कुक १½ महिना रू. २७००/-
▸ कुक ३ महिना रू. ३७००/-
▸ वेटर र बारमेन रू. १३००/-
▸ कफिमेकर रू. ३०००/-
वेटर+बारमेन+कफिमेकर टिचर तुरुन्त चाहियो ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, बारमेन, होटल सुपरभाइजर, क्याप्टेन, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
*Ex-practical को लागि होटलहरुमा पठाईने ।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम तथा रोजगारी विकास
फोटोग्राफी भिडियोग्राफी
महिला तथा विद्यार्थीहरुका लागि ५०% छुट
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
४४४३३१९, ९८४१-३२२७७७

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरुन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046, 01-5550195
Mo:9851112675
शाखा कार्यालय बनेपा

खुम्जुङ्ग होटेलतालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/ चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ
4240199, 016226791, 9841578724


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।